## अध्याय एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

सङ्कथन भाषाको सबैभन्दा माथिल्लो एकाइ हो । प्रस्तुत अध्ययन प्रेमा शाहद्वारा लिखित 'पहेंलो गुलाफ' कथाको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ । सङ्कथन भाषाको माथिल्लो र सिङ्गो अभिव्यक्तिगत एकाइ हो । यही सिङ्गो भाषिक अभिव्यक्तिका रूपमा रहने भाषिक एकाइको भाषा वैज्ञानिक तवरले अध्ययन गर्ने प्रायोगिक भाषा विज्ञानको नवीनतम् शाखाका रूपमा विकसित सिद्धान्त नै सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषणले भाषाको विस्तारित रूपको अध्ययन गर्दछ । यसको अध्ययन सैद्धान्तिक र प्रायोगिक गरी दुई प्रकारबाट गर्न सकिन्छ ।

भाषाको सिद्धान्तमा आधारित रहेर गरिने अध्ययन सैद्धान्तिक अध्ययन हो भने भाषाको व्यवहारिक प्रयोजनमा आधारित रहेर गरिने अध्ययन प्रायोगिक अध्ययन हो । यही प्रायोगिक भाषा विज्ञानका विविध शाखाहरूमध्ये सङ्कथन विश्लेषण पनि एउटा मुख्य शाखा हो । वाक्यभन्दा माथिल्लो एकाइ नै सङ्कथन हो । सङ्कथनलाई पूर्ण भाषिक एकाइका रूपमा लिने गरिन्छ । सङ्कथन कथ्य र लेख्य गरी दुई प्रकारको हुन्छ कुराकानी, छलफल, संवाद, वादविवाद, आदि कथ्य सङ्कथन हो भने कथा, कविता, उपन्यास, दैनिकी, टिप्पणी आदि लेख्य सङ्कथन हुन् । जे होस् वाक्यभन्दा माथिल्लो आफैंमा पूर्ण भाषिक एकाइलाई नै सङ्कथन भनिन्छ । यसलाई पूर्ण वा सिङ्गो भाषिक अभिव्यक्तिका रूपमा लिइन्छ । सङ्कथनको स्वरूपअनुसार सङ्कथनको विश्लेषण गरिन्छ ।

लेखहरू सङ्कथन र सम्पादनबाट सङ्कथन तयार भएको हुन्छ । सङ्कथन विश्लेषण गर्ने आधार भनेको सङ्कथन कुन मान्यतामा निर्माण भएको हो भन्ने नै हो । सङ्कथन बन्नका लागि आवश्यक पर्ने तत्त्वहरू सङ्कथनमा छ कि छैनन् भनी सङ्कथन विश्लेषण गरिन्छ । यसरी विश्लेषण गर्ने आधारहरू भिन्न भिन्न हुन्छन् । सङ्कथन विश्लेषण दुई आधारमा गर्न सकिन्छ : कथ्य र लेख्य । यी दुई सङ्कथनलाई विश्लेषण गर्ने आधार पनि भिन्न भिन्न हुन्छ । कथ्य सङ्कथनको तुलनामा लेख्य सङ्कथनको विश्लेषण गर्न केही सहज हुन्छ । कथ्य सङ्कथनमा लिखित सामग्रीको अभाव रहने हुँदा विश्लेषण गर्न जटिल

हुन्छ । यसरी हेर्दा प्रायोगिक भाषा विज्ञानको एउटा महत्त्वपूर्ण शाखा सङ्कथन विश्लेषण हो । सङ्कथन बन्नका लागि आवश्यक पर्ने युक्तिहरू सङ्कथनमा छन् कि छैनन् भनी अध्ययन विश्लेषण गर्नु नै सङ्कथन विश्लेषण हो ।

सङ्कथन विश्लेषणका लागि सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धन हुन् । कुनै पनि पाठ वा सङ्कथन पूर्ण हुनका लागि उक्त पाठ वा सङ्कथनमा भएका सङ्कथनात्मक युक्ति सम्बद्धक र सम्बद्धन एक आपसमा संयोजन भएको हुनुपर्दछ । प्रस्तुत शोधकार्य प्रेमा शाहद्वारा लिखित 'पहेंलो गुलाफ' कथाको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । उक्त कथामा प्रयुक्त सङ्कथनात्मक युक्ति (सम्बद्धक र सम्बद्धन) के कसरी प्रयोग भएको छ भनी विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार केलाई 'पहेंलो गुलाफ' कथामा रहेका सम्बद्धक र सम्बद्धनको भूमिका केलाउनु नै अध्ययनको मूल समस्या हो । यसलाई निम्नलिखित शोध प्रश्नद्वारा थप प्रस्ट पारिएको छ :

(क) 'पहेंलो गुलाफ' कथामा के कस्ता सम्बद्धकहरूको प्रयोग भएको छ ?

(ख) 'पहेंलो गुलाफ' कथामा के कस्ता सम्बद्धनहरूहरूको प्रयोग भएको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

(क) 'पहेंलो गुलाफ' कथामा रहेका सम्बद्धकहरूको पहिचान गर्नु,

(ख) 'पहेंलो गुलाफ' कथामा रहेका सम्बद्धनहरूको पहिचान गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

प्रायोगिक भाषाविज्ञानअन्तर्गत पर्ने सङ्कथन विश्लेषण एउटा नवीनतम शाखा हो । सङ्कथन विश्लेषणको सान्दर्भिकता र उपादेयता अनुसन्धानका क्रममा अनुसन्धातालाई सङ्कथन विश्लेषणका लागि एउटा ठोस सैद्धान्तिक आधार तयार गर्दै यससँग सम्बन्धित भएर गरिने पछिल्लो अध्ययनलाई समेत मार्ग निर्देशन गर्न सहयोग गर्दछ । यस

शोधकार्यबाट सङ्कथन विश्लेषणको क्षेत्रमा रूचि राख्ने जो कोहीलाई पनि यस विश्लेषणका बारेमा बुझ्न, अध्ययन विश्लेषण गर्न सहयोग पुग्ने छ। यसका साथसाथै विभिन्न लेखहरूमा उचित सम्बद्धक र सम्बद्धनको प्रयोग गरी सही ढङ्गले भएको छ कि छैन भन्ने कुराहरूको जानकारी प्रदान गर्नका लागि पनि अध्ययनको सान्दर्भिकता र उपादेयता रहेको हुन्छ । विभिन्न लेखहरूमा उचित सम्बद्धक र सम्बद्धनको प्रयोग गर्न लेखक वर्गहरूलाई पनि यसले मार्गनिर्देश गर्न मद्दत गर्दछ ।

प्रस्तुत अध्ययनले 'पहेंलो गुलाफ' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्दै सैद्धान्तिक आधारको निरूपण गर्नेछ । यस प्रकार प्रस्तुत शोधकार्य सङ्कथन विश्लेषणलाई सैद्धान्तिक आधार तयार गर्न तथा सोही सिद्धान्तका आधारमा कृति विश्लेषण गर्न सघाउ पुऱ्याउने छ ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोध अध्ययनका पनि निश्चित सीमाहरू रहेका छन् । जसलाई निम्नानुसार तल सीमा निर्धारण गरी अध्ययन गरिएको छ :

(क) प्रस्तुत शोधपत्र प्रेमा शाहद्वारा लिखित 'पहेंलो गुलाफ' कथाको विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोधपत्रलाई 'पहेंलो गुलाफ' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गर्नुमा मात्र सीमित गरिएको छ ।

(ग) प्रस्तुत शोधपत्र भाषाका विभिन्न घटकहरूमध्येको एउटा घटक सङ्कथनको विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा सम्बन्धित विषयका बारेमा यसअघि सम्पन्न गरिएका कार्यको व्यवस्थित रूपले अध्ययन गरी ती सबै कार्यको समीक्षा गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । अध्ययन, विश्लेषण र अनुसन्धान गर्नुभन्दा पहिले त्यससम्बन्धी पुस्तक, शोध, पत्रपत्रिका आदिको अध्ययन गर्नु आवश्यक हुन्छ । पूर्वकार्यको अध्ययनपछि मात्र आफ्नो कार्यबारे पहिचान गर्न सकिन्छ । त्यसैगरी यसअघि भएका सङ्कथन विश्लेषणसम्बन्धी पुस्तक, शोधपत्र र लेखहरूलाई समेत पूर्वकार्यको समीक्षाको रूपमा लिइएको छ । पूर्वकार्यको समीक्षाबाट अनुसन्धानलाई अनुसन्धेय विषयको पुनरावृत्ति हुनबाट जोगाउँछ र त्यस विषयमा हुन बाँकी कमीकमजोरीको जानकारी पनि दिँदै त्यसभन्दा अगाडि भएका कमीकमजोरीलाई सुधार गर्ने अवसर प्रदान गर्दछ । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन मद्दत गर्दछ । अतः अनुसन्धानमा पूर्वकार्यको समीक्षा महत्त्वपूर्ण छ । विभिन्न विद्वान्हरूले अनुसन्धानसँग सम्बन्धित भएर गरेका अध्ययन अनुसन्धानलाई यहाँ पूर्वकार्यको समीक्षाको रूपमा लिइएको छ । त्यसलाई पनि पुस्तक समीक्षा र शोध समीक्षा भनी उल्लेख गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तक समीक्षा

प्रस्तुत शोधकार्यसँग सम्बन्धित पुस्तकहरू धेरै भए पनि सम्भव भएसम्मका केही पुस्तकहरूको समीक्षालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

ह्यारिस (१९५२) द्वारा सर्वप्रथम सङ्कथन विश्लेषण भन्ने शब्द एउटा लेखमार्फत् 'विस्तारित पाठहरूमा भाषा तत्त्वहरूको वितरणबारे' चर्चा गरेको देखिन्छ । उनले यसमा हेयर टनिकको विज्ञापनको भाषालाई उदाहरणका रूपमा विश्लेषण गरेर सङ्कथनमा पनि वाक्य व्याकरण विस्तारित भएको देखाएका छन् । त्यसकारण यसले सैद्धान्तिक अध्ययनमा सहयोग पुऱ्याएको छ ।

लङ्म्यान डिक्सनरी अफ ल्याङ्ग्वेज टिचिङ एण्ड एप्लाइट लिङ्ग्विस्टिक्स (सन् १९९९) द्वारा 'प्रायोगिक भाषा विज्ञान' पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा परिभााषित गरिएको छ । यसमा सङ्कथन भनेको कुनै सम्प्रेषणात्मक कार्यका लागि उत्पादित भाषागत परिणामलाई बुझाउने भाषिक प्रयोग उदाहरणका निम्ति प्रयुक्त हुने युक्ति हो भन्ने कुरा उल्लेख गरिएको छ । त्यस पूर्व अध्ययनले पनि सैद्धान्तिक पक्षमा नै सघाएको छ ।

भट्टराई (२०६२) द्वारा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट प्रकाशित हुने वार्षिक पत्रिका सम्प्रेषण अङ्क २ मा 'सङ्कथन विश्लेषण एक प्रारम्भिक परिचय' भन्ने लेखमा सङ्कथनको बारेमा प्रष्ट पारिएको छ । सैद्धान्तिक अध्ययनमा जोड दिइएको उक्त लेखमा धेरै वाक्यहरूले बनेको भाषाको विधान नै सङ्कथन हो, जसलाई विचारका आधारमा जोडेर बुझ्न वा अर्थ लगाउन सकिन्छ भनिएको छ । साथै उक्त लेखमा ह्यालिडेले वर्गीकरण गरेको सम्बद्धनका प्रकार र सिङ्क्लेयरले प्रस्तुत गरेको संवादका पाँच तहको परिचय दिइएको छ । त्यही सोही विभागबाट प्रकाशित हुने सम्प्रेषणको पाँचौ अङ्कमा सङ्कथन विश्लेषणका प्रारम्भिक आधार शीर्षका लेख प्रकाशित गरी पाठका प्रकार, वाक्य व्याकरण र सङ्कथनमा रहेका भिन्नता, सङ्कथनमा सन्दर्भको महत्त्व आदिका बारेमा चर्चा गरेका छन् । प्रस्तुत पूर्व अध्ययनले पनि उक्त शोधको सैद्धान्तिक अध्ययनमा सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६७) द्वारा 'सामाजिक र प्रायोगिक भाषाविज्ञान' नामक पुस्तक तयार पारिएको पाइन्छ । उक्त पुस्तकमा सङ्कथन विश्लेषणको परिचय, विकासक्रम, महत्त्व, प्रकार, युक्तिहरू तथा तत्त्वहरू जस्ता पक्षहरूको उल्लेख गरिएको छ । यसले सैद्धान्तिक पक्षमा जोड दिँदै सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनको परिचय दिई तीनका प्रकारको समेत चर्चा गरिएको छ । यसका साथसाथै भाषा शिक्षणमा यसको महत्त्वसमेत उल्लेख गरिएको छ । प्रस्तुत पूर्व अध्ययनले उक्त शोधको सैद्धान्तिक अध्ययनमा सहयोग पुऱ्याएको छ ।

भण्डारी र अन्य (२०६८) द्वारा 'प्रायोगिक भाषा विज्ञान' मा भाषाको विस्तारित रूपको अध्ययन गर्ने पद्धति सङ्कथन विश्लेषण हो भन्ने कुरा दर्साउँदै सम्प्रेषणात्मक घटनामा आफ्नो विश्लेषणको पक्ष बनाएको पाइन्छ । सङ्कथन विश्लेषणले वाक्यभन्दा माथिल्लो भाषिक एकाइको वैज्ञानिक पद्धतिबाट अध्ययन विश्लेषण गर्दछ र सङ्कथन विश्लेषण पदावलीले कथ्य पाठ र लेख्य पाठ दुवैको विश्लेषणलाई जनाउँदछ । यसरी कथ्य र लेख्य दुवै

सङ्कथनमा पाइने शब्द र वाक्यभन्दा माथि रहेर सिङ्गो भाषिक फैलावट वा समग्र अभिव्यक्तिको विश्लेषण गर्नु रहेको छ । जे भए पनि सङ्कथन विश्लेषण गर्दा सर्वप्रथम पाठ निर्माणमा प्रयोग भएका वाक्यको संरचनामा रहेका शब्दभण्डार र व्याकरणलाई बुझ्न आवश्यक रहेको कुरा उल्लेख गरिएको छ । यस पूर्व अध्ययनले पनि सैद्धान्तिक पक्षमा नै सहयोग पुऱ्याएको छ ।

पौडेल (२०६९) द्वारा 'प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू' नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा वाक्यभन्दा माथिल्लो सिङ्गो अभिव्यक्तिगत भाषिक एकाइ नै सङ्कथन हो भनी चिनाएका छन् । सङ्कथनले भाषाको स्वतन्त्र प्रयोग र सिङ्गो अभिव्यक्तिगत घटकलाई जनाउँछ भनी उल्लेख गरिनुका साथै लेख्य र कथ्य सङ्कथन गरी सङ्कथनलाई दुई भागमा बाँडेका छन् । मानवीय अनुभवलाई भाषाको उपयुक्त एकाइमा उन्ने वा अन्वितिपूर्ण बनाउने कार्य सम्बद्धक र सम्बद्धनले गर्ने भनी चिनाएका छन् । यस पूर्व अध्ययनले पनि शोधकार्यको सैद्धान्तिक पक्षमा सहयोग पुऱ्याएको छ ।

### २.१.२ शोध समीक्षा

गौतम (२०६४) द्वारा 'चिलाउने चौरमा पलाएको 'मृगतृष्णा' निबन्धको सङ्कथनात्मक विश्लेषण' गरिएको छ । उक्त अध्ययनमा सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धनको भूमिका के कस्तो हुन्छ पत्ता लगाउनु, उक्त भूमिकाका आधारमा निर्धारित निबन्धको सङ्कथन विश्लेषण गर्नेजस्ता उद्देश्य निर्धारण गरी ह्यालिडे र हड्सनले प्रस्तुत गरेका धारणाका नजिक रहेर अध्ययन गरिएको पाइन्छ । यस शोधकार्यमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी उक्त निबन्धमा २२ प्रकारको सम्बद्धन र १७ प्रकारका सम्बद्धकहरूको प्रयोग गरिएको निष्कर्ष यस शोधकार्यमा निकालिएको छ । तर अनुच्छेदका बीचमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको अध्ययन भने गरिएको पाइँदैन । सम्बन्धित सामग्रीले शोध लेखनमा निकै सहयोग पुऱ्याएको छ ।

आचार्य (२०६५) द्वारा 'कक्षा दशको नेपाली किताबमा रहेका कथाको सङ्कथन विश्लेषण' शीर्षकअन्तर्गत सङ्कथनको सैद्धान्तिक आधार प्रस्तुत गर्दै कक्षा दशका कथामा प्रयुक्त कथाहरूको सङ्कथनमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान वर्गीकरण र तीनको स्थिति केलाउने उद्देश्य राखी पुस्तकालयीय र विश्लेषणात्मक विधिद्वारा सङ्कथनका

युक्तिहरूका बीचको अर्न्तसम्बन्ध देखाउनु नै यस पूर्वअध्ययनको निष्कर्ष भएको पाइन्छ । यस पूर्वकार्यको समीक्षाले शोधकार्यको सैद्धान्तिक र प्रायोगिक दुवै पक्षमा सहयोग पुऱ्याएको छ ।

बस्नेत (२०६७) द्वारा 'कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको सङ्कथनात्मक अध्ययन' गरिएको छ । यस अध्ययनमा भविष्य निर्माण र खड्ग बहादुर कथामा प्रयुक्त सम्बद्धन र सम्बद्धकको विश्लेषणात्मक अध्ययन गरिएको छ । सङ्कथन विश्लेषणका सैद्धान्तिक आधारहरूको पुनरावलोकन गर्नु, कक्षा नौ को अनिवार्य नेपाली पाठ्यपुस्तकको कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको स्थितिको पहिचान गर्नुजस्ता उद्देश्यहरू राखिएको छ । वर्णनात्मक विधिमा आधारित रहेर सम्बद्धकका ११ भेद र सम्बद्धनका २३ भेद रहेको निष्कर्ष यस शोधपत्रमा निकालिएको छ । सम्बद्धनका दृष्टिले उपयुक्त रहेको भविष्य निर्माणमा १६ प्रकारका र खड्गबहादुर कथामा २० प्रकारका सम्बद्धनहरूको प्रयोग गरिएको निष्कर्ष निकालिएको हुँदा यस शोधकार्यले प्रस्तुत शोधकार्यमा गरिने सङ्कथन विश्लेषणका लागि धेरथोर रूपमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

ढकाल (२०६७) द्वारा 'मधेसतिर' कथाको सङ्कथन विश्लेषण' शीर्षकमा नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश प्रयोजनका लागि शोधपत्र तयार भएको पाइन्छ । यसमा सङ्कथन विश्लेषणका आधारहरू तयार पार्नु, मधेसतिर कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको पहिचान गरी तीनको स्थिति केलाउनुजस्ता उद्देश्यहरू निर्धारण गरिएको पाइन्छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी पाँच अध्यायमा शोधपत्र तयार पारेको पाइन्छ । उक्त शोधपत्रमा सङ्कथनात्मक दृष्टिले मधेसतिर कथा उपयुक्त रहेको सङ्ख्यात्मक रूपमा सबैभन्दा बढी पुनरावृत्ति सम्बद्धनको प्रयोग भएको र सबैभन्दा कम चाहिँ समावेशात्मक र सन्निधान सम्बद्धनतर्फ कार्यकारण सम्बद्धन बढी प्रयोग भएको र पुनरावृत्ति सम्बद्धनको प्रयोग कम भएको निष्कर्ष निकालिएको छ । साथै सङ्कथन विश्लेषणका दृष्टिले उक्त कथा उपयुक्त रहेको कुरासमेत उल्लेख गरिएको छ । कथाकै सङ्कथन विश्लेषणमा गरिएको यस शोधकार्यले प्रस्तुत शोधकार्यमा गरिने सङ्कथन विश्लेषणका लागि धेरथोर रूपमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

भण्डारी (२०६८) द्वारा 'केही राष्ट्रिय रोग' एक अनुसन्धान निबन्धको सङ्कथनपरक विश्लेषण गरिएको छ । उक्त शोधकार्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तय गर्नु,

केही राष्ट्रिय रोगः एक अनुसन्धान निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी तीनको स्थिति केलाउनु, सम्बद्धक र सम्बद्धनका दृष्टिले निबन्धको उपयुक्तता केलाउनुजस्ता उद्देश्यहरू निर्धारण गरी शोधपत्र तयार पारेको पाइन्छ । पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी अध्ययन गरिएको उक्त शोधपत्र सङ्कथनात्मक दृष्टिले केही राष्ट्रिय रोगः एक अनुसन्धान निबन्ध उपयुक्त रहेको, स्पष्टोक्ति, परिचयात्मक, तुलनात्मक, रितिबोधक, कारण कार्य सम्बद्धनको प्रयोग अत्यधिक मात्रमा भएको, प्रभाव र प्रतिफलको सम्बन्ध, पुनरूक्ति सम्बन्ध, आर्थी विपर्यायको सम्बन्धजस्ता सम्बद्धनको प्रयोग अत्यन्त न्यून रूपमा भएको निष्कर्ष निकालिएको छ । यो पूर्वकार्य नेपाली पाठ्यपुस्तकका कथाको सङ्कथन विश्लेषणतर्फ उन्मुख छैन । यति भएर पनि यस पूर्वकार्यले प्रस्तुत शोधकार्यअन्तर्गत सङ्कथन विश्लेषणको प्रयोग पक्षमा सहयोग पुऱ्याएको छ ।

भट्टराई (२०६८) द्वारा 'परालको आगो कथाको सङ्कथन विश्लेषण' शीर्षकमा शोधकार्य भएको छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्नु, परालको आगो कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको पहिचान गरी तीनको स्थिति केलाउनु, सम्बद्धक र सम्बद्धनका दृष्टिले परालको आगो कथाको उपयुक्त निर्क्यौल गर्नुजस्ता उद्देश्य निर्धारण गरिएको पाइन्छ । उक्त शोधकार्यमा 'परालको आगो' प्राथमिक र प्रकाशित अप्रकाशित पुस्तक तथा पत्रपत्रिका र शोधपत्रहरूलाई द्वितीयक स्रोतका सामग्रीको रूपमा लिइएको छ । उक्त शोधकार्यमा सबैभन्दा बढी निपात सम्बद्धकको प्रयोग भएको निष्कर्ष निकालिएको छ । सम्बद्धनतर्फ सबैभन्दा बढी अनुक्रमबोधक र सबैभन्दा कम स्मरण सम्बद्धनको प्रयोग भएको निष्कर्ष निकालिएको पाइन्छ । छ अध्यायमा संरचित उक्त शोधकार्यमा 'परालको आगो' कथा सङ्कथनका दृष्टिले उपयुक्त देखिए पनि एक वाक्यमा आएका एकभन्दा बढी सम्बद्धक र सम्बद्धनको कुनै उल्लेख नगर्नु यस शोधको कमजोर पक्ष मानिन्छ । यति हुँदा हुँदै पनि कथाकै सङ्कथन विश्लेषणमा आधारित उक्त शोधकार्यले शोधमा गरिएको सङ्कथन विश्लेषणका लागि आधार प्रदान गरेको छ ।

पौडेल (२०७०) द्वारा 'एकरात कथाको सङ्कथन विश्लेषण' गरिएको छ । उक्त शोधपत्रमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्नु, एकरात कथामा प्रयुक्त सम्बद्धकको पहिचान गरी तीनको स्थिति केलाउनु, एकरात कथामा प्रयुक्त सम्बद्धनको पहिचान गरी तीनको स्थिति केलाउनु, सम्बद्धक र सम्बद्धनका दृष्टिले उक्त कथाको

उपयुक्तता केलाउनुजस्ता उद्देश्य राखिएको छ । उक्त शोधकार्यका लागि एकरात कथालाई प्राथमिक स्रोत र सम्बन्धित पुस्तकलाई द्वितीयक स्रोतका सामग्रीको रूपमा प्रयोग गरिएको छ । उक्त शोधकार्यमा सार्वनामिक, स्थानिक र कालिकजस्ता सम्बद्धकको प्रयोग अत्यधिक मात्रामा भएको र त्यसको तुलनामा समावेशात्मक, सन्निधानात्मक र विपरितार्थी सम्बद्धकको प्रयोग न्यून भएको निष्कर्ष निकालिएको छ । यस पूर्वकार्यको अध्ययनले पनि प्रस्तुत शोधकार्यको प्रायोगिक पक्षमा सहयोग पुऱ्याउने अपेक्षा गरिन्छ ।

शर्मा (२०७०) द्वारा 'मधुमालतीको कथाको सङ्कथन विश्लेषण' शीर्षकमा शोधकार्य भएको छ । उक्त शोधकार्यमा सङ्कथनको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्नु, कथामा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु, सम्बद्धक र सम्बद्धनका दृष्टिले 'मधुमालतीको कथा' कथाको सङ्कथन विश्लेषण गर्नुजस्ता उद्देश्यहरू निर्धारण गरिएको छ । यस अध्ययनमा मधुमालतीको कथालाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ । सङ्कथनसम्बन्धी लेख, अनुसन्धान कार्यहरू र सम्बन्धित पुस्तकलाई द्वितीयक स्रोतका सामग्रीको रूपमा उपयोग गरिएको छ । पाँच अनुच्छेदमा संरचिय यस शोधपत्रमा सम्बद्धकका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी निपात र प्रथम पुरूषको प्रयोग भएको निष्कर्ष निकालिएको छ । त्यस्तै सम्बद्धनको दृष्टिले सबैभन्दा बढी अनुक्रमबोधक सम्बद्धन रहेको र कुनै कुनै वाक्यमा एक भन्दा बढी सम्बद्धनको उपस्थिति रहेको निष्कर्षसमेत निकालिएको छ । यस पूर्वकार्यले पनि प्रस्तुत शोधकार्यको प्रायोगिक पक्षमा सहयोग पुऱ्याएको छ ।

धानुक (२०७२) द्वारा 'कक्षा आठको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको सङ्कथनात्मक विश्लेषण' शीर्षकमा शोधकार्य भएको छ । उक्त शोधकार्यमा कक्षा आठको नेपाली पाठ्यपुस्तकका कथाहरूमा प्रयुक्त रहेका 'भाग्य', 'मित्रता' र 'एउटा घटना' गरी तीनवटा कथाको सङ्कथन विश्लेषण गर्नु, उक्त कथाको सम्बद्धक र सम्बद्धनमा आधारित सङ्कथन विश्लेषण गर्नुजस्ता उद्देश्यहरू निर्धारण गरिएको छ । यस शोधकार्यमा कक्षा आठको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूलाई प्राथमिक स्रोत र प्रकाशित विभिन्न पुस्तकहरू शोधपत्रहरू, लेखहरू, विज्ञको सल्लाह, सुझाव परामर्श आदिलाई द्वितीयक स्रोतका सामग्रीको रूपमा लिइएको छ । त्यस्तै भाग्य, मित्रता र एउटा घटना कथामा पुरूषवाचक, प्रश्नवाचक, संयोजक निपात, स्थानिक, कालिक, प्रतिस्थापन, आवृत्ति सबै सम्बद्धकहरू धेरै भएको र 'भाग्य' कथा र 'एउटा घटना' कथाहरूमा

आत्मवाची, आवृत्ति, प्रश्नवाचक सम्बद्धकहरू प्रशस्त मात्रामा प्रयोग भएको निष्कर्ष निकालिएको छ । यस पूर्व अध्ययनले पनि प्रस्तुत शोधकार्यमा आंशिक सहयोग पुग्ने अपेक्षा राखेकी छु ।

## २.२ सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा

भाषाको सबैभन्दा माथिल्लो अथवा सिङ्गो अभिव्यक्तिगत एकाइलाई सङ्कथन भनिन्छ । जसको अर्थ अभिव्यक्तिगत समग्रता हो (पौडेल, २०६९ : १५) । गफ, कुराकानी, संवाद, छलफल, अन्तर्वार्ता, विज्ञापन, कथा, कविता, सूचना, लेख, नाटक आदिजस्ता कुराहरू सङ्कथनअन्तर्गत पर्दछन । सङ्कथन विश्लेषण प्रायोगिक भाषा विज्ञानका विविध शाखाहरूमध्ये अपेक्षाकृत नवीन शाखा हो । यसमा भाषा प्रयोगका क्षेत्रमा देखिने अनियमितता र नियमितताहरूको पहिचान र वर्णन गरिन्छ । त्यसैले यो व्याकरण भन्दा माथिको कुरा हो । सङ्कथन विश्लेषणको आधारमा भाषिक पाठ वा अभिव्यक्तिको साङ्गठनिक प्रक्रिया पहिल्याउने वर्णनात्मक ढाँचा प्राप्त गर्न सकिन्छ ।

सुरूमा संवाद विश्लेषणको रूपमा चिनिने सङ्कथन विश्लेषण हाल आएर पाठ विश्लेषण वा आख्यान विश्लेषणको रूपमा पनि उपयोग हुन थालेको पाइन्छ । व्युत्पत्तिगत दृष्टिले सस्कृतको 'कथ्' धातुमा सम् उपसर्ग र अन परसर्ग गाँसिएर निर्माण भएको सङ्कथनसम्बन्धी अवधारणाको प्रारम्भमा मौखिक अभिव्यक्तिलाई मात्र सङ्कथनको रूपमा लिने गरिन्थ्यो भने आजको अवस्थामा कथ्य र लेख्य दुवै अभिव्यक्तिलाई सङ्कथनको रूपमा लिइन्छ । कथ्य सङ्कथनहरूमा वक्ता र श्रोताका कथन घटनालाई लिने गरिन्छ । यसमा भाषिक पक्षका साथै हाउभाउ, मुखमुद्रा आदि भाषेत्तर पक्षहरू पर्दछन् भने लेख्य सङ्कथनका रूपमा कथा, कविता, निबन्ध, उपन्यास, जीवनी आदि विधाहरू पर्दछ । संवाद विश्लेषणमा कथ्य भाषिक अभिव्यक्तिको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा अँगालिन्छ । कथ्य भाषिक अभिव्यक्तिको विश्लेषणमा लेख्य भाषाका विभिन्न विधाको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणाहरू विकसित भएका छन् । त्यसैगरी आख्यान विश्लेषणमा आख्यानात्मक विधा र कथा, उपन्यास, जीवनी, नाटकहरूमा घटना, समय, चरित्र, कार्य र परिवेशबीच आपसी सम्बन्ध र सङ्कथन पक्षहरू केलाउने सैद्धान्तिक मान्यताहरू विकसित भएका छन् ।

सङ्कथन विश्लेषणको विकास सन् १९६० को दशकपछि चम्स्कीले गरेका हुन् । सङ्कथन विश्लेषण संरचनावाद, मनोविज्ञान, सामाजिक भाषा विज्ञान, प्रकरणार्थ विज्ञान, प्रतिक विज्ञान, आख्यान विज्ञान आदि विषय क्षेत्रबाट प्रभावित रहेको पाइन्छ । सन् १९५२ मा जेलिङ एस. ह्यारिसले सबैभन्दा पहिले सङ्कथन शब्दको प्रयोग 'विस्तारित पाठहरू' नामक लेखमा भाषा तत्त्वहरूको एकीकृत वितरणसम्बन्धी चर्चा गर्ने क्रममा उक्त शब्दको प्रयोग गरेका हुन् ।

वास्तवमा सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकास प्रतीक विज्ञान र आख्यानको अध्ययन गर्ने फ्रान्सेली पद्धति डेल हाइम्स (१९६४) को भाषामा सामाजिक सन्दर्भ अस्टिन ( १९६०) सर्ल (१९६९) र ग्राइस (सन् १९७५) भाषालाई सामाजिक कार्यको रूपमा व्याख्या गर्ने सिद्धान्तको साथै प्रकरणार्थ विज्ञानसम्बन्धी अध्ययनसँग सम्बन्धित देखिन्छ ।

## २.२.१ **सङ्कथनको परिचय**

"सङ्कथन यस्तो भाषिक अभिव्यक्ति हो जुन एक सार वाक्यका रूपमा वा त्यसभन्दा माथिका जुनसुकै तहका संरचनाका रूपमा रहेको हुन्छ" (गौतम, २०६८ : ५७१) । वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई सङ्कथनका रूपमा लिइन्छ । यसले भाषाको स्वतन्त्र प्रयोग र सिङ्गो अभिव्यक्तिगत घटनालाई जनाउँदछ । यो भाषाको विस्तृत रूप हो । यसलाई वाक्यभन्दा माथिल्लो एकाइका रूपमा लिन सकिन्छ । सङ्कथनलाई सन्दर्भपूर्ण भाषिक प्रयोगका रूपमा लिन सकिन्छ । यो सम्प्रेषणात्मक क्षमता भएको भाषिक उच्चारणसँग सम्बन्धित हुन्छ । सिङ्गो भाव वा विचारसँग सम्बन्धित स्वयम्मा पूर्ण अभिव्यक्ति वा समग्र कथनलाई सङ्कथन भनिन्छ ।

संस्कृतको 'कथ्' धातुमा 'सम्' उपसर्ग र 'अन' परसर्ग गाँसिएर निर्माण भएको सङ्कथन कथ्य र लेख्य गरी दुई प्रकारको हुन्छ । सङ्कथनसम्बन्धी अवधारणाको प्रारम्भ कथ्य भाषाका कथन घटनासँग सम्बन्धित सिङ्गो अभिव्यक्तिलाई मात्र सङ्कथन मानिन्थ्यो र यसअन्तर्गत विभिन्न अन्तर्क्रियात्मक संवादात्मक अभिव्यक्ति वा एकालापपूर्ण कथाकथन, भाषण, प्रवचन आदि पर्थ्यो तर आज वर्तमान सन्दर्भमा लेख्य भाषाका समग्र अभिव्यक्तिहरूलाई पनि यसमा समेटी अध्ययन गरिन थालिएको छ ।

यसरी सङ्कथनका सम्बन्धमा "सङ्कथन भनेको भाषाको विस्तारित रूप हो भनी परिभाषित गरिएको छ" (अधिकारी, २०६७ : २४९) । यसरी सङ्कथनात्मक एकाइहरूको नियम र सीमाहरूको खोजी गर्ने, अध्ययन अनुसन्धान गर्ने विषयलाई नै सङ्कथनका रूपमा लिइन्छ । सङ्कथनले भाषिक कार्य वा घटनाको रूपलाई जनाउन प्रयोग गरिने भएकाले सङ्कथन विभिन्न स्वरूपको हुनसक्छ । वाक्यहरूको बीचमा क्रम मिलाउने, क्रम निर्धारण गर्ने तथा आन्तरिक वा बाह्य सम्बन्ध कायम गर्ने काम सङ्कथनले गर्दछ ।

### २.२.२ सङ्कथनको परिभाषा

सङ्कथन भनेको वाक्यभन्दा माथिको एकाइ अर्थात् भाषाको सबभन्दा माथिल्लो तथा सिङ्गो अभिव्यक्तिगत एकाइ हो । यसमा कथ्य र लेख्य भाषाका वाक्यभन्दा माथिका समग्र भाषिक एकाइहरूलाई सङ्कथन मानिन्छन् । सङ्कथनले वाक्यका तत्त्वहरू लगायत अर्थ समेतको आपसी सम्बन्ध केलाउने काम गर्दछ । सङ्कथनका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्नो ढङ्गले परिभाषा दिएका छन्, जुन निम्न छन् :

जेलिङ.एस. ह्यारिसले सङ्कथन भनेको वाक्यहरूको अन्तरसम्बन्ध हो भनी परिभाषित गरेका छन् । त्यस्तै अर्का विद्वान् चम्स्कीले सङ्कथन सामर्थ्य भनेको भाषिक सामर्थ्यको एउटा अंश हो भनी बताएका छन् । त्यसैगरी सङ्कथनका आफ्नै नियमहरू हुन्छन्, जसको उपयोग बिना व्याकरणका नियमहरू काम नलाग्ने हुन्छ भन्नेतर्फ हाइम्सको रहेको छ । यसरी सङ्कथन विश्लेषणका विभिन्न परिभाषाहरूका आधारमा के भन्न सकिन्छ भने भाषाका विस्तारित पाठहरूको कार्यात्मक र प्रकार्यात्मक सम्बन्धको अध्ययन विश्लेषण गर्नु सङ्कथन विश्लेषण हो । यसका साथसाथै सङ्कथनमा रहेका सम्बद्धक र सम्बद्धनको खोजी र सङ्कथनमा तीनको भूमिकाको विश्लेषण गरिन्छ ।

## २.३ सङ्कथनका प्रकार

सङ्कथन भाषिक एकाइहरूको विस्तारित रूप हो । सङ्कथन वाक्यभन्दा ठूलो तथा समग्र भाषिक एकाइ हो । सङ्कथनलाई सामान्य, विशिष्ट, कथ्य, लेख्य, औपचारिक, अनौपचारिक, आदि विभिन्न प्रकारमा विभाजन गर्न सकिएता पनि मुख्य रूपमा सङ्कथन कथ्य र लेख्य गरी दुई प्रकारको हुन्छ (पौडेल, २०६९ : २०) भनी त्यसको चर्चा गरिएको छ, जुन निम्न छन् :

### २.३.१ कथ्य सङ्कथन

संवाद विश्लेषणका रूपमा चिनिने कथ्य सङ्कथनअन्तर्गत कुराकानी, गफगाफ, छलफल, वादविवाद, संवाद आदि पर्दछन् । कथ्य सङ्कथन भाषाको मौखिक अभिव्यक्तिसँग सम्बन्धित रहेको हुन्छ । यसमा वक्ता र श्रोता प्रत्यक्ष सङ्लग्न हुन्छन् । कथ्य सङ्कथनअन्तर्गत सहभागी वक्ता र श्रोताका बीचको सामाजिक, सांस्कृतिक आदि पृष्ठभूमिले अभिव्यक्तिको भाव ग्रहणमा उल्लेख्य भूमिका निर्वाण गरेका हुन्छन् । कथ्य सङ्कथन लेख्य सङ्कथनको तुलनामा विश्लेषण गर्न कठिन हुने गर्दछ । यसमा हाउभाउ अङ्ग सञ्चालन आदि भाषेत्तर पक्षको उपयोग गरिने हुँदा लेख्य सामग्रीको अभाव रहन्छ । कथ्य सङ्कथन मौखिक अभिव्यक्तिसँग सम्बन्धित घटनासँग सम्बन्धित हुन्छ । कथ्य पाठ लेख्य पाठजस्तो कठोर र सीमायुक्त हुँदैन (अधिकारी, २०६७ : २५१) । वक्ता र श्रोताको भूमिकामा आलोपालो रहने हुँदा यसलाई अन्तरपरिवर्त्य सङ्कथनका रूपमा पनि लिइन्छ । वक्ता र श्रोताको पृष्ठभूमि र परिवेश पहिल्याउन नसकेमा अथवा तालमेल नमिलेको खण्डमा कथ्य सङ्कथन सम्प्रेषणीय नहुन पनि सक्छ (पौडेल, २०७१ : ७) ।

### २.३.२ लेख्य सङ्कथन

कथ्य सङ्कथनको तुलनामा पछि मात्र विकसित भएको लेख्य सङ्कथनमा अभिव्यक्तिका सबै भाषिक सामग्री वर्ण, रूप, शब्द, वाक्य आदिमा निर्भर रहेका हुन्छन् । नाटक, संवाद, एकाङ्की आदि संवादात्मक कथ्य सन्दर्भका विधाहरूलाई लेख्य रूपमा प्रस्तुत गर्दा पनि यिनकै सहयोग लिनुपर्छ । लेख्य सङ्कथन कथ्य सङ्कथन भन्दा बढी जटिल हुन्छ । यो लिखित अभिव्यक्तिसँग सम्बन्धित हुन्छ । यसमा कथ्य सङ्कथनमा भैं वक्ता र श्रोता आमन्ने सामन्ने नभई लेखक र पाठकको अप्रत्यक्ष सम्बन्ध रहन्छ । यसमा प्रशस्त लेख्य चिह्नको प्रयोग गरिन्छ । भाषिक शुद्धता कायम गर्नु पर्ने हुन्छ र अभिव्यक्तिको कम पुनरावृत्ति हुन्छ । त्यसैले यो जटिल, कृत्रिम, अप्राकृतिक, असहज र कम गतिशील हुन्छ । लेख्य सङ्कथनअन्तर्गत प्रतिवेदन, चिठी, निबन्ध, कथा, कविता, जीवनी, नाटक, लिखित सूचना, विज्ञापन आदि पर्दछन् ।

लेख्य सङ्कथन कथ्य सङ्कथनभन्दा बढी विशिष्ट, औपचारिक र जटिल बन्न जान्छ। यसमा लेखकको मौलिकता, चिन्तनशीलता, बौद्धिकता, भाषिक सामर्थ्य, सिर्जनात्मकताजस्ता

कुराहरू टड्कारो रूपमा रहन्छन् (अधिकारी, २०६७ : २५२) । अतः विस्तृत तथ्य विषय र मानवीय संवेदनलाई गम्भीर रूपमा ठम्याउन लेख्य सङ्कथनको आवश्यकता पर्छ ।

## २.४ सङ्कथन विश्लेषणको परिचय

भाषाको सबैभन्दा माथिल्लो अथवा सिङ्गो अभिव्यक्तिगत एकाइलाई सङ्कथन भनिन्छ । जसको अर्थ अभिव्यक्तिगत समग्रता हो (पौडेल, २०६९ : १५) । गफ, कुराकानी, संवाद, छलफल, अन्तर्वार्ता, विज्ञापन, कथा, कविता, सूचना, लेख, नाटक आदिजस्ता कुराहरू सङ्कथनअन्तर्गत पर्दछन् । यिनै वाक्यभन्दा माथिल्लो एकाइहरूलाई वैज्ञानिक आधारमा यिनको नियम र सीमाहरूको खोजी गर्ने, अध्ययन अनुसन्धान गर्ने तथा व्याख्या विश्लेषण गर्नेजस्ता कार्य सङ्कथन विश्लेषण हो । सङ्कथनको प्रकृतिअनुसार सङ्कथनमा हुनुपर्ने गुणहरू सङ्कथनमा छन् कि छैनन् भनेर अध्ययन गर्नु सङ्कथन विश्लेषण हो । यसको विश्लेषण गर्ने आधार भनेको सङ्कथन कुन मान्यतामा निर्माण भएको छ भन्ने नै हो । यसरी सङ्कथन विश्लेषण गर्दा कुनै पनि कृति वा सङ्कथनको सङ्कलन गरेर गर्नु आवश्यक हुन्छ ।

व्युत्पत्तिगत दृष्टिले संस्कृतको 'कथ्' धातुमा सम् उपसर्ग र 'अन' परसर्ग गाँसिएर निर्माण भएको 'सङ्कथन विश्लेषणलाई अंग्रेजीमा 'डिस्कोर्स एनलाइसिस' भनिन्छ । सङ्कथनका व्याकरणिक स्तरमा वर्णन तथा विश्लेषण गर्न नसकिएका भाषिक प्रयोगका विभिन्न पक्षहरूको पहिचान तथा वर्णन गर्न सङ्कथन विश्लेषण उपयोगी हुन्छ । भाषाको मौखिक तथा लिखित संरचनाको विश्लेषणका साथै यसले लिखित तथा मौखिक भाषाका अर्थपूर्ण विस्तारित एकाइको संरचनाको विश्लेषण गर्दछ ।

सङ्कथन विश्लेषणका बारेमा सन् १९५२ मा सर्वप्रथम जेलिङ एस. ह्यारिसले आफ्नो लेख विस्तारित पाठहरूबाट यस कार्यको प्रारम्भ गरेको पाइन्छ । उनको त्यस लेखमा विस्तारित पाठहरूमा भाषिक तत्त्वहरूको वितरण बारे चर्चा गरिएको थियो । त्यही उनले सर्वप्रथम 'डिस्कोर्स एनलाइसिस' पदावलीको प्रयोग पनि गरेका थिए । त्यस लेखमा उनले हेयर टनिकसम्बन्धी विज्ञापनको भाषालाई उदाहरणको रूपमा विश्लेषण गरे । त्यसबाट उनले सङ्कथनमा पनि वाक्य व्याकरण विस्तारित हुन्छ भन्ने निष्कर्ष निकाले यसलाई नै सङ्कथन विश्लेषणको क्षेत्रमा भएको प्रारम्भिक बिन्दु पनि मान्न सकिन्छ । त्यसपछि अन्य

भाषाविद्हरूमा चासो बढेको देखिन्छ । सङ्कथन विश्लेषणको विकासमा प्रतीक विज्ञान आख्यानको अध्ययन गर्ने फ्रान्सेली पद्धति, डेल हाइम्स (सन् १९७५) को भाषामा सामाजिक सन्दर्भ तथा जोन अस्टिनको (सन् १९६२) सर्ले (सन् १९६९) र ग्राइस (सन् १९७६) को भाषालाई सामाजिक कार्यका रूपमा व्याख्या गर्ने सिद्धान्त र प्रकरणार्थ विज्ञानसँग सम्बन्धित धारणाहरूको विशेष भूमिका देखिन्छ ।

प्रायोगिक भाषाविज्ञानको नविनतम शाखाका रूपमा विकसित सङ्कथन विश्लेषणले भाषाको सैद्धान्तिक पक्षको भन्दा प्रायोगिक पक्षमा विशेष जोड दिने र भाषिक तथा अभाषिक पक्षको व्याख्या विश्लेषण गर्दछ  सङ्कथन विश्लेषणका क्रममा पाठभित्रका एकाइहरू बीचको अर्न्तसम्बन्धलाई सम्बद्धक र सम्बद्धनका आधारमा वर्गीकरण गरिन्छ । सम्बद्धकअन्तर्गत के कस्ता भाषिक जोर्नीहरू वाक्यीय संरचनालाई वा अन्तर संरचनालाई जोड्ने क्रममा उपयोग भएका तीनको विश्लेषण सङ्कथन विश्लेषणअन्तर्गत गरिन्छ । यसरी विश्लेषण गर्दा पुनरावृत्ति, अग्र सन्दर्भक, पश्च सन्दर्भक, लोप, स्थानिक सन्दर्भक, कालिक सन्दर्भ, सर्वनाम आदिजस्ता भाषिक जोडको उपस्थिति र तीनको उपयुक्तताको अध्ययन गरिन्छ । त्यस्तै सम्बद्धन सङ्कथनको आत्मा हो । सम्बद्धकहरूमा प्रयुक्त भाषिक जोर्नीले मात्र अन्वितिपूर्ण अर्थ प्रदान गर्न सक्दैन । त्यसैले आशयगत उपयुक्तताका दृष्टिले कुनै पाठ उपयुक्त छ कि छैन भनी अध्ययन विश्लेषण गर्ने काम सम्बद्धनअन्तर्गत गरिन्छ ।

## २.५ सङ्कथनका तत्त्वहरू

सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो पूर्ण भाषिक एकाइ हो । कुनै पनि सङ्कथनलाई पूर्ण अभिव्यक्तिको रूप दिन विभिन्न पक्षहरूले भूमिका खेलेका हुन्छन् । तीनै विभिन्न पक्षहरू नै सङ्कथनका तत्त्वहरू हुन् (पौडेल, २०६९ : २९) । पौडेलका अनुसार ती सङ्कथनका तत्त्वहरूलाई निम्नअनुसार चर्चा गरिएको छ

### २.५.१ प्रस्तोता

सङ्कथनमा प्रस्तोता भनेको कुनै पनि सङ्कथनको सम्प्रेषण कार्यको उठान कर्ता वा सञ्चालक कर्ता हो । सङ्कथनमा प्रस्तोताको प्रमुख भूमिका रहने हुन्छ । प्रस्तोता सम्प्रेषणात्मक क्रियाकलापको सञ्चालक हो । उसले वक्ताको ध्यानाकर्षण गर्ने, सूचना प्रवाह गर्ने, भाषिक अभिव्यक्तिलाई निरन्तरता दिने, अभिव्यक्तिमा आवश्यक मोड र उपमोड

ल्याउनेजस्ता महत्त्वपूर्ण कार्यहरू गर्दछ (पौडेल २०७१ : १७) । प्रस्तोताले श्रोताको ध्यान अर्कैतिर मोड्ने, श्रोताको स्तर अनुरूप विषयवस्तु प्रस्तुत गर्ने र विषयवस्तु र सन्देशलाई प्रभावकारी बनाउन विभिन्न उपायहरू गर्नेजस्ता महत्त्वपूर्ण काम प्रस्तोताले गर्ने गर्दछ ।

### २.५.२ श्रोता

प्रस्तोताबाट अभिव्यक्त भएको विचारलाई ग्रहण गर्ने व्यक्ति नै श्रोता हो । प्रस्तोताका कथा उद्देश्यहरूको सञ्चरण र विश्राम गर्ने थलो नै श्रोता हुने भएकाले प्रस्तोताले बोद्धा पक्षलाई ग्राह्य र माननीय हुने गरी आफ्ना अभिव्यक्तिहरू प्रस्तुत गर्नुपर्ने हुन्छ । कथ्य सङ्कथनमा प्रस्तोता र प्रापक बीच अर्न्तपरिवर्त्यको दोहोरो भूमिका वा सहयोगात्मक सिद्धान्तको उपयोग गरिएको हुन्छ । यदि प्रस्तोताले श्रोता पक्षलाई बेवास्ता गरेर कुनै भाव अभिव्यक्त गर्दछ भने त्यसको अर्थ रहँदैन । कथ्य सङ्कथनको संवादमा प्रस्तोता र बोद्धाका बीचको भूमिका आलोपालो रूपमा सञ्चालन हुन्छ भने लेख्य सङ्कथनमा यस्तो कार्य सम्भव हुँदैन । प्रस्तोताको अभिव्यक्ति मात्र उपस्थित रहने गर्दछ ।

### २.५.३ माध्यम/मार्ग

सङ्कथन सञ्चारको भाषिक अथवा भाषेत्तर आधार नै माध्यम/मार्ग हो । सङ्कथन अभिव्यक्त हुनका लागि कुनै न कुनै माध्यम वा मार्ग चाहिन्छ । कुनै सङ्कथनहरू मौखिक रूपमा अभिव्यक्त हुन्छन् भने कुनै सङ्कथनहरू लिखित अभिव्यक्तिका माध्यमबाट प्रस्तुत हुन्छन् । कथ्य रूपमा अभिव्यक्त हुने सङ्कथनको माध्यम वा मार्ग मौखिक रहेको हुन्छ भने लेख्य अभिव्यक्तिका माध्यमबाट प्रस्तुत हुने सङ्कथनको माध्यम लिखित रहेको हुन्छ । कुराकानी, संवाद, छलफल, भाषण आदिका माध्यमबाट प्रस्तुत हुने सङ्कथनको मार्ग कथ्य रहेको हुन्छ भने पत्राचार वा सम्पूर्ण लिखित स्वरूपबाट प्रकट हुने अभिव्यक्तिको माध्यम वा मार्ग लेख्य रहेको हुन्छ । यसका साथै अन्य सङ्केत र सूचनाका चिह्नहरू पनि माध्यमका रूपमा प्रस्तुत भएका हुन्छन् ।

### २.५.४ सूचनाको स्वरूप

सङ्कथनलाई कुन तरिकाले सञ्चरण गर्ने भन्ने कुरा नै सूचनाको स्वरूप हो । सूचनाको स्वरूपअनुसार सङ्कथन पनि निर्देशित भएको हुन्छ । त्यसैले सूचनाको विविधताले

सङ्कथनमा पनि विधिवता ल्याइदिन्छ । चिठ्ठी विवाद, अन्तर्क्रिया, गफगाफ, विज्ञापन, समाचार आदिमा एकै किसिमको सूचना भए तापनि विषयलाई आ–आफ्नै ढङ्गले प्रस्तुत गरिएको हुन्छ । सूचना क्षेत्रका प्रकृतिको ढाँचाअनुसार एकै किसिमको सूचना पनि सरल र जटिल प्रकृतिमा व्यक्त भएको हुन्छ ।

### २.५.५ शीर्षक/विषय

सङ्कथनमा विषय/शीर्षक विभिन्न खालको हुन सक्दछ । सङ्कथनमा प्रयोग गरिने विषय कस्तो किसिमको छ । त्यसले सङ्कथनको स्वरूप निर्धारण गर्दछ (पौडेल, २०६९ : ३०) । सङ्कथनका शीर्षक वा विषय आत्मपरक, वस्तुपरक, वर्णनात्मक, विवरणात्मक, भावात्मक, आख्यात्मक, लयात्मक, व्यक्तिप्रधान, घटना प्रधान, कल्पना प्रधान आदि विविध किसिमका हुन सक्छन् । यिनै विविधतागत विषयले गर्दा सङ्कथन पनि फरक-फरक स्वरूपमा तयार भई निर्देशित र नियन्त्रित भएका हुन्छन् ।

### २.५.६ कोड

कोड भनेको भाषा हो र सङ्कथन भनेको भाषिक विम्ब हो । कोडको छनोटबाट सङ्कथनमा भिन्नता देखा पर्छ । कोड भनेको भाषा र भाषिक रूपको छनोट भएकाले यसको छनोटले पनि सङ्कथनको स्वरूपमा भिन्नता आउँछ । मानक भाषा र अमानक भाषा, स्थानीय भाषा र क्षेत्रीय भाषिका आदिमा विषयको विशेषता पाई विभेदित तुल्याएको हुन्छ ।

### २.५.७ परिवेश

सङ्कथनमा व्यक्त भएको विषयलाई परिवेशले पनि प्रभाव पारेको हुन्छ । परिवेश भनेको बाह्य वा आन्तरिक परिस्थिति वा वातावरणसम्बन्धी सन्दर्भ वा वस्तुस्थिति हो । घरपरिवार, हाटबजार, बैठक सेमिनार, सभा समारोह, नियात्रा, शिक्षा, भेटघाट, भलाकुसारी, आदि विभिन्न खालका औपचारिक, अनौपचारिक सन्दर्भअनुसार सङ्कथनको स्वरूपमा भिन्नता वा विविधता देखिन्छ । फलतः परिवेशीय भिन्नता र विविधताले सङ्कथनको स्वरूप र ढाँचामा भिन्नता आई सम्प्रेषण कार्य पनि सरल, जटिल, स्वाभाविक, कृत्रिम, रोचक, अरोचक, प्रभावकारी र अप्रभावकारी बनेको हुन्छ (पौडेल, २०६९ : ३१) ।

## २.६ सङ्कथन विश्लेषका पद्धतिहरू

कुनै पनि पाठको प्रकृतिका आधारमा सङ्कथन विश्लेषणका पद्धतिहरू निर्धारण भएका हुन्छन् । विशेष गरी सन् १९८० को दशकतिर र त्यसपछिका केही वर्षहरूमा सङ्कथन विश्लेषणका सन्दर्भमा नवीन पद्धतिको विकास भएको पाइन्छ । कुनै पनि सङ्कथन वा पाठको विश्लेषण कुन तरिकाबाट गर्ने भन्ने कुरा नै पद्धति हो । पद्धति एउटा सम्बन्धित मान्यताहरूको समूह हो, जसले सङ्कथन विश्लेषणको स्वभावका आधारमा प्रयुक्त घटकहरूको बाह्य संरचना र तीनको आन्तरिक अर्थ सम्बन्धको खोजी गरी व्याख्या र विश्लेषण गर्दछ । सङ्कथन विश्लेषणका सन्दर्भमा तीन किसिमका पद्धतिहरूको विकास भएको कुरा (पोखरेल र पौडेल, २०७१ : १५) बताएका छन् जसलाई निम्नानुसार चित्रद्वारा पनि प्रष्ट पार्न सकिन्छ ।

### २.६.१ ऊर्ध्व गमन पद्धति

सङ्कथन विश्लेषणका क्रममा भाषाको सबैभन्दा साना एकाइहरूबाट अध्ययन गरिने पद्धतिलाई ऊर्ध्व गमन पद्धति भनिन्छ । यस पद्धतिमा भाषाका सबैभन्दा साना विशिष्ट एकाइहरूको अध्ययन गरिन्छ । पछि क्रमशः भाषाका ठूला एकाइहरूको अध्ययन गरिन्छ । भाषाका सबैभन्दा साना एकाइ उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद हुँदै पछि मात्र पाठको अध्ययन विश्लेषण गरिन्छ । यो पद्धति तलदेखि माथि बढ्ने हुनाले यस पद्धतिलाई ऊर्ध्व गमन पद्धति भनिएको हो । जसलाई चित्रद्वारा पनि प्रष्ट पार्न सकिन्छ :

पाठ ↑
परिच्छेद
अनुच्छेद
वाक्य
उपवाक्य

ऊर्ध्व गमन पद्धति

(पौडेल र पोखरेल, २०७१ : १५)

### २.६.२ अधो गमन पद्धति

कुनै पनि पाठको विश्लेषणका क्रममा सामान्यबाट विशिष्टतिर जाने पद्धतिलाई अधो गमन पद्धति भनिन्छ । यसमा पहिले ठूला भाषिक एकाइ र त्यसपछि क्रमशः साना भाषिक एकाइहरूको विश्लेषण गरिन्छ । यो माथिबाट तलतिर जाने पद्धति भएकाले अधो गमन पद्धति भनिएको हो । यसलाई चित्रद्वारा यसरी प्रष्ट पार्न सकिन्छ :

**अधो गमन पद्धति**

पाठ
परिच्छेद
अनुच्छेद
वाक्य
उपवाक्य

अधो गमन पद्धति

(पौडेल र पोखरेल, २०७१ : १५)

### २.६.३ अन्तर्क्रियात्मक पद्धति

ऊर्ध्व गमन पद्धति र अधो गमन पद्धतिभन्दा भिन्न अर्थात् सङ्कथन बोधमा एकै पटकमा एकभन्दा बढी क्षेत्रबाट सूचना प्राप्त गर्ने पद्धति अन्तर्क्रियात्मक पद्धति हो । स्टानोभिच (सन् १९८०) ले ऊर्ध्व गमन पद्धति र अधो गमन पद्धति दुवैमा समस्या रहेको कुरा उल्लेख गरी यो तेस्रो पद्धतिको विकास गरेका हुन् । उनका अनुसार सङ्कथनको बोध र विश्लेषण तहबाट माथितिर र माथिबाट तलतिर भनेजस्तो सजिलो कुरो होइन बरू यो त एक अन्तर्क्रियात्मक प्रक्रिया हो । यस पद्धतिमा एक तहमा भएको कमीलाई अर्को तहमा पूरा गर्न सकिन्छ ।

## २.७ सङ्कथनका युक्तिहरू

सङ्कथन बन्नका लागि आवश्यक पर्ने विभिन्न भाषिक एकाइहरू अथवा जोर्नीहरू नै सङ्कथनका युक्तिहरू हुन् । ती युक्तिहरू सम्बद्धक र सम्बद्धन गरी दुई प्रकारको हुन्छन् (पौडेल, २०६९ : २४) । ती युक्तिहरू निम्नअनुसार छन् :

### २.७.१ सम्बद्धक

वाक्य वा त्यसभन्दा माथिल्ला एकाइहरूलाई एक आपसमा जोड्ने युक्तिहरू सम्बद्धक हो । सङ्कथनात्मक अभिव्यक्तिलाई सुनिश्चित सम्बन्ध सुत्रमा बाँधेर अर्थपूर्ण, बोधगम्य र सम्प्रेष्य बनाउनमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सङ्कथनात्मक अभिव्यक्तिलाई गाँसेर भाषिक संरचनामा सैद्धान्तिक प्रवृत्तिको सङ्कथनको स्वरूप निर्माण गर्न सघाउने हुँदा सम्बद्धक विनाको सङ्कथनको रूपमा नरहेर केवल शब्द संग्रहका रूपमा मात्र रहने हुँदा पनि सङ्कथनमा सम्बद्धकको महत्त्व प्रष्ट हुन आउँछ । यस्ता सम्बद्धकहरूले विषयवस्तु वा विचारका शृङ्खलालाई कतै विस्तार गर्ने, कतै स्पष्टीकरण दिने, कतै थप्ने, कतै विरोध गर्ने, कतै विकल्प जनाउने, कतै तुलना गरेर देखाउने, कतै कार्यकारण सम्बन्ध बताउने, कतै कतै परिणाम जनाउने, कहीँ व्याख्या गर्ने, कतै निष्कर्ष दिने आदि कार्य गर्दछ । त्यसैगरी सम्बद्धकले सङ्कथन निर्माणमा प्रयुक्त भाषिक एकाइको अनावश्यक र लम्बेतान पुनरावृत्तिबाट सङ्कथनलाई बचाउने काम गर्दछ । सम्बद्धकले पाठलाई व्यवस्थित, श्रृङ्खलित सङ्गठित बनाउने र भाषिक एकाइका बीचमा सम्बन्ध स्थापना गर्न आउने वा भाषिक एकाइलाई आपसमा जोड्ने भाषिक जोर्नी वा जोडक नै सम्बद्धक हो (अधिकारी, २०६७: २५२) ले सङ्कथनका युक्तिमध्येको एक सम्बद्धकका बारेमा चर्चा गर्दै भनेका छन् । वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बीच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक देशिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ । यसरी भाषिक एकाइहरूलाई आपसमा अन्विति बनाउने र पाठलाई अन्तरसम्बद्धता प्रदान गर्ने युक्तिका रूपमा सम्बद्धकले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस्ता सम्बद्धकका प्रकारलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### २.७.१.१ व्याकरणिक सम्बद्धक

सङ्कथनको संरचनामा आउने भाषिक वाक्यहरूलाई व्याकरणिक आधारमा जोड्ने सम्बद्धकहरूलाई नै व्याकरणिक सम्बद्धक भनिन्छ । सङ्कथनमा यसको भूमिका वाक्यहरूलाई व्याकरणिक कोटिका आधारमा निर्धारण गर्नु नै हो (पौडेल, २०६९ : २४) । व्याकरणिक सम्बद्धकहरू पनि विभिन्न प्रकारका छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**(क) सार्वनामिक सम्बद्धक**

कुनै पद पदावली वा वाक्यको पुनरावृत्तिलाई रोकी सङ्कथनलाई साङ्गठनिक बनाउन आउने सर्वनामलाई सार्वनामिक सम्बद्धक भनिन्छ । यी अग्र सन्दर्भक र पश्च सन्दर्भक भएर सङ्कथनमा प्रयोग हुन्छन् । जस्तो कि राधा घर जान्छे । उसले भात खान्छे । यहाँ उसले सर्वनामले यस अगिका 'राधा' (पूर्व सन्दर्भ) लाई जनाएको छ । अत, यसले वाक्यमा व्यक्त भएका कुरा जनाउन पछिल्लो वाक्यमा प्रयोग गरिने सार्वनामिक सम्बद्धकले अग्र सम्बद्धक भएर काम गरेको छ । पछिल्ला वाक्यमा व्यक्त गरिने कुरालाई जनाउन अघिल्ला वाक्यमा प्रयोग गरिने सर्वनामलाई पश्च सन्दर्भक भनिन्छ । जस्तो कि तिमी त साह्रै मिहेनती मान्छे रहेछौं । हिजो रामले पनि श्याम मिहेनती रहेछ भन्थ्यो । यहाँ पछि आउने श्यामलाई सुरूमा आएको 'तिमी' सर्वनामले सङ्केत गरेको छ । अतः 'तिमी' पश्च सन्दर्भ हो ।

सार्वनामिक सम्बद्धकका पनि विभिन्न प्रकारहरू हुने (पोखरेल र पौडेल, २०७१ : २२) बताएका छन्, जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

**अ. पुरूषवाचक सार्वनामिक सम्बद्धक**

सङ्कथनमा वक्ता, श्रोता र विषयगत सन्दर्भ जनाउन आउने सम्बद्धकलाई पुरूषवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । यिनीहरू पनि तीन प्रकारका हुन्छन् (पोखरेल र पौडेल, २०७१ : २२) जुन निम्न छन् :

**प्रथम पुरूष**

सङ्कथनमा वक्ताको सन्दर्भ जनाउने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तैः म, हामी र हामीहरू प्रथम पुरूषवाचक सार्वनामिक सम्बद्धक हुन् ।

**द्वितीय पुरूष**

सङ्कथनमा श्रोताको सन्दर्भ जनाउने सर्वनाम द्वितीय पुरूषवाचक सार्वनामिक सम्बद्धक हुन् । तँ, तिमी, तिमीहरू, तपाइँ, तपाइँहरू, यहाँ, यहाँहरू, हजुर, हजुरहरू मौसुफ मौसुफहरू द्वितीय पुरूषवाचक सार्वनामिक सम्बद्धकहरू हुन् ।

### तृतीय पुरूष

सङ्कथनमा वक्ता र श्रोताको भन्दा भिन्न कथ्य विषयसँग सम्बन्धित सन्दर्भ जनाउने सर्वनामहरू तृतीय पुरूष सार्वनामिक सम्बद्धक हुन् । यो, यी, यिनी, ती, यिनीहरू, उनी, उहाँ र यिनका बहुबचनका रूपहरू विभक्ति लागेपछिका रूपहरू र नामयोगीहरू जोडिँदा बन्ने रूपहरू समेत तृतीय पुरूष सार्वनामिक सम्बद्धकका रूपमा सङ्कथनमा प्रयुक्त हुन्छन् ।

### आ. आत्मवाचक सार्वनामिक सम्बद्धक

आफूलाई आत्मवाचक सर्वनामका रूपमा लिइन्छ । नाम तथा सर्वनामसमेतको निजत्व बताउने सर्वनाम आत्मवाचक सार्वनामिक सम्बद्धक हुन् । यस्ता सम्बद्धकहरू 'आफू' शब्दमा विभक्ति चिह्न लाग्दा बन्ने अन्य रूपहरू नामयोगी तथा बहुवचन जोडिँदा बन्ने रूपहरू पनि आत्मवाचक कै रूपमा सङ्कथनमा प्रयुक्त हुन्छन् ।

### इ. दर्शकवाचक सार्वनामिक सम्बद्धक

कुनै पनि व्यक्ति वा वस्तुलाई तोकेर देखाइने सर्वनामलाई दर्शकवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । दर्शकवाचक सर्वनाम पनि दुई प्रकारको हुन्छ । निकटवर्ती र दूरवर्ती वक्ताको नजिकैको सन्दर्भ जनाउने सर्वनाम निकटवर्ती हुन् भने वक्ता भन्दा टाढाको सन्दर्भ जनाउने सर्वनामहरू दूरवर्ती हुन् । यो, यी, यिनी, यहाँ, यही, यस आदि निकटवर्ती दर्शकवाचक सार्वनामिक सम्बद्धक हुन् भने त्यो, ती, तिनी, उहाँ, त्यही, त्यसले आदि दूरवर्ती दशर्कवाचक सार्वनामिक सम्बद्धक हुन् ।

### ई. सम्बन्धवाचक सार्वनामिक सम्बद्धक

दुई वा सो भन्दा बढी उपवाक्य वा वाक्यांशबीच आपसी सम्बन्ध दर्साउन आउने सम्बद्धकलाई सम्बन्धवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । जस्तैः जो, जे, जुन, जहिले, जहाँ, जसरी आदि यसका उदाहरण हुन् ।

### उ. प्रश्नवाचक सार्वनामिक सम्बद्धक

प्रश्नार्थक रूपमा आउने सम्बद्धकलाई प्रश्नवाचक सार्वनामिक सम्बद्धक भनिन्छ को, के, कुन, कहाँ, कहिले, कसरी, लगायतका सम्बद्धकहरू यसअन्तर्गत पर्दछन् । प्रश्नवाचक सम्बद्धकलाई अनिश्यर्चात्मक र निश्चयात्मक गरी दुई भागमा विभाजन गर्न सकिन्छ । कोही, जुनसुकै, जे पनि, कतिपय, केही, कुनै, जेसुकै कसैले जस्ता सम्बद्धकहरूले अनिश्चयात्मक सन्दर्भ जनाउने हुँदा यिनलाई अनिश्चयात्मक सम्बद्धकका रूपमा लिइन्छ भने हरेक अरू प्रत्येक, एउटा, अर्को, दुवै, सबैजस्ता सम्बद्धकले निश्चयात्मक सन्दर्भ प्रस्तुत गर्ने हुँदा यिनलाई निश्चयात्मक रूपमा लिइन्छ ।

### ऊ. पारस्परिक सार्वनामिक सम्बद्धक

पारस्परिक वा एक आपसको बोध गराउने सम्बद्धकलाई पारस्परिक सार्वनामिक सम्बद्धक भनिन्छ । एक अर्को, एक आपस, आफ्नो-आफ्नो, आ-आफ्नो जस्ता रूपहरू पारस्परिक सार्वनामिक सम्बद्धकअन्तर्गत पर्दछन् ।

### (ख) स्थानिक सम्बद्धक

सङ्कथनमा ठाउँ र परिवेश बुझाउने शब्दहरू नै स्थानिक सम्बद्धक हुन् । यस्ता सम्बद्धकहरू सार्वनामिक, नामिक र क्रियायोगिक आदि विभिन्न प्रकारका हुन सक्छन् । यहाँ, उहाँ, कता, जता, तल, माथि, अगाडि, पछाडि, घरमा, काठमाडौंबाट, बजारतिर आदि शब्दले स्थानिक सम्बद्धकलाई जनाउँदछ (पौडेल र पोखरेल, २०७१ : २२) । स्थानिक सम्बद्धकले कहाँ र कताको सन्दर्भलाई सङ्केत गर्दछ ।

### (ग) कालिक सम्बद्धक

सङ्कथनमा कुनै पनि कार्य वा घटनाको समय बुझाउन आउने शब्दहरू नै कालिक सम्बद्धक हुन् । कुनै पनि समय बुझाउने नामयोगी र क्रियायोगीलाई कालिक सम्बद्धकका रूपमा लिइन्छ । अहिले, कहिले, भोलि, पर्सि, राति, दिउँसो, परार, आगु, बारम्बार, हाँस्नेबेला, २००५, २०५० साल गतवर्ष, चार वर्ष अगि, २०७२ सालमा भित्र, तिर, अघिपछि, नजिक, भर, भरि, तक, सम्म यता, उता बीचजस्ता नामयोगी र क्रियायोगी स्थानिक र कालिक दुवै सम्बद्धकका रूपमा प्रयोग हुन सक्छन् ।

### (घ) संयोजक सम्बद्धक

सङ्कथनमा दुई वा दुई भन्दा बढी वाक्य र शब्दको अन्विति गाँस्न आउने शब्द वा रूप नै संयोजक हुन् । र, तर, पनि, अथवा, अनि, तापनि, तैपनि, नत्र, किनभने, आदि शब्दहरूलाई संयोजकका रूपमा लिइन्छ । यसले दुई मुख्य व्याकरणिक एकाइलाई जोड्ने काम गर्दछ। सङ्कथनमा संयोजकले संयोजन मात्र नगराएर वियोजन, वैपरीत्य, अधिनस्तता आदि विभिन्न किसिमका सम्बन्ध दर्साउने गर्दछ। संयोजकको आफ्नै कुनै स्वतन्त्र अर्थ हुँदैन तर यिनले सङ्कथनमा गर्ने कार्यका आधारमा यिनको पहिचान गर्न सकिन्छ । नेपाली भाषाका पाठमा नेपाली भाषामा प्रचलनमा रहेका सापेक्ष र निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन् । त्यस्ता संयोजकले पाठलाई सुसम्बद्ध बनाउन सहयोग पुऱ्याउँछन् ।

### ङ. प्रतिस्थापन सम्बद्धक

एकपटक प्रयोग भइसकेको शब्द अथवा पदावलीको सट्टामा अर्को शब्द अथवा पदावलीको प्रयोग गरी पहिलेको शब्द वा पदावलीलाई प्रतिस्थापन गर्ने कार्य गरिन्छ भने त्यसलाई प्रतिस्थापन सम्बद्धक भनिन्छ । प्रतिस्थापन सम्बद्धकले अभिव्यक्तिमा विविधता ल्याउन, एउटै भाषिक एकाइको बारम्बार हुने आवृत्तिबाट जोगाउन, लामालामा पदावली र उपवाक्यका सट्टा एउटै पदले काम चलाई अभिव्यक्तिलाई छिटो छरितो बनाउन सहयोग गर्दछ (गौतम, २०६८ : ५७७) । कुनै पहिले भनिएको कथन, कार्य, घटना, विवरण आदिको पुनरोक्तिको सट्टा अर्को विशिष्ट सन्दर्भको प्रयोग गर्दै भाषिक एकाइका बीचमा अभिव्यक्तिगत असङ्गतिको सिर्जना तथा सङ्कथनको सबलीकरण एवम् पाठको सशक्तिमूलक अर्थ सिर्जनासमेत गर्न प्रतिस्थापनले सहयोग गर्छ । प्रतिस्थापन पनि नामिक प्रतिस्थापन, पदावलीको प्रतिस्थापन, वाक्यको प्रतिस्थापन र क्रियाको प्रतिस्थापन गरी चार किसिमका हुन्छन् । नामिक प्रतिस्थापन सङ्कथनमा हुने नामिक शब्दको अर्थ बुझाउन त्यस शब्दका सट्टामा अर्को कुनै शब्द आउनु नामिक प्रतिस्थापन हो । अघिल्लो वाक्यभित्र रहेको पदालीलाई पछिल्लो वाक्यमा कुनै वाक्यांश वा वाक्यलाई अर्को कुनै भाषिक एकाइले प्रतिस्थापन गरेको छ भते त्यसलाई वाक्यको प्रतिस्थापन भनिन्छ । सङ्कथनमा कुनै पदावली जनाउन त्यसका सट्टामा अर्को पद वा पदावलीको प्रयोग हुनुलाई पदावलीको प्रतिस्थापन भनिन्छ । त्यस्तै अघिल्लो वाक्यमा आएको क्रियालाई पछिल्लो वाक्यमा अर्को कुनै क्रिया वा अन्य पदले प्रतिस्थापन गर्छ भने सो क्रियाको प्रतिस्थापन हो । अतः प्रतिस्थापनले पनि पाठमा भाषिक जोर्नीको रूपमा काम गरेको हुन्छ ।

### च. लोप

कुनै कुराको पूर्णताका लागि कुनै शब्द प्रस्तुत गर्नुपर्ने हुँदाहुँदै पनि केही सीमित शब्द वा पदावली प्रयोग गरेर अन्य पदहरू प्रयोग नगर्नु नै लोप हो । कथ्य सङ्कथनमा यसको प्रयोग अत्यधिक र लेख्य सङ्कथनमा यसको प्रयोग अलिक कम हुन्छ । लोप सम्बद्धक पनि विभिन्न प्रकारका हुन्छन् । जुन निम्न छन् :

#### अ. नामिक पदलोप सम्बद्धक

पूर्व वाक्यमा प्रयोग भएका नामिक पदको पश्च वाक्यमा प्रयोग नहुँदा पनि सोहीअनुसार सङ्कथनको अर्थबोध हुन्छ भने त्यसलाई नामिक पद लोप सम्बद्धक भनिन्छ । जस्तै रामले आज भात खाएन । काम पनि गरेन । पछिल्लो वाक्यमा राम नामिक पदलोप भएको छ ।

#### आ. पदावलीको लोप

अघिल्लो वाक्यमा प्रयोग भएको पदावलीलाई पछिल्लो वाक्यमा प्रयोग नगर्दा पनि सोहीअनुसार वाक्यको अर्थबोध हुनुलाई पदावलीको लोप सम्बद्धक भनिन्छ । जस्तैः उनीहरू सधैं विद्यालय जान्थे तर आज भने गएनन् ।

#### इ. सर्वनामिक लोप सम्बद्धक

अघिल्लो वाक्यमा प्रयोग भएको सर्वनाम पद पछिल्लो वाक्यको सन्दर्भमा लोप भए पनि सोहीअनुसार वाक्यको अर्थ बोध गर्नुलाई सार्वनामिक लोप सम्बद्धक भनिन्छ । जस्तै बहिनी धेरै पढ्छे तर फेल हुन्छे (ऊ) सार्वनामिक लोप भएको छ ।

#### ई. क्रियाको लोप

अघिल्लो वाक्यमा प्रस्तुत गरिएको क्रियापदलाई पछिल्लो वाक्यको सन्दर्भमा प्रयोग नगेर पनि वाक्यको अर्थबोध हुन्छ भने त्यसलाई क्रियाको लोप सम्बद्धक भनिन्छ । जस्तै तिमी के लगाउँछौ ? म त लेङ्गा (लगाउँछु) क्रियाको लोप भएको छ ।

### छ. निपात सम्बद्धक

आफ्नो स्वतन्त्र अर्थ नभए तापनि वाक्य र भनाइलाई मिठासपूर्ण बनाउन प्रयुक्त हुने अविकारी पदलाई निपात सम्बद्धक भनिन्छ । निपात कुनै खास वाक्यमा आश्रित शब्द हुन् । यिनले वाक्यमा छुट्टै अर्थ दिन नसके पनि वाक्यको अर्थमा चमत्कार थप्ने काम गर्छन् ।

जस्तैः त, नि, पो, रे, ल, क्या, केवल, चाहिँ, मात्र, या, के, कि, हँ, हगि, खै, लौ, आदि निपातका उदाहरणहरू हुन् ।

### २.७.१.२ कोशीय सम्बद्धक

सङ्कथनमा वैचारिक तथा घटना शृङ्खलाको अर्न्तसम्बन्ध जोड्न कोशीय सम्बद्धकले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शब्दकोशसँग सम्बन्धित यस्ता सम्बद्धकहरूको सम्बन्ध व्याकरणिक नभई कोशगत प्रकृतिको हुन्छ । कोशीय सम्बद्धकलाई शाब्दिक सम्बद्धक पनि भनिछ । यिनले दुई वा दुई भन्दा बढी शब्दका अतिरिक्त वाक्यबीचको सम्बद्धकलाई जनाउँछन् । यसले सङ्कथनमा अभिव्यक्ति सूचना वा विषयवस्तुलाई लैजान सहयोग गर्दछन् । कोशीय सम्बद्धकमा नाम, विशेषण र क्रियायोगी पर्दछन् । सङ्कथनमा विविध अर्थ सम्बन्ध भएका पर्यायवाची, अनेकार्थी, विपरितार्थी, श्रुतिसमभिन्नार्थी, स्थुलवाची, लघुवाची, समावेशी, सन्निधानयुक्त शब्दहरूको विशेष भूमिका हुन्छ । कोशीय सम्बद्धकमा पनि पुनरावृत्ति पर्यायवाची, विपरितार्थी, समावेशात्मक सन्निधान र सहप्रयोग सम्बद्धकहरू रहेका छन् (पौडेल, २०६९ : २६) । जसलाई तल निम्नअनुसार उल्लेख गरिएको छ :

#### क. पुनरावृत्ति

सङ्कथनमा आवृत्त भएर आएका कतिपय पद तथा पदावलीले सम्बद्धकको कार्य गर्दा तिनीहरूलाई पुनरावृत्ति सम्बद्धक भनिन्छ । यहाँ अघिल्लो वाक्यमा प्रयोग भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखा परेमा त्यहाँ पुनरावृत्ति हुन्छ । एउटै भाषिक एकाइको पटक पटक प्रयोगबाट पुनरावृत्तिको सिर्जना हुन्छ । अगाडिका प्रसङ्ग र पछिल्ला प्रसङ्गलाई जोड्न पुनरावृत्तिले सहयोग पुर्‍याउँदछ । फलस्वरूप अर्थगत निरन्तरता कायम हुन्छ । सङ्कथनमा पद, पदावली, उपवाक्य र सिङ्गो वाक्यको समेत पुनरावृत्ति हुन्छ । पुनरावृत्ति पनि वाक्यान्तरिक र अन्तर्वाक्यीय दुवै रूपमा देखा पर्दछ ।

#### ख. पर्यायवाची

समान अथवा उही अर्थ बुझाउने भिन्नै रूप भएका शब्द समूहलाई पर्यायवाची शब्द भनिन्छ । पर्यायवाची शब्दहरू पनि पूर्ण पर्याय र आंशिक पर्यायका रूपमा देखा पर्दछन्, कुनै शब्दले उस्तै अर्थ दिएमा पूर्ण पर्याय हुन्छ भने ठ्याक्कै उस्तै अर्थ नभए तापनि

उस्तै उस्तै अर्थ प्रदान गर्ने शब्दहरू आंशिक पर्यायका रूपमा चिनिन्छन् । आंशिक पर्यायका पनि शैलीगत, भाषिकागत सन्दर्भगत र स्रोतगत गरी चार भेद रहेका छन् (पोखरेल, २०५९: १५५) । यस्ता शब्दहरूले पाठलाई अर्थपूर्ण अन्वितिपूर्ण र शृङ्खलित बनाउन सहयोग पुऱ्याउँछन् ।

### ग. विपरीतार्थी

पाठमा प्रयोग भएका भाषिक एकाइहरू समानान्तर रूपमा परस्पर विपरित अर्थ सम्प्रेषण गर्न आएमा विपरितार्थी अर्थ सन्दर्भ रहन्छ । यस्ता भाषिक अर्थ सन्दर्भहरू मुख्यतः श्रेणीबद्ध, परिपूरक र विरुद्धार्थक गरी तीन प्रकारमा प्रस्तुत भएका हुन्छन् (पौडेल र पोखरेल, २०७१ : २५) । श्रेणीबद्ध (अग्लोको होचो) परिपूरक (विद्वान् - मुर्ख) विरूद्धार्थक (बाबु-छोरा) हुन् ।

### घ. समावेशात्मक

कुनै एउटा शब्दका अर्थमा अर्का शब्दको अर्थ पनि समावेश हुने स्थितिलाई समावेशात्मकता भनिन्छ । समावेशात्मकतामा दुई किसिमका शब्दहरू रहेका हुन्छन् । समावेशक र समाविष्ट । धेरै शब्दहरूलाई आफूभित्र नै समावेश गर्न सक्ने साझा शब्द समावेशक हो भने एउटै पदभित्र समावेश हुन आउने अन्य शब्दहरू समाविष्ट शब्दहरू हुन् । फूल (समावेशक) सयपत्री, गोदावली, लालुपाते, मखमली (समाविष्ट) शब्दहरू हुन् ।

### ङ. सन्निधान र सहप्रयोग सम्बद्धक

कुनै पनि पद, पदावली र वाक्य खास सन्दर्भ वा पद, पदावली वा वाक्यसँग मात्र आउन सक्दछ भने तीनलाई सन्निधान भनिन्छ । सन्निधान भनेको सहप्रयोग हो । कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र आउने तर त्यही शब्द जुन पायो त्यही शब्दसँग आउन नसक्ने स्थितिलाई सन्निधान भनिन्छ । त्यसैले सन्निधानले दुई शब्दहरू निकट रहने स्थितिलाई बुझाउँछ । सन्निधान सहप्रयोग सम्बद्धक शब्दले सङ्कथनका सन्दर्भमा शब्द र वाक्यबीच शृङ्खला मिलाउन तथा विचार र भावनालाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

### २.७.२ सम्बद्धन

वक्ता वा लेखकले अभिव्यक्त गरेको विषयवस्तु, विचार वा ज्ञानलाई सम्बद्धन भनिन्छ । त्यस्तो विषयवस्तु बुझाउन र बुझ्न ती विचारका बीचमा पहिले र पछिको क्रम मिलाएको हुनु जरूरी हुन्छ (ढकाल, २०६७/२०६८ : २५) । अतः सङ्कथनमा आन्तरिक विचार, भाव वा अर्थको क्रम जोड्ने जोर्नी सम्बद्धन हो । सम् + बद्ध + अन व्युत्पत्तिबाट सम्बद्धन बनेको हुन्छ, जसको अर्थ विचारलाई बाध्नु हो । सङ्कथनका सन्दर्भमा भन्नुपर्दा व्यक्त विचार वा अभिव्यक्तिलाई स्थानिक, कालिक, तार्किक रूपमा बाँध्न आउने अन्तः सूत्र सङ्गति वा अन्वितिलाई सम्बद्धन भनिन्छ । पाठक र परिवेशबीच तालमेल मिलेमा अन्तः सूत्र स्थापित हुन्छ । सङ्कथनमा बाह्य सन्दर्भहरूको आन्तरिक अन्वितिलाई नै सम्बद्धन भनिन्छ (पौडेल, २०६९ : २७) । लेखकले व्यक्त गरेका अभिव्यक्तिलाई पाठकले बुझ्न वा सजिलै ग्रहण गर्नको लागि सङ्कथनमा सम्बद्धनको उचित तालमेल नभएमा सङ्कथन सहज हुन सक्दैन । त्यसकारण पनि सङ्कथनमा सम्बद्धनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यदि सङ्कथनमा वक्ता र श्रोताका बीचमा आपसी अन्तसूत्र स्थापित हुन सकेन भने प्रस्तुत विषयवस्तु अस्पष्ट हुन जान्छ । यस्तो परिस्थितिमा सम्बद्धनले विषयवस्तु बुझाउनका लागि सहयोग गर्ने कार्य गर्दछ तर यो जोडाइ सम्बद्धकको जस्तो संरचनात्मक स्वरूपको नभएर भावगत स्वरूपको हुन्छ । यसलाई सङ्कथनमा भाषिक अभिव्यक्तिको भित्री तहको संयोजन गर्ने तत्त्व भनिन्छ । सम्बद्धन सम्बद्धकमा जस्तो भाषिक र भाषातात्त्विक पक्षसँग सम्बन्धित नभई भाषेत्तर अथवा परिवेशात्मक पक्षसँग सम्बन्धित रहने गर्दछ । यो सम्बद्धकमा जस्तो बाह्य सतहमा रहने युक्ति नभई आन्तरिक तहमा घुलमिल भएर रहने बोध र अभिव्यक्तिको आधार सूत्र हो । कुनै पनि सङ्कथनको बोध गर्न त्यसमा प्रस्तुत शब्द, पदावली र वाक्य बुझेर मात्र पर्याप्त हुँदैन । त्यसका निम्ति उक्त शब्द, पदावली र वाक्यहरूको अभिप्राय, बुझ्नु आवश्यक हुन्छ, त्यस्तो अभिप्राय बुझाउने महत्त्वपूर्ण युक्ति सम्बद्धन हो । वक्ता र बोद्धाको अनुभव सहसम्बन्ध जोड्ने अन्तः सूत्र फेला पार्नु नै सङ्कथन हो (पौडेल, २०६९: २६) । सम्बद्धनको अभावमा सङ्कथनको विचार बोधगम्य नहुने भएकाले यसलाई अनिवार्य तत्त्व मानिएको छ । डा. देवीप्रसाद गौतमले सम्बद्धनलाई संयुक्ति मान्दै सङ्कथनमा प्रयुक्त भाषिक एकाइलाई एक अर्कामा सम्बन्धित गराउने कार्य गर्छन् भनेका छन् ।

समग्रमा भन्नुपर्दा सङ्कथनको सन्दर्भमा सम्बद्धन हुँदैन । अतः सङ्कथन भाषा वा समाजबाट निर्देशित नभएर प्रस्तोता र बोद्धाको विभिन्न परिवेश र पृष्ठभूमिबाट निर्देशित हुन्छ । सम्बद्धनले सङ्कथनलाई अर्थको विश्रृङ्खलता, भग्नक्रम र प्रसङ्गहिनता हुनबाट जोगाउँछ । यसले विभिन्न अर्थ सम्बन्धलाई समेटेको हुन्छ र त्यसलाई नै सम्बद्धनका प्रकारका रूपमा लिइन्छ । सम्बद्धनका विभिन्न प्रकारहरू हुने कुरा (पौडेल र पोखरेल, २०७१ : २८) उल्लेख गरिएको छ । जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

**(क) सामान्य विशिष्टको सम्बन्ध**

सङ्कथनमा अभिव्यक्त भएको विषयवस्तुको पहिलो वाक्य सामान्य र दोस्रो वाक्य विशिष्ट हुने स्थितिलाई सामान्य विशिष्टको सम्बन्ध भनिन्छ । यस प्रकारको सम्बन्धमा अघिल्लो वाक्यले पूर्ण भाव र पछिलो वाक्यले अंश भाव संवहन गर्दछ । यस्तो स्थितिलाई अङ्गी र अङ्गको सम्बन्ध पनि भनिन्छ ।

**(ख) विशिष्ट सामान्य सम्बन्ध**

सङ्कथनमा पहिलो वाक्य विशिष्ट रूपमा र अर्को दोस्रो वाक्य सामान्य रूपमा आउँछ भने त्यसलाई विशिष्ट सामान्यको सम्बन्ध भनिन्छ । यसलाई अङ्ग–अङ्गीको सम्बन्ध पनि भनिन्छ ।

**(ग) कार्यकारणको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्यमा कार्य प्रस्तुत भई पछिल्लो वाक्य अघिल्लो कार्यको कारणको रूपमा प्रस्तुत हुनुलाई कार्यकारणको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा किनकी, किनभने, कि जस्ता संयोजकहरूको प्रयोग गरिएको हुन्छ ।

**(घ) कारण कार्यको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्यमा कारणको रूपमा प्रस्तुत भई पछिल्लो वाक्यमा कार्यको प्रस्तुति हुनुलाई कारण कार्यको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध वाक्यान्तरित वा अन्तर्वाक्यीय दुवै रूपमा देखा पर्न सक्छ । यस्तो सम्बन्धमा यसकारण, त्यसकारण, कि जस्ता संयोजकहरूको प्रयोग गरिएको हुन्छ ।

**(ङ) प्रभाव परिणामको सम्बन्ध**

अघिल्लो वाक्यको प्रभावमा रहेर त्यसको प्रतिफलस्वरूप पछिल्लो वाक्य प्रयोग भएमा त्यहाँ प्रभाव परिणामको सम्बन्ध भएको मानिन्छ (पौडेल, २०७० : २३) । यस्तो सम्बन्धमा फलत, तसर्थ फलस्वरूप, परिणामस्वरूप, त्यसले जस्ता संयोजकहरूको प्रयोग बढी भएको पाइन्छ ।

**(च) परिणाम प्रभावको सम्बन्ध**

पछिल्लो वाक्यको परिणाम स्वरूप अघिल्लो वाक्यको प्रयोग हुनुलाई परिणाम प्रभावको सम्बन्ध भनिन्छ । यसमा पछिल्लो वाक्यको आधारमा अघिल्लो वाक्यको प्रयोग गरिन्छ ।

**(छ) परिवेश घटनाको सम्बन्ध वा घटना परिवेशको सम्बन्ध**

सङ्कथनमा अभिव्यक्त विषयवस्तुको अघिल्लो वाक्यमा कुनै खास परिवेशको चर्चा गरी पछिल्लो वाक्यमा घटित घटना प्रस्तुत भएमा परिवेश घटनाको सम्बन्ध रहन्छ भने सङ्कथनमा अघिल्लो वाक्यमा कुनै खास घटनाको चर्चा गरिसकेपछि पछिल्लो वाक्यमा परिवेशको प्रस्तुत गर्नुलाई घटना परिवेशको सम्बन्ध भनिन्छ । सङ्कथनमा प्रयुक्त पहिलो वाक्य घटनाको रूपमा र अर्को वाक्य परिवेशको रूपमा अथवा पहलो वाक्य परिवेशका रूपमा र दोस्रो वाक्य घटनाको रूपमा आएमा क्रमशः घटना र परिवेशको सम्बन्ध परिवेश र घटनाको सम्बन्ध रहेको हुन्छ । यस्तो सम्बन्ध वाक्यात्मक स्तरमा मात्र नभई अनुच्छेद र प्रकरण प्रकरणका बीचमा पनि हुन्छ (पौडेल र पोखरेल, २०७१ : ३०) । यस्तो सम्बन्ध हुनुलाई क्रमशः घटना परिवेश र परिवेश घटनाको सम्बन्ध भनिन्छ ।

**(ज) आर्थी पर्यायको सम्बन्ध**

सङ्कथन वा पाठमा प्रयुक्त वाक्यहरूका बीचमा संरचनाका दृष्टिले समानता नभए पनि अर्थका दृष्टिले समानता रहेमा त्यहाँ आर्थी पर्यायको सम्बन्ध हुन्छ (पौडल र पोखरेल २०७१ : ३२) । त्यस्तो सम्बन्धमा वाक्य वाक्यका बीच भावगत साम्य कायम हुन्छ ।

**(झ) आर्थी विपर्यायको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यको विपरित अर्थ दिने गरी पछिल्लो वाक्य आउँछ भने ती वाक्यका बीचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध

भनिन्छ । यस्तो किसिमको आर्थी सम्बन्ध जनाउनका लागि तर, पनि, तापनि, यद्यपि, तथापि, नभएजस्ता संयोजकहरू आउन सक्छन् ।

**(ञ) तुलनात्मक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूका बीचमा रहेका समानता, असमानता, उपयोगिता, अनुपयोगिता, आदिको चर्चा गरिएको वाक्यका बीचको सम्बन्धलाई तुलनात्मक सम्बन्ध भनिन्छ । तुलनात्मक सम्बन्ध जनाउनका लागि एकातिर, अर्कातिर भने तिरजस्ता संयोजकहरूको प्रयोग धेरै हुन्छ ।

**(ट) प्रयोजनको सम्बन्ध**

पाठमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्य अर्को वाक्यमा निहित भावको प्रयोजन देखाउन आएमा यहाँ प्रयोजनको सम्बन्ध रहेको मानिन्छ । यसमा एउटा वाक्यले अर्को वाक्यको संयोजनलाई देखाउँछ । यसलाई उद्देश्यको सम्बन्ध पनि भन्न सकिन्छ । यस्ता सम्बन्धमा एउटा वाक्यको उद्देश्य अर्को वाक्यले प्रस्तुत गरेको हुन्छ । यसअन्तर्गत भनेर, भन्नका लागि, भन्नका निम्ति,भन्ने उद्देश्यले भन्ने ठानी, भन्ठानी आदिजस्ता संयोजकहरूको प्रयोग गरिएको हुन्छ (पौडेल र पोखरेल, २०७१ : ३२) । सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यमा घटना देखाएपछि अर्को वाक्यमा त्यसो हुनुको कारण बताइने हुँदा यसलाई उद्देश्यको सम्बन्ध पनि भनिएको हो ।

**(ठ) स्पष्टोक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्यमा व्यक्त भावलाई स्पष्ट पार्न पछिल्लो वाक्य आउनुलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ । यस्तो किसिमको सम्बन्धलाई आख्यात्मक सम्बन्ध वा परिचय र पुष्टिको सम्बन्ध पनि भनिन्छ ।

**(ड) अप्रत्यक्ष सम्बन्ध**

अप्रत्यक्ष सम्बन्धले घुमाउरो भाषामा प्रस्तुत भएको कथन सन्दर्भलाई बुझाउँछ । पाठ वा सङ्कथनमा प्रयुक्त दुई वटा वाक्यका बीचमा प्रत्यक्ष रूपमा सम्बन्ध नदेखिने तर परोक्ष रूपमा कुनै न कुनै रूपमा सम्बन्ध रहेमा त्यहाँ अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ (पौडेल र पोखरेल, २०७१ : ३१) । यस्तो किसिमको सम्बन्धलाई प्रत्यक्ष पूरक अप्रत्यक्ष सम्बन्ध पनि भनिन्छ ।

**(ढ) अनुमानित सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यमा अनुमान प्रकट गरियो भने ती वाक्यका बीचको सम्बन्धलाई अनुमानको सम्बन्ध भनिन्छ ।

**(ण) परिचयात्मक सम्बन्ध**

पाठमा प्रयुक्त भएका वाक्यहरूमध्ये कुनै वस्तु, घटना वा व्यक्तिको परिचय दिने क्रममा एउटा वाक्यमा परिचय दिने र अर्को वाक्यमा त्यसको विशेषता पुष्टि गर्न आएमा ती वाक्यहरूको बीचको सम्बन्ध परिचयात्मक सम्बन्धका रूपमा रहेको हुन्छ (पौडेल र पोखरेल, २०७१ : ३३) । यस्तो सम्बन्धलाई विशेष्य विशेषणको सम्बन्ध पनि भनिन्छ ।

**(त) इन्द्रिय मस्तिष्कको सम्बन्ध**

पाठमा प्रयुक्त वाक्यमध्ये पहिलो वाक्यमा इन्द्रियजन्य ज्ञान र दोस्रो वाक्यमा त्यसबाट उत्पन्न हुने मानसिक प्रभावको प्रयोग भएमा ती वाक्यका बीचमा इन्द्रिय र मस्तिष्कको सम्बन्ध स्थापति भएको मानिन्छ । यो सम्बन्ध वाट्सनद्वारा प्रभावित व्यावहारवादी मनोविज्ञानअन्तर्गत प्याभलभको सिकाइ सिद्धान्तको नजिक मानिन्छ (पौडेल र पोखरेल, २०७१ :. ३७) । यस्तो सम्बन्धमा पहिलो वाक्यमा इन्द्रियजन्य ज्ञान र दोस्रो वाक्यमा त्यसबाट उत्पन्न हुने मानसिक प्रभावको सम्बन्ध रहन्छ ।

**(थ) अनुक्रमबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएका वाक्यहरूका बीचमा कुनै घटना वा कार्यको क्रमबद्ध सम्बन्ध रहनुलाई अनुक्रम बोधक सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध जनाउन र, अनि, त्यसपछि जस्ता संयोजकहरूको प्रयोग बढी हुन्छ ।

**(द) समुच्चयबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्यहरूमध्ये एउटा वाक्यले अर्को वाक्यको अर्थ स्पष्ट पार्न मद्दत गर्ने वाक्यहरूका बीचको सम्बन्धलाई समुच्चयबोधक सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा र अनिजस्ता संयोजकहरूको प्रयोग बढी हुन्छ ।

**(ध) रीतिबोधक सम्बन्ध**

रीति भनेको शैली हो । यसमा प्रस्तुतिगत कथन शैलीलाई रीति मानिन्छ । पाठमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यमा अभिव्यक्त घटना, कार्य वा विचार र अर्को वाक्य त्यसको शैली वा तरिका बुझाउन प्रयोग भएमा ती वाक्य बीचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध भनिन्छ (पौडेल र पोखरेल, २०७१ : ३४) । यस्तो सम्बन्धअन्तर्गत कसरी भने, यसरी कि, यति कि, मानौ कि, जस्तो कि आदि जस्ता शैली सूचक कोहेजनहरूको प्रयोग भएको हुन्छ ।

**(न) निहितार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यको अर्थभित्र अर्को वाक्यको अर्थ निहित हुने स्थितिलाई निहितार्थ सम्बन्ध भनिन्छ् । यसमा अघिल्लो वाक्यको अर्थ पछिल्लो वाक्यमा समावेश हुने गर्दछ । यसमा एउटा वाक्यमा अर्थको समग्रता र अर्कोमा त्यसको विशिष्टता रहन्छ ।

**(प) शीघ्रता बोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्यका बीचमा घटित घटना वा कार्य सँगसँगै सम्पन्न भएमा ती वाक्यका बीचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध भनिन्छ ।

**(फ) आज्ञार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यमा आधारित भई पछिल्लो वाक्यले आज्ञा, परामर्श वा अनुरोध बुझाएमा ती वाक्यका बीचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध मान्न सकिन्छ (पौडेल र पोखरेल, २०७१ : ३९) । त्यस्ता वाक्यमा आज्ञा वा आदेश दिएको हुन्छ ।

**(ब) स्मरणको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटामा वर्तमान सन्दर्भको चर्चा गरेर अर्कामा विगतको चर्चा भएमा ती वाक्यका बीचको सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ ।

**(भ) प्रश्नार्थक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्यहरूमध्ये पहिलो वाक्य प्रश्नार्थक र दोस्रो वाक्य पनि त्यससँग सम्बन्धित भएर प्रश्नार्थक रूपमा नै आउनुलाई प्रश्नार्थक सम्बन्ध भनिन्छ । यस्तो

सम्बन्धमा वक्ताले श्रोतालाई एक पटक वा एकभन्दा बढी पटक प्रश्न वा जिज्ञासा राखेको हुन्छ ।

**(म) प्रश्नोत्तर सम्बन्ध**

सङ्कथन वा पाठमा प्रयुक्त वाक्यहरूका बीचमा प्रश्न र उत्तरको तार्किक शृङ्खला रहेमा प्रश्नोत्तर सम्बन्ध हुन्छ । यस्तो सम्बन्धमा एउटा वाक्यमा विषयनिष्ठ प्रश्न र अर्को वाक्य त्यसको उत्तरका रूपमा आएको हुन्छ (पौडेल र पोखरेल, २०७१ : ३५) । यस्तो सम्बन्धमा प्रश्न र उत्तरको क्रम रहन्छ ।

## २.८ सङ्कथन विश्लेषणको महत्त्व

सङ्कथन भाषाको सबैभन्दा माथिल्लो एकाइ हो । यसमा कुनै व्यक्तिले आफूलाई वक्ताका रूपमा प्रस्तुत गरेको र कुनै व्यक्ति वा विषयप्रति आफ्नो भनाइलाई सङ्गठित गरेको हुन्छ । यसर्थ सङ्कथन भनेको त्यस्तो उच्चारण हो जसमा वक्ता श्रोता र विषय अपेक्षित हुन्छ र समाहित भएको हुन्छ । सङ्कथनमा वक्ताका अभिव्यक्तिमाथि प्रभाव पार्ने बहुपक्षीय कुराकानी वा बातचितदेखि लिएर विस्तार सहितका विभिन्न प्रकार वा प्रकृतिको मौलिक कथन वा त्यसलाई अभिव्यक्त गर्ने खास प्रकारको प्रस्तुतिको ढाँचा, विधि वा पद्धति अपेक्षित हुने लेखन (सीफारिस, स्मृतिपत्र, प्रहसनजस्ता वाङ्मयका सबै विधा) पर्दछन् । यसअन्तर्गत डाक्टर र बिरामीको कुराकानी, कुनै औपचारिक व्याख्या, भाषण वा सम्भाषण, घोषणा, धार्मिक प्रवचन कुनै खास विशिष्ट कथन, बैक, अन्तर्वार्ता, विषय, विमर्श, परामर्श, संवाद वा परिसंवाद प्रतिवेदन, समचारपत्र, लेख, विज्ञापन, गीत सङ्कथन, साना कथन आदिका साथै आख्यानात्मक सङ्कथन तथा संरचना वा विधा निर्धारित संरचना लगायत जुनसुकै पाठ पर्दछन् ।

ह्यालिडेका अनुसार भाषा एउटा सामाजिक प्रतीक अवस्था हो । जसले समाजका विचार एवम् भावनाको प्रतिनिधित्व विभिन्न सङ्कथनका माध्यमबाट गर्दछ । सङ्कथनको कार्य वक्ता, श्रोता, लेखक-पाठकको अन्तर्वैयक्तिक सम्बन्ध र वैचारिक मिश्रणसँग सम्बन्धित हुन्छ तसर्थ यसमा आपसी अन्तर्क्रियाको विशेष महत्त्व रहन्छ । साहित्यलाई पनि सामाजिक अन्तर्क्रियाकै एउटा अङ्गका रूपमा मानिन्छ । सङ्कथन विश्लेषणमा भाषाको प्रयोगलाई

समग्रतावादी दृष्टिले हेरिने ग्रहण गरिने व्याख्या र विश्लेषण गरिने हुनाले पनि यसको विशेष महत्त्व रहन्छ ।

सङ्कथनमा अन्तर्वाक्यीय (एकभन्दा बढी वाक्यबीचको संरचनाका कुरा प्रासङ्गिक हुन्छन् । वाक्यमा वाक्यान्तरिक (एउटा वाक्य बीचको) कुरा मात्र प्रासङ्गिक हुन्छन् र वाक्य एक किसिमले सन्दर्भविहीन हुन सक्छ तर सङ्कथनहरू जुनसुकै स्थितिमा सन्दर्भपूर्ण हुन्छन् । यिनले खास किसिमको सामाजिक परिघटनाको प्रतिनिधित्व गर्छन् । कथ्य सङ्कथनमा त यो कुरा विशेष महत्त्वको हुन्छ ।

मानव अनुभवलाई खास किसिमको भाषाको लमाइभित्र उन्नु वा एकीकृत गर्नु सङ्कथनको काम हो अथवा सङ्कथन भनेको मानवीय अनुभवलाई भाषाका एकाइमा उन्नु हो । सङ्कथन संरचना मात्र होइन, यो भाषेत्तर तत्त्वहरूबाट आबद्ध निर्धारित हुन्छ । सङ्कथन भाषाको यस्तो फैलावट हो जुन सन्दर्भबाट भएर प्रकटित हुन्छ । यसलाई वाक्यको स्वीकार्यताले मात्र पहिल्याउन सक्दैन । मुख्यतः अर्थपूर्ण, अन्वितिपूर्ण र सन्दर्भको अभिव्यक्ति हुनु नै यसको पहिचान हो तसर्थ सङ्कथनहरू मानवीय सामाजिक अनुभवका विविध स्वरूप भएकाले यिनको अध्ययन तथा विश्लेषणको प्रशस्त महत्त्व रहन्छ ।

तल्ला भाषिक एकाइमा अर्न्तनिहित अर्थलाई एकिकृत र समष्टिगत गर्ने कार्य सङ्कथनले गर्दछ तसर्थ सन्दर्भपूर्ण रूपमा व्याख्या गर्ने उपयोगी उच्चार सङ्कथन ठहर्छ । सङ्कथन विश्लेषणबाट सम्प्रेषणको मूल मर्म र अभिप्राय खुट्याउन सकिन्छ । तसर्थ यसलाई महत्त्वपूर्ण मानिन्छ (ढकाल, २०६७/०६८ : २०) । सङ्कथनमा सिङ्गो भाषिक अभिव्यक्तिको वैज्ञानिक तरिकाले अध्ययन गरी सङ्कथन विश्लेषण गरिने हुँदा पनि यसको महत्त्व धेरै रहेको छ ।

# अध्याय तीन

# अध्ययन विधि, प्रक्रिया र शोधपत्रको रूपरेखा

## ३.१ अध्ययनको विधि

अनुसन्धान आफैँमा खोजमूलक विषय भएकाले अनुसन्धानका लागि विभिन्न विधि र अध्ययन प्रक्रियालाई अपनाउनु पर्ने हुन्छ । प्रस्तुत अध्ययनलाई योजनाबद्ध र व्यवस्थित तरिकाले अगाडि बढाउन पुस्तकालयीय अध्ययन विधिलाई प्रमुख आधारको रूपमा लिइएको छ । त्यस्तै प्रायोगिक भाषा विज्ञान तथा सङ्कथन विश्लेषणका सन्दर्भमा कलम चलाएका विद्वान्हरूको निर्देशन तथा सुझावको आधारमा सैद्धान्तिक आधार तयार पारिएको छ ।

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्नको लागि विभिन्न विधिहरू अपनाउनु पर्दछ । जुन अध्ययन विधिले अनुसन्धान कार्यमा सहजता ल्याउने काम गर्दछ । तसर्थ प्रस्तुत अध्ययनमा पनि पुस्तकालयीय अध्ययन विधि प्रयोग गरी सामग्री सङ्कलन र विश्लेषण गरिएको छ । अध्ययन विधिका पनि विभिन्न चरणहरू रहेका छन् जुन निम्नअनुसार छन् :

### ३.१.१ तथ्याङ्क सङ्कलन

कुनै पनि अनुसन्धान तथ्यका आधारमा गरिन्छ तथ्य अनुसन्धानका प्रमाण, आधार वा स्रोत हुन् । तथ्यलाई तथ्याङ्क, सूचना, आँकडा र सामग्रीका रूपमा लिइन्छ । तथ्याङ्क सङ्कलनलाई कुनै पनि कार्य सम्पन्न गर्नका लागि जरूरी विषयवस्तुको जोरजामको रूपमा बुझिन्छ । प्रस्तुत शोधकार्यको तथ्याङ्क सङ्कलन कार्य निम्नलिखित दुई चरणमा गरिएको छ :

**(क) प्राथमिक स्रोत**

प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतका रूपमा शिक्षाशास्त्र सङ्कायको तीन वर्षे स्नातक दोस्रो वर्षमा निर्धारित कथा र उपन्यासअन्तर्गत रहेको ‘पहेंलो गुलाफ’ कथालाई लिई अध्ययन गरिएको छ ।

**(ख) द्वितीयक स्रोत**

अध्ययनको द्वितीयक स्रोतअन्तर्गत सङ्कथन विश्लेषणसम्बन्धी लेखिएका सैद्धान्तिक लेखहरू, प्रकाशित पुस्तकहरू, शोधपत्रहरू, आवश्यकताअनुसार विज्ञसँगको छलफल, सल्लाह, सुझाव, परामर्श आदि द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

### ३.१.२ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस शोधकार्य शिक्षाशास्त्र सङ्कायको तीन वर्षे स्नातक दोस्रो वर्षमा निर्धारित कथा र उपन्यासअन्तर्गत रहेको 'पहेंलो गुलाफ' कथाको अध्ययन गरिएको छ । उक्त शोधकार्यका लागि आवश्यक सबै तथ्य सङ्कलन गरिएको छ । 'पहेंलो गुलाफ' कथामा प्रयुक्त सङ्कथनका युक्ति सम्बद्धक र सम्बद्धनको व्याख्या विश्लेषण गरिएको छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक धरातलमा टेकेर उक्त कथाको विश्लेषण गर्दै सम्बद्धकअन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजक, प्रतिस्थापन, लोप र निपातजस्ता सम्बद्धकको विश्लेषण गरिएको छ । त्यस्तै कोशीय सम्बद्धकमा समावेशक, समावेश्य सम्बद्धक, पुनरावृत्ति, पर्यायवाची, विपरितार्थी र सन्निधान-सहप्रयोगजस्ता सम्बद्धकहरूको व्याख्या गरिएको छ । त्यसै गरी सम्बद्धनतर्फ सामान्य विशिष्टको सम्बन्ध, विशिष्ट सामान्यको सम्बन्ध, कार्यकारण सम्बन्ध, कारण कार्यको सम्बन्ध, प्रभाव परिणामको सम्बन्ध, परिणाम प्रभावको सम्बन्ध, परिवेश घटनाको सम्बन्ध, घटना परिवेशको सम्बन्ध, आर्थी पर्यायको सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध, तुलनात्मक सम्बन्ध, प्रयोजनको सम्बन्ध आदिजस्ता सम्बद्धनहरूको व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार छ :

**अध्याय एक : शोध परिचय**

यस अध्यायअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनका सीमाङ्कन शीर्षकहरू समेटिएका छन् ।

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

अध्याय दुईअन्तर्गत पूर्वकार्यको समीक्षा (पुस्तक समिक्षा र शोध समीक्षा), सङ्कथनको सैद्धान्तिक अवधारणा, सङ्कथनको परिचय, परिभाषा र प्रकार (कथ्य र लेख्य सङ्कथन) सङ्कथन विश्लेषणको परिचय, सङ्कथन विश्लेषणका पद्धतिहरू (ऊर्ध्व गमन पद्धति, अधो गमन पद्धति र अन्तर्क्रियात्मक पद्धति) सङ्कथनका तत्त्वहरू (प्रस्तोता, श्रोता, माध्यम मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय कोड, परिवेश), सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनका साथै सम्बद्धक र सम्बद्धनका प्रकारहरू शीर्षकहरू समेटिएका छन् ।

**अध्याय तीन : अध्ययन विधि प्रक्रिया र शोधपत्रको रूपरेखा**

अध्याय तीनअन्तर्गत उक्त शोधकार्यमा अपनाइएका अध्ययन विधि, तथ्याङ्क सङ्कलन (प्राथमिक र द्वितीयक स्रोत) तथ्याङ्कको व्याख्या र विश्लेषण तथा शोधपत्रको रूपरेखाजस्ता कुराहरूलाई यस अध्यायमा समेटिएका छन् ।

**अध्याय चार : पहेंलो गुलाफ कथामा वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको व्याख्या तथा विश्लेषण**

प्रस्तुत शोधपत्रको अध्याय चारअन्तर्गत 'पहेंलो गुलाफ' कथालाई सम्बद्धकका दृष्टिले विभिन्न प्रकारहरूमा छुट्याई उक्त कथाका आधारमा वाक्य-वाक्यलाई सूक्ष्म रूपमा केलाई छुट्याएर उक्त कथाको अनुच्छेद सङ्ख्यासमेत छुट्याउने काम गरिएको छ र 'पहेंलो गुलाफ' कथाको विश्लेषण गरिएको छ ।

**अध्याय पाँच : पहेंलो गुलाफ कथामा वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनको व्याख्या तथा विश्लेषण**

प्रस्तुत शोधपत्रको अध्याय पाँचअन्तर्गत 'पहेंलो गुलाफ' कथालाई सम्बद्धनका दृष्टिले विभिन्न प्रकारहरूमा छुट्याई उक्त कथाका आधारमा वाक्य-वाक्यलाई सूक्ष्म रूपमा केलाई छुट्याएर उक्त कथाको अनुच्छेद सङ्ख्यासमेत छुट्याउने काम गरिएको छ र 'पहेंलो गुलाफ' कथाको विश्लेषण गरिएको छ ।

**अध्याय छ : सारांश, निष्कर्ष र उपयोगिता**

यस अध्यायअन्तर्गत प्रस्तुत शोधको सारांश, निष्कर्ष, उपयोगिता, सन्दर्भसामग्री र व्यक्तिगत विवरणजस्ता शीर्षकहरू समावेश गर्दै उक्त शोधकार्यलाई समाप्त गरिएको छ ।

## अध्याय चार

# पहेंलो गुलाफ कथामा वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको व्याख्या र विश्लेषण

## ४.१ पहेंलो गुलाफ कथामा वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको अध्ययन र पहिचान

स्नातक तह शिक्षाशास्त्र सङ्काय दोस्रो वर्षमा निर्धारित ऐच्छिक नेपाली पाठ्यपुस्तकमा रहेका विभिन्न कथाहरूमध्ये 'पहेंलो गुलाफ' कथाको विभिन्न वाक्यमा प्रयोग भएका सम्बद्धकहरूको विश्लेषण गर्ने कार्य यस अध्यायमा गरिएको छ । अघिल्लो अध्यायको सैद्धान्तिक खण्डअन्तर्गत चर्चा गरिएका सम्बद्धकका प्रायः सबै प्रकारहरूको खोजी गर्ने प्रयास यस कथामा गरिएको छ । यसका साथै सम्बद्धक प्रयुक्त वाक्यहरू प्रस्तुत गर्दै वाक्यको अन्त्यमा अनुच्छेद सङ्ख्या दिइएको छ । सम्बद्धकलाई व्याकरणिक र कोशीय गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ, जुन निम्नानुसार छन् :

### ४.१.१ व्याकरणिक सम्बद्धक

सङ्कथनको संरचनामा आउने भाषिक वाक्यहरूलाई व्याकरणिक आधारमा जोड्न आउने सम्बद्धकहरूलाई व्याकरणिक सम्बद्धक भनिन्छ । सङ्कथनमा यसको भूमिका वाक्यहरूलाई व्याकरणिक कोटिका आधारमा निर्धारण गर्नु हो । व्याकरणिक सम्बद्धकहरूलाई पनि विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### ४.१.१.१ सार्वनामिक सम्बद्धक

कुनै पनि वाक्यहरूको बीचमा आउने कथनहरूलाई श्रृङ्खलित बनाउने भूमिका खेल्ने सर्वनामलाई सार्वनामिक सम्बद्धक भनिन्छ । यसले वाक्यमा अग्र सन्दर्भक र पश्चसन्दर्भक भएर सङ्कथनमा महत्त्वपूर्ण काम गरेको हुन्छ । सार्वनामिक सम्बद्धकलाई पनि विभिन्न आधारमा छुट्याइएको पाइन्छ । जुन तल निम्नअनुसार छन्:

(क) पुरूषवाचक सार्वनामिक सम्बद्धक

सङ्कथनमा वक्ता, श्रोता र विषयगत सन्दर्भलाई जनाउन आउने सम्बद्धकलाई पुरूषवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । यिनीहरू पनि तीन प्रकारका हुन्छन । तिनीहरू

प्रथम पुरूष, द्वितीय पुरूष र तृतीय पुरूष हुन् । यस्ता तीन प्रकारका पुरूषहरूमा पनि एकवचन र बहुवचनको प्रयोग लागू हुने गर्दछ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका प्रथम, द्वितीय र तृतीय पुरूषवाचक सार्वनामिक सम्बद्धकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**पहेंलो गुलाफ कथामा प्रयुक्त प्रथम, द्वितीय र तृतीय पुरूषवाचक सार्वनामिक सम्बद्धक**

| प्रथम पुरूष | | द्वितीय पुरूष | | तृतीय पुरूष | |
|---|---|---|---|---|---|
| एकवचन | बहुबचन | एकवचन | बहुबचन | एकवचन | बहुबचन |
| मैले, म, मलाई, मेरो | हाम्रो, हामी, हाम्रै | तिमीलाई | | उहाँसित, उहाँले, ऊ, उहाँलाई, उहाँकै, उसले, उहाँ, उसलाई | उनीहरू, तिनीहरू |

**(अ) प्रथम पुरूषवाचक सार्वनामिक सम्बद्धक**

सङ्कथनमा वक्ताको सन्दर्भ जनाउने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । म, हामी र हामीहरू प्रथम पुरूषवाचक सार्वनामिक सम्बद्धकहरू हुन् । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका प्रथम पुरूषवाचक सार्वनामिक सम्बद्धहरू निम्न छन्:

- दुई महिनादेखि मैले केही लेख्न सकेकी छैन । (१)
- म भित्रको खाली झन् झन् बढ्दै गएजस्तो लाग्छ । (१)
- कस्तो खाली हो म आफैं जान्दिनँ । (१)
- म ज्यादै दुब्लाइसके । (१)
- मलाई टी.बी. भएको रहेछ । (१)
- मेरो छातीको एक्सरे गरेको डाक्टरले भन्थ्यो । मेरो दायाँ फोक्सो ज्यादै खराब भइसकेको छ रे । (१)

- साँच्चै मलाई यस्तै लाग्छ, मेरो फोक्सो अब कुहिएर फतफती झर्न मात्र बाँकी छ । (१)
- मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ तर उहाँले हुन्छ हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- उहाँ भन्नुहुन्छ, मलाई केही भएको छैन, चाँडै नै निको हुन्छ रे । (१)
- छकिने जति म पहिले नै छकिसकेकी छु नि । (१)
- यो थूकसित लतपतिएको रगत, यो कुहिएको फोक्सो सबै मेरा आफ्नै कमजोरीका उपलब्धि हुन् अझ कति म छकिऊँ, कति घाटा परूँ । (१)
- उहाँ मलाई कति माया देखाउनुहुन्छ, कति स्याहार गर्नुहुन्छ, सधैं मेरो अगाडि आएर घन्टौ घन्टौ बसिरहनुहुन्छ । (१)
- मलाई कत्रो भयङ्कर सरूवा रोगले च्यापेको छ, यो उहाँलाई थाहा छैन र ? तैपनि उहाँ डराउनु हुन्न म के गरूँ । हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झँदैमा मेरो मुटु अझै थरथर काम्छ । (१)
- उहाँ मेरो अगाडि हुनुहुन्थ्यो, बस्दाबस्दै मलाई एकतमासको खोकीले च्याप्यो, मुटु थर्केर बाहिर निस्कला जस्तो भएको थियो मेरो अनि उहाँ कति डराउनु भएको थियो त्यस बेला । (१)
- मलाई आफ्नै सूर थिएन, पछि पो थाहा पाएँ उहाँले आफ्नै रेशमी रूमालले त्यो थुक र न्याल थाप्नु भएछ । (१)
- म छक्क पर्छु उहाँको लापरवाही देखेर, कस्तो केटोकेटी जस्तो मान्छे । (१)
- मैले नै एकचोटि उहाँलाई किनेर दिएको, कति खुशी हुनुभएको थियो त्यो रूमाल पाएर । (१)
- मलाई प्याजी रङ चौपट्टै मन पर्छ, मेरो बाकस र दराजभरिको सबै लुगा धेरैजसो प्याजी रङकै छन् । (१)
- प्याजी रङ् देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ त्यसैले उहाँ जिस्काउनु हुन्थ्यो - तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखूँ कि ! (१)
- त्यति मात्रै होइन, उहाँ मेरो प्रसन्नता र रूचिको ज्यादै कदर गर्नुहुन्छ । (१)

- घरमा मेरो ड्राइङरुम अगाडि दूबोको चउरभरि प्याजी रङका जर्मेराहरू लगाइदिनु भएकोछ, म घण्टौँ घण्टौँ ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थे । (१)
- कति आनन्द लाग्दथ्यो त्यसो गर्न मलाई । (१)
- म यहाँ छु, ती फूलहरूको स्याहार कसले गरिदिदो हो । (१)
- मेरो फोक्सोका कीराहरू सबै उहाँको कोटभरि सलबलाइरहेका होलान् । (१)
- छि : धोएर पनि के गर्नु त्यो रोगी रूमाल त्यसैले मैले फोहोर मिल्काउने भाँडोमा हालिदिएँ ।
- उहाँ मलाई कति माया गर्नुहुन्छ, म परी लाउन सक्तिनँ । (१)
- मलाई थाहा छ त्यो हुन म कहिल्यै सकुँला ? म खुशी छैन अझै पनि यो कस्तो माया हो जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१)
- यतिको माया पाएर पनि म खाली खाली छु । (१)
- दुई महिनासम्म म ज्यादै थलिएँ, अहिले अलि सन्चो छ, तर के । (१)
- टी.बी. का कीराले खानुसम्म मेरो फोक्सोलाई खाइसकेका छन् । त्यहाँ त खाली झ्याङ्प्वाल मात्रै होलान् ।
- कहिलेकाहीँ मलाई छातीभरी मुटुभरी बतास छिरेजस्तो लाग्छ, त्यसैले म भित्र हावैहावा मात्र छ, हावा भरिएको बेलुन । (१)
- मेरो फोक्सोको झ्याङ्प्वाल च्यातिएर ठूलो प्वाल भइसक्यो सिङ्गै आकाश अटाउन सक्छ यहाँ, एउटा रित्तो आकाश म पनि भरिदिन्छु । ती भएभरका रिक्तताहरूलाई आफूमा अटाएसम्म । (१)
- मलाई खान मन थिएन, गिलासतिर मैले हेर्दै हेरिनँ, उहाँको कुरामा पनि साथ दिइनँ । (२)
- मेरो मन हिजोदेखि उदास-उदास थियो, चल्न बोल्न मन थिएन । (२)
- केही बेरसम्म अनारको रस लिएर उहाँले मलाई फुल्याइरहनु भयो । (२)
- मैले सुन्दै सुनिन । (२)

- आखिर उहाँले नै जर्बजस्ती मेरो टाउको समातेर त्यो गुलाफी झोल मेरो मुखभित्र खन्यादिनुभयो । (२)
- मुखमा लागेको अनारको रस च्यापच्याप झोल मैले राम्ररी पुछ्न पनि पाइनँ एक्कासी गोहीका तीखा दाह्राले मेरो ओठलाई कस्याम्प चपाए म रन्थनिए अहिले दुई घण्टा अगाडि मात्रै पो म बिउँझे । (२)
- यो मेरो पाखुरा किन यसरी दुखेको बेसरी बटारेको जस्तो भइरहेछ । (२)
- मेरो चोलोमाथि कोट उहाँले छोडेर जानुभएछ । (२)
- यो कोट मेरो चोलोमाथि, मेरो, सेतोचोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्ना तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ । (२)
- मेरो ओठभरि अघि उहाँले लाइदिएर जानुभएको थूक अझै लपक्कै भिजेको छ। (२)
- यी तिनदिन उहाँले एक मिनेटको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अँगालोभित्र । (३)
- म रोगी, त्यही, पनि क्षयका कीराले ध्वस्त पारिसकेका त्यति उम्कन सक्ने बल कहाँ पाउनु मैले । (३)
- म यहाँ बस्न आएदेखि नै यो गुलाफको बोट यही छ । तल पार्टीकोदेखि पस्रेर आएका यसका एक दुई लहरा मेरो कोठाको झ्यालमा सधैं यसैगरी लत्रिरहन्छन् । (४)
- म जस्तै रोगी छ यो गुलाफलको बोट, पहेंला फूल मात्रै फुल्छन् । (४)
- त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा झुसिल्कीरा पनि बस्न दिन्न, देखेको बेला एक दुईवटा झुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु । (४)
- पहेंलो हाम्रै एउटै संवेदना । (४)
- मेरो झर्को लाग्ने बानी, अलिकति अबेर भए पनि पट्याइ लाग्छ । (४)
- अब त मलाई उहाँकै प्रतीक्षा छ, खाली उहाँकै । (५)
- उहाँको उत्तरमा भिजेको चिसो बासना आउने हात, चिसो ओठ मेरो रोगको एउटै सान्त्वना । (६)
- त्यसैबाट त उहाँ मलाई सन्तोष दिन खोज्नुहुन्छ । (६)

- यही यस्तै हात र ओठको सन्तोष चार वर्षदेखि उहाँले मलाई दिँदै आउनुभएको छ । (६)
- म थाकिसकेकी छु, बिल्कुलै थासिकेकी छु । (६)
- उहाँ मलाई माया गर्नुहुन्छ, मेरो हरेक इच्छा र चिन्ताको उहाँलाई फिक्री छ। (६)
- उहाँ मलाई चाट्नुहुन्छ, बिरालोले बच्चालाई चाटे जत्तिकै, तर उहाँलाई पत्तै हुँदैन । (६)
- उहाँ भित्रको सशक्त पुरूष ढाडे बिरालो जत्तिकै निर्दयी भएर मलाई लछार्छ, पछार्छ, भुत्ल्याउँछ । (६)
- हाम्रो विवाहको चार वर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ । (६)
- तर उहाँलाई के पत्तो उहाँको त्यस सुमसुम्याइमा म कति बिथोलिएकी छु, कति नाङ्गिएकी छु । (६)
- विवाहको पहिलो रातमै मैले आफूलाई उहाँमा समर्पित गरिदिएँ । (६)
- त्यस बेला मेरा आँखामा कति सपना भरिएका थिए, उहाँलाई पाएर मलाई सर्वस्व पाएजस्तो लागेको थियो । (६)
- उहाँको त्यस निलिप्त मायामा मैले बाँध भएर फुट्न होइन बरू पोखरीझैं आफूभित्रै जमेर बस्न खोजकी थिए । (६)
- एउटै जोशमा बग्नुभयो । मलाई पनि बगाउनु भयो । (६)
- माया गर्दागर्दै उहाँले मेरो अन्तर बाह्य दुवैलाई मथेर पानी जस्तै पतल्याउनुभयो । (६)
- म बगे । (६)
- मलाई बग्न कर लाग्यो- बाटो उहाँले खोलिदिनु भएकै थियो । (६)
- उहाँ लोग्ने मानिस हुनुहुन्छ, म स्वास्नेमानिस, यो बाहेक अरू सबै उहाँले बिर्सनुभयो, किनभने म एउटी लोभलाग्दी सिङ्गै मासुको डल्ला त उहाँको अगाडि छँदै थिए नि ! (६)

- उहाँ लोभी स्यालजत्तिकै म माथि खनिनुभयो । मेरो आदर्शको तहलाई उत्काइदिनुभयो । (६)
- त्यहादेखि म कागती झैं उहाँको मुट्ठीभित्र बरोबर निचोरिँदै आएकी छु च्युइङ्गम जत्तिकै उहाँको तातो थूकमा पग्लिएकी छु । (६)
- अब त के छ र म सित । (६)
- मेरो औषधि खाने बेला भएछ, डाक्टर आउँछ अब । (६)
- म पनि त्यही रित्तो औस हुँ । (६)
- घाटा म पो परेकी छु । (६)
- तैपनि उहाँलाई म माथि दया उठ्दैन । (६)
- मसित यो झिनो जीऊ र कुहिएको फोक्सो बाहेक अरू के छ र अझै के लिन आउनुहुन्छ यहाँ ? (६)
- टी.बी.भएको सुनेर मलाई दुःख लागेन बरू खुसी लाग्यो । (६)
- मैले सोचेकी थिएँ कमसेकम यो यातनाबाट छुटकरा त पाइयो । (७)
- त्यसै दिन ईश्वरको नाममा एउटा धूप सल्काएँ, मेरो मन ढुक्क भयो । (७)
- एउटा दुःखमा अर्को दुःखलाई बिर्सने प्रयत्न गरे तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नु परेको छ । (७)
- दुई महिना थला परेको बेलाबाहेक छ महिना मैले नर्कको कीराझैं उहाँको थूकभित्र लतपतिएर काटे । (७)
- मेरो हातखुट्टा सबै यसैमा टाँस्सिएका छन्, न आँखा उघार्न सक्छु म । (७)
- मेरो परेला यही प्याच-प्याच परेको थूकमा जमेको छ, कहाँ छ स्वर्ग ? (७)
- म त्यसो गर्न पनि सक्दिनँ । (७)
- थाहा किन नहोस् उसलाई म उसकै हातको प्राइभेट पेसेन्ट । (८)
- हिजो राती पनि त्यसबेलासम्म उहाँ पलङ्मा मेरै छेउमा पल्टिरहनु भएको थियो । (८)
- मेरो मुख रन्न तात्यो, मैले उहाँलाई हेरे । (८)
- मलाई ज्यादै थकथकी लाग्यो, के गर्नु सबै कुरा बुझेर पनि लाज पचाएरै बसे । (८)

- कहिलेदेखि पर्खेको मैले यो पहेंलो गुलाफलाई, अझ अरू त फुलेकै छैनन्। (१०)
- मेरो काम झुसिल्कीरा टिपेर फ्याँक्ने भइसक्यो । (१०)
- सानुचा मेरो बुस्कुटमा पल्किरहेको छ । (१०)
- त्यसले दाँत देखायो भने म कुरा बुझिहाल्छु, बिचरो । (१०)
- एउटा निर्जीव शताब्दी अघिको फसिलसित जोडिन पुगेकी छु म । (११)
- हिजो उहाँले सुताउनुसम्म सुताउनुभयो मलाई । (१२)
- चीलले मूसालाई झुण्ड्याएझैं झुण्ड्याएर मलाई माथि माथि आकाश सबै घुमाउनुभयो । (१२)
- अहिले भर्खर फेरि डाक्टर मलाई इन्जेक्सन दिन आयो । (१२)
- डाक्टरले हातमा सिरिन्ज लिएर मेरो फिलालाई हेरी मात्रै रह्यो । (१२)
- मैले डाक्टरलाई भने सपनामा मलाई आकाश माथि माथि घुमेजस्तो लागेको थियो । (१२)
- . . . मलाई हेरेर गयो । (१३)
- अस्तिदेखि मेरो छाती दुख्न थालेको छ । (१४)
- पहिले त अलि अलि मात्रै दुखेको थियो, मैले वास्ता पनि गरिनँ । (१४)
- हिजोदेखि त दुखेको झन्झन् बढ्न थाल्यो, मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिन पनि । (१४)
- म नबोलेर हुन्छ र । (१४)
- उफ् । आजित पारिसक्यो यो झुसिल्कीराले मलाई । (१५)
- हिजो आउँदा आउँदै एक गुच्छा प्याजी फूल मेरो हातमा थमाइदिनुभयो उहाँले। (१६)
- मैले त्यसै टेबुलमाथि राखेकी थिएँ, त्यो फूलको गुच्छा । (१६)
- मेरो हातमा छ्यास्स झुस लाग्यो त्यति राम्रो फूल त्यहाँ पनि एउटा झुसिल्कीरा रहेछ । (१६)
- हातभरि चिलाउने डाबरहरू उठे अनि कताकता उहाँको हललल हाँसो मेरो बिरामी प्राइभेट कोठाभरि धन्क्यो । (१६)
- म तर्सिएँ उहाँले मलाई दुःखै दिन खोज्नु भएको रहेछ । (१६)

- त्यो प्याजी फूल मैले पर-पर मिल्काउन पठाइदिए नत्र त्यो भुसिल्कीरा फेरि मेरो यो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो । (१६)
- ओह ! कस्तो खोकीले च्यापेको मलाई । (१७)
- हिजोको जस्तै एक गुच्छा प्याजी फूल दिएर मेरो छातीमा झन् दुख्ने थपेर जानुहुनेछ । (१७)
- यसै गरी छाती चस्कँदा चस्कँदै रगत ओकेल्दा ओकेल्दै म सकिन्छु । (१७)
- मलाई उहाँले सक्नै खोज्नु भएको हो । (१७)
- केही छैन म सकिइसकेकी छु, फेरि सकिनुमा मलाई के चिन्ता । (१७)
- म सम्पूर्णता चाहन्न, सबै पाइसकेकी छु । (१७)
- अब त घीन लाग्छ ती सबदेखि मलाई थाहा छ अब म निको हुन्नँ हुँदै हुन्नँ । (१७)
- उहाँ अहिले आउनुहुन्छ, ठट्टैठट्टामा एकै डल्लो पारी मलाई बेसरी निचोरेर जानुहुन्छ । (१७)
- रातो गुलाफ मेरो आँखाभरि तिर्मिराएर गयो । (१७)
- उफ् ! म सहन सक्दिन, मेरो मुटु किन यस्तरी हल्लन थालेको ! यो फलामको पलङ्ग पग्लेर मेरो जीउभरि टाँस्सिइसक्यो । (१७)
- ओह ! सूर्य टुक्रिन्छ अब मेरो टाउकोमा । (१८)
- एकैचोटि आगो खनिन्छ, म डढ्छु, यी साना गुलाफ पनि डढ्छन् म सित । (१८)
- मेरो छाती चस्क्यो, मुटु हल्लेको कसरी, भित्रभित्रै भुइँचालो छुटेजस्तो छ । (१८)
- फुट्न लाग्यो मेरो छाती, फुट्न लाग्यो, खै रगतको छेलो खेलो बग्छ । (१८)
- उहाँ पनि आइपुग्नु हुने बेला भयो, आउनु हुन्छ, मेरो छाती ..... (१८)
- म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु उहाँलाई । (१९)
- म पनि बिरालो हुन्छु, खस्रो काँढा उम्रेको जिब्रोले चाट्छु, उहाँको कमलो आङभरि । (१९)
- उहाँको गुलाफी आङ गाडेर एक-एक चोक्टा मासु झिक्छु र मेरो फोक्सोका जम्मै कीरा त्यसमा भरिदिन्छु । (१९)

- मलाई माया गर्ने त्यो गुलाफी आङ पनि मेरो आङ जस्तै कत्ला परेको साह्रो फसिल हुनुपर्छ । (१९)
- उहाँका ती दूध निस्कलान् जस्ता ओठ कति लोभलाग्दा छन् खै मेरो त्यस्तो । (१९)
- त्यसभित्रकोआलो रगतमा मेरो कुहिएको रगत जति सप्पै खन्याइदिन्छु । (१९)
- उहाँको मायाको प्रतिदान मेरो पनि त्यस्तै माया । (१९)
- उहाँ मलाई माया गर्नुहुन्छ । (१९)
- त्यसैले म पनि उहाँलाई माया गर्छु । (१९)
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङ्मा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो । (१९)
- आज म उहाँलाई छोड्दै छोड्दिन । (१९)
- उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै भ्याङ्प्वाल, सिङ्गै आकाश अटाउन सक्ने भ्याङ्प्वाल, हाम्रो फोक्सोको भ्याङ्प्वाल बढ्दै एक ठाउँमा गएर मिल्छ, हामी ठूलो शुन्य बन्छौ । (१९)
- च्चः मेरो पहेंलो गुलाफ एउटा एउटा पातमा एउटा एउटा लाभ्रे- पहेंलो हाम्रै एउटै संवेदना । (१९)

माथिका वाक्यहरूमा रेखाङ्कन गरिएका 'मैले', 'म', 'मलाई', 'मेरो' प्रथम पुरूषवाचक एकवचनअन्तर्गत पर्ने सार्वनामिक सम्बद्धक हुन् भने 'हाम्रो', 'हामी' र 'हाम्रै' बहुबचनअन्तर्गत पर्ने प्रथम पुरूषवाचक सार्वनामिक सम्बद्धक हुन् । यिनीहरूले वाक्यमा म, मैले, मलाई, हाम्रो, हामी र हाम्रै सन्दर्भलाई जनाउँदै कथालाई अगाडि बढाएका छन् ।

### आ. द्वितीय पुरूषवाचक सार्वनामिक सम्बद्धक

सङ्कथनमा श्रोताको सन्दर्भ जनाउने सर्वनाम द्वितीय पुरूषवाचक सार्वनामिक सम्बद्धक हुन् । तँ, तिमी, तिमीहरू, तपाइँ, तपाइँहरू, यहाँ यसका उदाहरणहरू हुन् । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका द्वितीय पुरूषवाचक सार्वनामिक सम्बद्धकहरू तल निम्नानुसार छन् :

- तिमीलाई त प्याजीरङको टबभित्रै पो डुबाइराखूँ कि ! (१)

उपर्युक्त वाक्यमा आएका तिमी द्वितीय पुरूषवाचक एकवचन सार्वनामिक सम्बद्धक हुन् । यी वाक्यमा आएका तिमी पात्रलाई म पात्रले प्याजी रङ्ग असाध्यै मनपर्ने कुरा बताउँदै प्याजी रङको टबभित्रै डुबाइराखूँ कि ! भन्ने सन्दर्भमा द्वितीय पुरूषको प्रयोग भएको छ ।

**इ. तृतीय पुरूषवाचक सार्वनामिक सम्बद्धक**

सङ्कथनमा वक्ता र श्रोताको भन्दा भिन्न कथ्य विषयसँग सम्बन्धित सन्दर्भ जनाउने सर्वनामहरू तृतीय पुरूषवाचक सार्वनामिक सम्बद्धकहरू हुन् । यो, यी, यिनी, तिनी, यी, यिनीहरू, उहाँ, यिनका यसका उदाहरणहरू हुन् ।

'पहेंलो गुलाफ' कथामा प्रयोग भएका तृतीय पुरुषवाचक सार्वनामिक सम्बद्धकहरू निम्नानुसार छन् :

- मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- उहाँ भन्नुहुन्छ, मलाई केही भएको छैन, चाँडै नै निको हुन्छ रे ! (१)
- मलाई कत्रो भयङ्कर सरूवा रोगले च्यापेको छ, यो उहाँलाई थाहा छैन र ? तैपनि उहाँ डराउनु हुन्न, घिनाउनुहुन्न । (१)
- मलाई उहाँको ज्यादै पीर लाग्छ, कति चोटि उहाँलाई मैले आफ्नो नजिकबाट हटाइसके, उहाँ मान्नुहुन्न, म के गरूँ । हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झँदैमा मेरो मुटु अझै थर्रथर्र काम्छ । (१)
- उहाँ मेरो अगाडि हुनुहुन्थ्यो, बस्दाबस्दै मलाई एकतमासको खोकीले च्याप्यो, मुटु थर्केर बाहिर निस्कला जस्तो भएको थियो मेरो, अनि उहाँ कति डराउनुभएको थियो त्यसबेला । (१)
- उहाँले आफ्नै रेशमी रूमालले त्यो थूक र च्याल थाप्नुभएछ । (१)
- म छक्क पर्छु उहाँको लापरवाही देखेर कस्तो केटाकेटी जस्तो मान्छे ! अघि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रूमाल निस्क्यो । फोहोरले कटकटिएको । (१)
- कति राम्रो थियो त्यो रूमाल, प्याजी रङको प्योर सिल्कको, मैले नै एकचोटि उहाँलाई किनेर दिएको कति खुशी हुनुभएको थियो त्यो रूमाल पाएर । (१)

- प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ, त्यसैले उहाँ जिस्काउनुहुन्थ्यो- तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखूँ कि । त्यति मात्रै होइन, उहाँ मेरो प्रसन्नता र रूचिको ज्यादै कदर गर्नुहुन्छ । (१)
- घरमा मेरो ड्राइङ्रूम अगाडि दुबोको चउरभरि उहाँले प्याजी रङका जेर्मेराहरू लगाइदिनुभएको छ ....... हेरिरहन्थ्ये । (१)
- मेरो फोक्सोका कीराहरू सबै उहाँको कोटभरि सलबलाइरहेका होलान् । (१)
- उहाँ मलाई कति माया गर्नुहुन्छ, म परी लाउन सक्तिनँ ।
- उहाँ आउनुभयो । (१)
- मलाई खान मन थिएन, गिलासतिर मैले हेर्दै हेरिनँ, उहाँको कुरामा पनि साथ दिइनँ । (२)
- केहीबेर सम्म हातमा अनारको रस लिएर उहाँले मलाई फुल्याइरहनुभयो । (२)
- आखिर उहाँले नै जबर्दस्ती मेरो टाउको समातेर त्यो गुलाफी झोल मेरो मुखभित्र खन्याइदिनुभयो । (२)
- खोइ उहाँ त गइसक्नुभएछ । (२)
- मेरो चोलोमाथि कोट उहाँले छोडेर जानुभएछ । (२)
- यो कोट मेरो चोलोमाथि मेरो सेतो चोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्नो, तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ, पहिलेको जस्तै होइन अझ बढ्ता पहिलेको भन्दा पनि बढ्ता । (२)
- ओह, उहाँको सुमसुम्याइमा कति तत्परता छ, त्यो चाटाइमा कति लोलुपता छ। (२)
- मेरो ओठभरि अघि उहाँले लाइदिएर जानुभएको थूक अझै लपक्क भिजेको छ। (२)
- यी तीन दिन उहाँले एक मिनेटको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अँगालोभित्र । (३)
- अहिलेसम्म उहाँ आउनुभएन । (५)
- अब त मलाई उहाँकै प्रतीक्षा छ, खाली उहाँकै । (५)
- उहाँको उत्तरमा भिजेको चिसो बासना आउने हात, चिसो ओठ मेरो रोगको एउटै सान्त्वना । (६)

- त्यसैबाट त उहाँ मलाई सन्तोष दिन खोज्नु हुन्छ । (६)
- यही त्यस्तै हात र ओठको सन्तोष चार वर्षदेखि उहाँले मलाई दिँदै आउनुभएको छ । (६)
- यी सन्तोषहरूबाट उहाँ भने अझै थाक्नुभएको छैन ।
- उहाँ भित्रको अर्को पुरूष अझ उहाँभन्दा पनि बलियो र सशक्त छ ।
- उहाँ मलाई माया गर्नुहुन्छ, मेरो हरेक इच्छा र चिन्ताको उहाँलाई फिक्री छ । (६)
- उहाँ मलाई चाट्नुहुन्छ बिरालाले बच्चालाई चाटे जत्तिकै, तर उहाँलाई पत्तै हुँदैन । (६)
- उहाँ भित्रको सशक्त पुरूष ढाडे बिरालो जतिकै निर्दयी भएर मलाई लछार्छ, पछार्छ, भुत्ल्याउँछ । (६)
- हाम्रो विवाहको चार वर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ । (६)
- तर उहाँलाई के पत्तो उहाँको त्यस सुमसुम्याइमा म कति बिथोलिएकी छु, कति नाङ्गिएकी छु । (६)
- विवाहको पहिलो रातमै मैले आफूलाई उहाँमा समर्पित गरिदिए । (६)
- त्यसबेला मेरा आँखामा कति सपना भरिएका थिए, उहाँलाई पाएर मलाई सर्वस्व पाए जस्तो लागेको थियो । (६)
- उहाँको त्यस निर्लिप्त मायामा मैले बाध भएर फुट्न होइन बरू पोखरीझैं आफूभित्रै जमेर बस्न खोजेकी थिए । (६)
- उफ् उहाँ त बेगवान् पुरूष हुनुहुन्थ्यो । (६)
- माया गर्दागर्दै उहाँले मेरो अन्तर-बाह्य दुवैलाई मथेर पानी जस्तै पतल्याउनुभयो । (६)
- मलाई बग्न कर लाग्यो- बाटो उहाँले खोलिदिनुभएकै थियो । (६)
- उहाँ लोग्ने मानिस हुनुहुन्छ म स्वास्नी मान्छे, यो बोहक अरू सबै उहाँले बिर्सनुभयो, किनभने म एउटीलोभलाग्दी सिङ्गै मासुको डल्ला त उहाँको अगाडि छँदै थिएँ नि ! त्यतिमै उहाँ सन्तुष्ट हुनुभयो । (६)

- उहाँ लोभी स्याल जत्तिकै ममाथि खनिनुभयो र मेरो आदर्शका तहलाई उप्काइदिनुभयो । (६)
- त्यहाँदेखि म कागतीझैं उहाँको मुट्ठीभित्र बरोबर निचोरिँदै आएकी छु, चुइङ्गम जत्तिकै उहाँको तातो थूकमा पग्लिएकी छु ।
- ऊ डाक्टर । (६)
- डाक्टर गयो रित्तो औंस लिएर, अर्को कोठामा पुगेपछि उसले फेरि त्यो औंसलाई औषधिले भर्छ, फेरि रित्याउँछ । (६)
- भएको जति उहाँले सबै सिध्याउनु भइहाल्यो । (६)
- साँच्चै यी चार वर्ष भित्रमा उहाँ अलिकति पनि घाटा पर्नु भएको छैन । (६)
- उहाँलाई के छ र अझ नाफै नाफा छ, लोग्नेभन्दा पनि बढी उहाँ एउटा चतुर घिउ पसले सावित भइसक्नुभएको छ, तैपनि उहाँलाई ममाथि दया उठ्दैन । (६)
- दुई महिना थला परेको बेलाबाहेक छ महिना मैले नर्कको कीराझैं उहाँको थूकभित्र लतपतिएर काटेकी छु । (७)
- उसलाई पनि सबै कुरा थाहा छ । (८)
- थाहा किन नहोस् उसलाई म उसकै हातको प्राइभेट पेसेन्ट । (८)
- हिजो राती पनि त्यसबेलासम्म उहाँ पलङ्मा मेरै छेउमा पल्टिरहनु भएको थियो । (८)
- डाक्टर के कामले हो झ्यासझ्यास्ती कोठाभित्र पस्यो, फेरि ठाडै खुट्टाले ऊ फर्कियो । (८)
- एक छिनपछि उहाँलाई डाक्टरले बोलायो उहाँ हाँस्तै कोठाबाट निस्कनुभयो र फेरि हास्तै फर्किनुभयो । (८)
- सिल्ली डाक्टर ! मेरो मुख रन्न तात्यो, मैले उहाँलाई हेरे । (८)
- उहाँको अनुहार निर्विकार थियो । (८)
- उहाँ आउनुभयो, ऊ मोटरको आवाज हाम्रै क्याडिलक हो । (९)
- ऊ ढोकामा पाँच वर्षको खियाउटे केटो । (१०)

- ऊ यहाँ कुचो लाउने काम गर्छे रोगीको कोठा-कोठा डुलेर फोहोर बेड प्यानहरू उठाउँछे । (१०)
- उसको आफ्नै जिन्दगी छ । (१०)
- हिजो उहाँले सुताउनुसम्म सुताउनुभयो मलाई । (१२)
- मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिन पनि । (१४)
- म नबोलेर हुन्छ र ! उहाँ त आफ्नै धूनमा बौलाहा जत्तिकै फतफताइरहनुभयो, सनकी जस्तै हललल हाँसिरहनुभयो । (१४)
- हिजो आउँदा आउँदै एक गुच्छा प्याजी फूल मेरो हातमा थमाइदिनु भयो उहाँले । (१६)
- मैले त्यसै टेबुलमाथि राखेकी थिएँ, त्यो फूलको गुच्छा उहाँ घर जानुभएपछि त्यसलाई उठाएर हेरे, प्याजी फूल धेरै पछि खेलाउन पाएकी त्यसैले हेरिरहे एक एक वटा गरी गने । (१६)
- हातभरि चिलाउने डाबरहरू उठे अनि कताकता उहाँको हललल हाँसो मेरो बिरामी प्राइभेट कोठाभरि घन्क्यो । (१६)
- म तर्सिएँ, उहाँले मलाई दुःखै दिन खोज्नुभएको रहेछ । (१६)
- उहाँ पनि आउनुहुने बेला भयो । (१७)
- मलाई उहाँले सक्नै खोज्नुभएको हो । (१७)
- उहाँ अहिले आउनुहुन्छ, ठट्टैठट्टामा एकै डल्लो पारी मलाई बेसरी निचोरेर जानुहुन्छ । (१७)
- टाढाबाट उनीहरू कति राम्रा देखिन्छन् । (१७)
- उनीहरू सल्लाघारी पुगिसके । (१७)
- उहाँ पनि आइपुग्नु हुने बेला भयो, आउनु हुन्छ मेरो छाती । (१७)
- म पनि बिरालो हुन्छु, खस्रो काँढा उम्रेको जिब्रोले चाट्छु, उहाँको कमलो आङभरी । (१९)
- उहाँको गुलाफी आङ गाडेर एक-एक चोक्टा मासु झिक्छु र मेरो फोक्सोका जम्मै कीरा त्यसमा भरिदिन्छु । (१९)

- उहाँको ती दूध निस्कलान् जस्ता ओठ कति लोभलाग्दा छन् । खै मेरो त्यस्तो ! उहाँ आइपुग्नुहुने बेला भयो, तयार भएर बस्नुपर्‍यो । (१९)
- उहाँको मायाको प्रतिदान मेरो पनि त्यस्तै माया । (१९)
- उहाँ मलाई माया गर्नुहुन्छ । (१९)
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ, त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङ्मा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो । आज त म उहाँलाई छोड्दै छोड्दिन, छोड्दै, छोड्दिन् । (१९)
- उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै भ्याङ्ग्वाल सिङ्गै आकाश अटाउन सक्ने भ्याङ्ग्वाल, भ्याङ्ग्वाल बढ्दै एक ठाउँमा गएर मिल्छ, हामी ठूलो शून्य बन्छौ । (१९)
- तिनीहरूमाथि दुईवटा कत्ला परेका साह्रा फसिलहरू समयलाई गुमाइसकेका हुनेछन् । (१९)

माथिका वाक्यहरूमा रेखाङ्कन गरिएका 'उहाँसित', 'उहाँले', 'ऊ', 'उहाँलाई', 'उहाँकै', 'उसले', 'उहाँ', 'उसलाई' तृतीय पुरूषवाचक एकवचन सार्वनामिक सम्बद्धकहरू हुन् भने 'उनीहरू' र 'तिनीहरू' तृतीय पुरूषवाचक बहुवचन सार्वनामिक सम्बद्धकहरू हुन् । यी रेखाङ्कित शब्दहरू धेरै पटक पुनरावृत्ति भई तृतीय पुरूषवाचक सार्वनामिक सम्बद्धकलाई दर्साएका छन् ।

### ग. आत्मवाचक सार्वनामिक सम्बद्धक

आफूलाई आत्मवाचक सर्वनाम मानिन्छ । आफू शब्दमा विभक्ति चिह्न लाग्दा बन्ने अन्य रूपहरू, नामयोगी तथा बहुवचन जोडिँदा बन्ने रूपहरू आत्मवाचक सार्वनामिक सम्बद्धकहरू हुन् ।

**तालिका नं. २**

**पहेंलो गुलाफ कथामा प्रयुक्त आत्मवाचक सार्वनामिक सम्बद्धक**

| |
|---|
| आफैँ, आफ्नै, आफ्नो, आफूमा, आफैंले, आफूलाई |

- कस्तो खाली हो । म आफैं जान्दिनँ । (१)

- यो थूकसित लतपतिएको रगत, यो कुहिएको फोक्सो सबै मेरा आफ्नै कमजोरीका उपलब्धि हुन् । (१)
- मलाई उहाँको ज्यादै पीर लाग्छ, कति चोटि उहाँलाई मैले आफ्नो नजिकबाट हटाइसके, उहाँ मान्नुहुन्न, म के गरूँ । हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झँदैमा मेरो मुटु अझै थर्रथर्र काम्छ । (१)
- खोक्दाखोक्दै रगतको सानो ढिका थूक र र्‍यालसँग लतपतिएर मेरो चिउडोभरि पोतियो, मलाई आफ्नै सूर थिएन, पछि पो थाहा पाएँ उहाँले आफ्नै रशेमी रूमालले त्यो थूक र र्‍याल थाप्नुभएछ । (१)
- मेरो फोक्सोको भ्याङ्प्वाल च्यातिएर ठूलो प्वाल भइसक्यो सिङ्गै आकाश अटाउन सक्छ यहाँ, एउटा रित्तो आकाश म पनि भरिदिन्छु । ती भएभरका रिक्तताहरूलाई आफूमा अटाएसम्म । (१)
- सधैंको जस्तो आज पनि आफैंले अनार छोडाउनुभयो र रस निचोरेर गिलासमा खन्याउनुभयो । (२)
- विवाहको पहिलो रातमै मैले आफूलाई उहाँमा समर्पित गरिदिएँ । (६)
- घाटा म पो परेकी छु भएको जति सबै सिध्याएर आखिर क्षयका कीरालाई आफ्नो जीउभरि पालेर मृत्युलाई कुरिरहिछु । (६)
- सेनेटोरियम जस्तो ठाउँमा लाखौं मोटर आउँछन् तैपनि आफ्ना क्याडिलकलाई म राम्ररी चिन्दछु । (९)
- उसको आफ्नै जिन्दगी छ । (१०)

माथि आएका रेखाङ्कित शब्दहरू 'आफैं', 'आफ्नै', 'आफ्नो', 'आफूमा', 'आफैंले', 'आफूलाई' आत्मवाचक सार्वनामिक सम्बद्धकहरू हुन् । यिनले वाक्यमा आएर नाम तथा सर्वनामसमेतको निजत्व बताउने काम गरेको छ । यसका साथै वाक्यहरूलाई सुसङ्गठित पारेका छन् ।

**ग. दर्शकवाचक सार्वनामिक सम्बद्धक**

कुनै व्यक्ति वा वस्तुलाई तोकेर देखाउने सर्वनामलाई दर्शकवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । यो पनि निकटवर्ती र दूरवर्ती दर्शकवाचक सार्वनामिक सम्बद्धक गरी दुई

प्रकारका हुन्छन् । वक्ताको नजिकको सन्दर्भ जनाउने सर्वनाम निकटवर्ती र वक्ताको टाढाको सन्दर्भ जनाउने सर्वनामहरू दूरवर्ती सार्वनामिक सम्बद्धकहरू हुन् । यो, यी, यिनी, यहाँ, यही, यस, यसको, यसैमा आदि निकटवर्ती र त्यो, त्यस, त्यही, त्यसैले, त्यसैको, त्यसलाई आदि दूरवर्ती सार्वनामिक सम्बद्धकहरू हुन् । यसले वाक्यमा कुनै व्यक्ति वा वस्तुलाई तोकेर देखाउने काम गर्दछ ।

**तालिका नं. ३**

**पहेंलो गुलाफ कथामा प्रयुक्त दर्शकवाचक सार्वनामिक सम्बद्धक**

| निकटवर्ती दर्शकवाचक सार्वनामकि सम्बद्धक | दूरवर्ती दर्शकवाचक सार्वनामकि सम्बद्धक |
|---|---|
| यही, यस्तै, यो, यसैमा, यस्तो, यी, यसका, यसै, यसको, यहाँ | त्यो, त्यस, त्यहीँ, त्यसैले, त्यति, त्यसो, ती, त्यसले, त्यहाँ, त्यसैबारे, त्यसबेला, त्यहाँददेखि, त्यसै, त्यसको, त्यहाँबाट, त्यसलाई |

- हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु । (१)
- साच्चै मलाई यस्तै लाग्छ, मेरो फोक्सो अब कुहिएर फतफती झर्न मात्र बाँकी छ । (१)
- यो थूकसित लतपतिएको रगत कुहिएको फोक्सो सबै मेरा आफ्नै कमजोरीका उपलब्धि हुन् । (१)
- मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- मलाई कत्रो भयङ्कर सरूवा रोगले च्यापेको छ, यो उहाँलाई थाहा छैन र ? (१)
- अनि उहाँ कति डराउनु भएको थियो त्यसबेला । (१)
- म छक्क पर्छु, उहाँको लापरवाही देखेर कस्तो केटाकेटी जस्तो मान्छे ! अघि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रूमाल निस्क्यो, फोहोरले कटकटिएको । (१)
- त्यही रूमाल किन चलाउनुपर्थ्यो । (१)

- कति राम्रो थियो त्यो रूमाल प्याजी रङ्गको सिल्कको मैले नै एकचोटि उहाँलाई किनेर दिएको, कति खुसी हुनुभएको थियो त्यो रूमाल पाएर । (१)
- प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ, त्यसैले उहाँ जिस्काउनुहुन्थ्यो, तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखूँ कि । त्यति मात्रै होइन, उहाँ मेरो प्रसन्नता र रूचिको ज्यादै कदर गर्नुहुन्छ । (१)
- कति आनन्द लाग्दथ्यो त्यसो गर्न मलाई । (१)
- ती प्याजी जर्मेरा ! प्याजी रूमाल ! ओह ! कसरी फोहोरमा कक्रिएका । (१)
- छि : धोएर पनि के गर्नु त्यो रोगी रूमाल, त्यसैले मैले फोहोर मिल्काउने भाँडामो हालिदिए । (१)
- मलाई थाहा छ त्यो माया मभित्र व्याप्त छ, मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ, त्यसबाट मुक्त हुन म कहिल्यै सकुँला ? (१)
- म खुसी छैन, अझै पनि यो कस्तो माया हो । जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१)
- यो खाली शायद कहिल्यै भरिँदैन । (१)
- दुई महिनासम्म म ज्यादै थलिएँ, अहिले अलि सन्चो छ, तर के ! टी.बी.का कीराले खानुसम्म मेरो फोक्सोलाई खाइसकेका छन्, त्यहाँ त खाली भ्याङ्प्वाल मात्रै होलान् । (१)
- मेरो फोक्सोको भ्याङ्प्वाल च्यातिएर ठूलो प्वाल भइसक्यो सिङ्गै आकाश अटाउन सक्छ यहाँ, एउटा रित्तो आकाश म पनि भरिदिन्छु । ती भएभरका रिक्तताहरूलाई आफूमा अटाएसम्म । (१)
- आखिर उहाँले नै जबर्जस्ती मेरो टाउको समातेर त्यो गुलाफी झोल मेरो मुखभित्र खन्यादिनुभयो । (२)
- यो मेरो पाखुरा किन यसरी दुखेको बेसरी बटारेको जस्तो भइरहेछ । (२)
- ए, बिहान डाक्टरले पनि यसैमा एन्जेक्सन दिएको हो क्यारे । (२)
- त्यहाँ स्टयाण्डमा के त्यो ? (२)
- यस्तो पानीमा बर्साती पनि लाउनुभएको थिएन । (२)

- यो कोट मेरो चोलोमाथि, मेरो सेतोचोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्ना तैपनि उहाँ मलाई उत्तिकै ........बढ्वा । (२)
- ओह, उहाँको सुमसुम्याइमा कति तत्परता छ, त्यो चटाइमा कति लोलुपता छ। (२)
- यी तिनदिन उहाँले एक मिनेटको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अङ्गालो भित्र । (३)
- म रोगी, त्यही, पनि क्षयका कीराले ध्वस्त पारिसकेका त्यति उम्कन सक्ने बल कहाँ पाउनु मैले । (३)
- यो गुलाफको बोट र हातहरू कति चम्केका । हिजो बिहानभरी र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)
- म यहाँ बस्न आएदेखि नै यो गुलाफको बोट यही छ । तल पार्टीकोदेखि पस्रेर आएका यसका एक दुई लहरा मेरो कोठाको भ्यालमा सधैं यसैगरी लत्रिरहन्छन् । ( ४)
- म जस्तै रोगी छ यो गुलाफलको बोट, पहेंला फूल मात्रै फुल्छन् । (४)
- त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा भुसिल्कीरा पनि बस्न दिन्न, देखेको बेला एक दुईवटा भुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु । (४)
- त्यसैबाट त उहाँ मलाई सन्तोष दिन खोज्नु हुन्छ । (४)
- यही यस्तै हात र ओठको सन्तोष चार वर्षदेखि उहाँले मलाई दिँदै आउनुभएको छ । (६)
- यी सन्तोषहरूबाट उहाँ भने अझै थाक्नुभएको छैन । (६)
- तर उहाँलाई के पतो उहाँको त्यस सुमसुम्याइमा म कति बिथोलिएको छु, कति नाङ्गिएकी छु । (६)
- त्यसबेला मेरा आँखामा कति सपना भरिएका थिए, उहाँलाई पाएर मलाई सर्वस्व पाएजस्तो लागेको थियो । (६)
- उहाँको त्यस निलिप्त मायामा मैले बाँध भएर फुट्न होइन बरू पोखरीझैं आफूभित्रै जमेर बस्न खोजेकी थिएँ । (६)

- उहाँ लोग्ने मानिस हुनुहुन्छ म स्वास्नीमान्छे यो बाहेक अरू सबै उहाँले बिर्सनुभयो, किनभने म एउटी लोभलाग्दी सिङ्गै मासुको डल्ला त उहाँको अगाडि छँदै थिएँ नि । त्यतिमै उहाँ सन्तुष्ट हुनुभयो । (६)
- त्यहाँदेखि म कागतीझैं उहाँको मुट्ठीभित्र बरोबर निचोरिँदै आएकी छु, चुइङ्गम जतिकै उहाँको तातो थूकमा पग्लिएकी छु । (६)
- यी कोपिलाहरू फँक्रन नपाउँदै झुसिल्कीराले पातलाई चलनी पारिदिने हुन् कि । दुई दिनपछि त फक्रलान् । (६)
- डाक्टर गयो रित्तो औस लिएर, अर्को कोठामा पुगेपछि उसले फेरि त्यो औंसलाई औषधिले भर्छ, फेरि रित्याउँछ । (६)
- म पनि त्यही रित्तो औंस हुँ । (६)
- यता उता लागेको खारखुर पनि सोहोरिसकेको छ । (६)
- साँच्चै यी चार वर्षभित्रमा उहाँ अलिकति पनि घाटा पर्नुभएको छैन । (६)
- मसित त्यो झिनो जीऊ र कुहिएको फोक्सो बाहेक अरू के छ र अझै के लिन आउनुहुन्छ यहाँ ? (६)
- मैले सोचेकी थिएँ कमसेकम यो यातनाबाट छुटकारात पाइयो । (७)
- त्यसै दिन ईश्वरको नाममा एउटा धूप सल्काएँ, मेरो मन ढुक्क भयो । (७)
- एउटा दुःखमा अर्को दुःखलाई विर्सने प्रयत्न गरे तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नु परेको छ । (७)
- त्यो थूक कहील्यै सुक्दैन, घट्दैन । (७)
- मेरा हातखुट्टा सबै यसैमा टाँस्सिएका छन्, न आँखा उघार्न सक्छु म । (७)
- मेरा परेला यही प्याच-प्याच परेको थूकमा जमेको छ, कहाँ छ स्वर्ग ? (७)
- कस्तो घीनलाग्दो जीवन ! कहिले त लाग्छ त्यो प्वाइजन लेखेको शिशी स्वातै घाँटीभित्र खन्याइदिऊँ तर नाईं म त्यसो गर्न पनि सक्दिनँ । (७)
- यो तातो भतभती पोल्ने नर्कमा अझ कति यसै गरी जीवनलाई घिच्याइरहनु पर्ने हो । (७)

- हिजो राती पनि त्यसबेलासम्म उहाँ पलङमा मेरै छेउमा पल्टिरहनुभएको थियो । (८)
- कहिलेदेखि पर्खेको मैले यो पहेंलो गुलाफलाई, अझ अरू त फुलेकै छैनन् । (१०)
- यी नफक्रेका कोपिलालाई कति आनन्द शान्ति, फक्रेका फूल कठै । फेरि झुसिल्कीरा लागेछ । (१०)
- चम्पा यसकी आमा काली भए पनि राता-राता गालाभएकी । (१०)
- ऊ यहाँ कुचो लगाउने काम गर्छे, रोगीका कोठा-कोठा डुलेर फोहोर बेड प्यानहरू उठाउँछे । (१०)
- त्यसले दाँत देखायो कि म कुरा बुझिहाल्छु, बीचरो ! छि : कहिले त घीन लाग्छ त्यसको नमाझेको दाँत र नाकमा कटकटिएको सिङ्गान देख्ता वाक्क वाक्क आउँछ । (१०)
- अहिले पनि बिस्कुट लिन आएको त्यो । (१०)
- त्यहाँबाट कति तल देखिन्छ, तर जति गयो उति माथि कहाली लाग्ने पो रहेछ । (१२)
- त्यहाँ चिमोटेका र बोक्सीले चुसेजस्ता निकै नीला-नीला डामहरू रहेछन् । (१२)
- डाक्टरले केही भनेन, चूपचाप त्यही नीलो फिलामा इन्जेक्सन दियो र कस्तो-कस्तो आँखाले मलाई हेरेर गयो । (१३)
- उफ ! आजित पारिसक्यो यो झुसिल्कीराले मलाई । (१५)
- मैले त्यसै टेबुलमाथि राखेकी थिएँ, त्यो फूलको गुच्छा ! (१६)
- उहाँ घर जानुभएपछि त्यसलाई उठाएर हेरे प्याजी फूल धेरैपछि खेलाउन पाएकी, त्यसैले हेरिरहें एक-एकवटा गरी गने ।
- मेरो हातमा छ्यास्स झुस लाग्यो, त्यति राम्रो फूल, यहाँ पनि एउटा झुसिल्कीरा रहेछ । (१६)
- त्यो प्याजी फूल मैले पर-पर मिल्काउन पठाइदिए नत्र त्यो झुसिल्कीरा फेरि मेरो यो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो । (१६)
- चस्योस् यो छाती पनि कति चस्किनुपर्ने हो । (१७)
- यसै गरी छाती चस्कँदा चस्कँदै रगत ओकेल्दा ओकल्दै म सकिन्छु । (१७)

- अब त घीन लाग्छ ती सबदेखि मलाई थाहा छ अब म निको हुन्नँ हुँदै हुन्नँ । (१७)
- झ्यालमा गुलाफको लहरा पछाडि त्यो परपरसम्म फैलेको आँखाले नभेटाइ सक्नु हरियो फाँट सल्लाघारीसित टम्म मिल्न पुगेको छ । (१७)
- फाँटमा को होलान् ती एक जोडी । (१७)
- लौ त्यो गुलाफको रातो फूल र कुममाथिको हातलाई सल्लाघारीको बाक्लो छायाँले घप्लक्कै ढाक्यो । (१७)
- यो फलामको पलङ्ग पग्लेर मेरो जीउभरि टाँस्सिइसक्यो । (१७)
- एकैचोटि आगो खनिन्छ, म डढ्छु यी साना गुलाफ पनि डढ्छन् मसित ।
- हेर झुसिल्कीरा गुलाफको पातमा यति चाँडै त्यो लाभ्रे भइसकेछ । (१८)
- मरोस् यो पनि डढेर, फाल्दै फाल्दिन टिपेर अब, यसलाई मरोस् । (१८)
- छाती फुटेपछि त रगतको मुस्लो निस्कन्छ, रगत त्यहाँबाट सल्लाघारीभित्र पसेको रातो गुलाफ जस्तै । (१८)
- मलाई माया गर्ने त्यो गुलाफी आङ पनि मेरो आङ जस्तै कत्ला परेको साह्रो फसिल हुनुपर्छ । (१९)
- उहाँका ती दूध निस्कलान् जस्ता ओठ कति लोभलाग्दा छन् खै मेरो त्यस्तो । (१९)
- ती ओठलाई मुखभरि च्यापेर तनतन पिइदिन्छु । (१९)
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ, त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङमा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो । (१९)
- सबै फूल खाएर सकिन लागिसके यी लाभ्रेहरू कति चाँडो पातलाई सक्दा रहेछन् । (१९)

माथिका वाक्यमा रेखाङ्कन गरिएका 'यहीँ', 'यस्तै', 'यो', 'यसैमा', 'यस्तो', 'यी', 'यसका', 'यसै', 'यसको', 'यहाँ' निकटवर्ती दर्शकवाचक सार्वनाम शब्दहरू हुन् भने 'त्यो', 'त्यस', 'त्यही', 'त्यसैले', 'त्यसै', 'त्यसको', 'त्यहाँबाट', 'त्यसलाई', 'ती', 'यी' दूरवर्ती दर्शकवाचक सर्वनाम शब्दहरू हुन् । यसले वाक्यमा आएर कुनै पनि नजिकको र टाढाको व्यक्ति वा वस्तुलाई तोकेर देखाउने काम गर्दै अभिव्यक्तिलाई छरितो पार्न सघाउ पुऱ्याएका छन् ।

### घ. सम्बन्धवाचक सार्वनामिक सम्बद्धक

दुई वा दुईभन्दा बढी वाक्य र उपवाक्यका बीचमा आपसी सम्बन्ध स्थापित गराउने काम सम्बन्धवाचक सार्वनामिक सम्बद्धकले गर्दछ । जो, जे, जुन, जति, जस्तो, जसमा, जस्ता, जस्तै, जतिकै आदि सम्बन्धवाचक सार्वनामिक सम्बद्धकहरू हुन् । नामयोगी, द्वित्व भएर र विभक्ति चिह्न लागेपछिका रूपहरू पनि सम्बन्धवाचक सार्वनामिक सम्बद्धकहरू नै हुन् ।

**तालिका नं. ४**

**पहेंलो गुलाफ कथामा रहेका सम्बन्धवाचक सार्वनामिक सम्बद्धक**

| |
|---|
| जति, जस्तो, जसमा, जस्तै, जत्तिकै, जस्ता |

- डायरीका यी रित्ता पृष्ठहरू जति पल्टाउँछु उत्ति म भित्रको खाली झन्-झन् बढ्दै गए जस्तो लाग्छ । (१)
- छकिने जति म पहिले नै छकिइसकेको छु नि । (१)
- उहाँ मेरो अगाडि हुनुहुन्थ्यो, बस्दाबस्दै मलाई एक तमासको खोकीले च्याप्यो, मुटु थर्कर बाहिर निस्कला जस्तो भएको थियो । मेरो अनि उहाँ कति डराउनु भएको थियो त्यसबेला । (१०)
- म खुशी छैन, अझै पनि यो कस्तो माया हो ! जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१)
- कहिलेकाहीँ मलाई छातीभरि मुटुभरि बतास छिरे जस्तो लाग्छ, त्यसैले मभित्र हावै हावा मात्र छ, हावा भरिएको बेलुन । (२)
- सधैंको जस्तो आज पनि आफैंले अनार छोडाउनु भयो र रस निचोरेर गिलासमा खन्याउनुभयो । (२)
- यो कोट मेरो चोलोमाथि मेरो सेतो चोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङना, तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ, पहिलेको जस्तै होइन, अझ बढ्ता, पहिलेको भन्दा पनि बढ्ता । (२)
- म जस्तै रोगी छ यो गुलाफको बोट, पहेंलो फूल मात्रै फुल्छन् । (३)

- उहाँ, मलाई चाट्नुहुन्छ, बिरालोले बच्चालाई चाटे जत्तिकै तर उहाँलाई पत्तै हुँदैन । (५)
- उहाँभित्रको सशक्त पुरूष ढाडे बिरालो जत्तिकै निर्दयी भएर मलाई लछार्छ पछार्छ भुत्ल्याउँछ । (५)
- त्यहाँदेखि म कागती झैं उहाँको मुट्ठीभित्र बरोबर निचोरिँदै आएकी छु, च्युडामा जत्तिकै उहाँको तातो थूकमा पग्लिएकी छु । (५)
- घाटा म पो परेकी छु, भएको जति सबै सिध्याएर आखिर क्षयका कीरालाई आफ्नो जीउभरि पालेर मृत्युलाई कुरिरहन्छु । (५)
- सेनेटोरियम जस्तो ठाउँमा लाखौं मोटर आउँछन् तैपनि आफ्ना क्याडिलकलाई म राम्ररी चिन्छु । (६)
- त्यहाँबाट कति तल देखिन्छ, तर जति गयो उति माथि कहाली लाग्ने पो रहेछ । (८)
- त्यहाँ चिमोटेका र बोक्सीले चुसेजस्ता निकै नीला-नीला डामहरू रहेछन् । (८)
- उहाँ त आफ्नै धूनमा बौलाह जत्तिकै फतफताई रहनुभयो, सनकी जस्तै हललल हाँसिरहनुभयो । (१०)
- हिजोको जस्तै एक गुच्छा प्याजी फूल दिएर मेरो छातीमा झन् दुख्ने थपेर जानुहुनेछ । (१३)
- मेरो, छाती चस्क्यो मुटु हल्लेको कसरी, भित्रभित्रै भूइँचालो छुटे जस्तो छ । (१८)
- उहाँका ती दूध निस्कलान् जस्ता ओठ कति लोभलाग्दा छन्, खै मेरो त्यस्तो ! (१९)
- उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै भ्याङ्प्वाल सिङ्गै आकाश अटाउन सक्ने भ्याङ्प्वाल, भ्याङ्प्वाल बढ्दै एक ठाउँमा गएर मिल्छ, हामी ठूलो शून्य बन्छौ । (१९)

माथिका वाक्यहरूमा आएका रेखाङ्कित शब्दहरू 'जति', 'जस्तो', 'जसमा', 'जस्तै', 'जत्तिकै' जस्ता शब्दहरू सम्बन्धवाचक सार्वनामिक सम्बद्धकहरू हुन् । यिनले वाक्यमा आएर सम्बन्ध स्थापना गर्ने काम गरेका छन् ।

### ङ. प्रश्नवाचक सार्वनामिक सम्बद्धक

वाक्यमा प्रश्नार्थक रूपमा आउने सम्बद्धकहरूलाई प्रश्नवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । को, के, कुन, कहाँ, कहिले, कसरी लगायतका सम्बद्धकहरू यसअन्तर्गत पर्दछन् । यो सम्बद्धकले वाक्यमा आएर प्रश्न गर्ने काम गर्दछ ।

**तालिका नं. ५**

**पहेंलो गुलाफ कथामा रहेका प्रश्नवाचक सार्वनामिक सम्बद्धक**

| के, कहाँ |
|---|

- त्यहाँ स्ट्याण्डमा <u>के</u> त्यो ? (२)
- मेरा, परेला, त्यही प्याच-प्याच परेको थूकमा जमेको छ, <u>कहाँ</u> छ स्वर्ग ? (७)
- आज पनि <u>के</u> लेखुँ खै ? (९)

माथिका वाक्यहरूमा आएका 'के', 'कहाँ' शब्दले प्रश्नवाचक सार्वनामिक सम्बद्धकहरूलाई जनाएको छ । यिनीहरूले वाक्यमा आएर प्रश्न गर्ने काम गरी वाक्यलाई पूर्णता दिइएका छन् ।

### च. पारस्परिक सार्वनामिक सम्बद्धक

एक आपसको बोध गराउने सम्बद्धकलाई पारस्परिक सार्वनामिक सम्बद्धक भनिन्छ । एक अर्को, एक आपस, आ-आफ्नो यसका उदाहरण हुन् । 'पहेंलो गुलाफ' कथामा पारस्परिक सार्वनामिक सम्बद्धकको प्रयोग भएको पाइँदैन ।

## ४.१.२ स्थानिक सम्बद्धकहरू

सङ्कथनमा ठाउँ र परिवेश बुझाउने शब्दहरू नै स्थानिक सम्बद्धकहरू हुन् । यस किसिमको सम्बद्धकमा स्थान एवम् परिवेश जनाउनका लागि नाम, सर्वनाम, नामयोगी तथा क्रियायोगीहरू प्रयोगमा आएका हुन्छन् । स्थानिक सम्बद्धकहरूले कहाँ र कताको सन्दर्भलाई सङ्केत गर्दछ ।

## तालिका नं. ६

## पहेंलो गुलाफ कथामा प्रयोग भएका स्थानिक सम्बद्धकहरू

| |
|---|
| सेनेटोरियममा, खल्तीमा, स्ट्याण्डमा, घरमा, बीचमा, त्यहाँ, फोहोरमा, भाँडोमा, नक्सामा, गिलासमा, हातमा, मुखभित्र, चोलोमाथि, ओठभरि, यही, पार्टीकोदेखि, झ्यालमा, बोटमा, उत्तरमा, आँखामा, पातमा, कोठामा, जर्मेरामा, पलङ्मा, कोठाभित्र, कोठाबाट, ढोकामा, सँघारमा, ढोकातिर, छातीमा, माथि, माथि, त्यहाँबाट, आकाशमाथिमाथि, जमिनमा, पलङबाट, फिलामा, हातमा, टेबुलमाथि, हलमा, फाँटमा, जुरोमा, कुममा, टाउकोमा, सल्लाघारी भित्र, आङभरि, घरदेखि, फोक्सोमा पातमा |

- हुनत कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु । (१)
- अघि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रूमाल निस्क्यो, फोहोरले कटकटिएको (१) ।
- त्यही रूमाल किन चलाउनु पर्थ्यो मेरै मुख पुछ्ने भुवादारी रूमाल पलङनिरै स्टयाण्डमा झुण्डिएकै थियो नि । (१)
- घरमा मेरा ड्राइङरूमअगाडि दूबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनु भएको छ, म घण्टौं घण्टौं ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थें । (१)
- म यहाँ छु, ती फूलहरूको स्याहार कसले गरिदिंदो हो । (१)
- कसरी फोहोरमा कक्रिएको । (१)
- छि धोएर पनि के गर्नु त्यो रोगी रूमाल, त्यसैले मैले फोहोर मिल्काउने भाँडोमा हालिदिएँ । (१)
- मलाई थाहा छ त्यो माया म भित्र व्याप्त छ, मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ, त्यसबाट मुक्त हुन म कहिल्यै सकुँला ? (१)
- सधैंको जस्तो आज पनि आफैंले अनार छोडाउनुभयो र रस निचोरेर गिलासमा खन्याउनुभयो । (२)
- केहीबेर सम्म हातमा अनारको रस लिएर उहाँले मलाई फुल्याइरहनुभयो । (२)

- आखिर उहाँले नै जबर्दस्ती मेरो टाउको समातेर त्यो गुलाफी झोल मेरो मुखभित्र खन्याइ दिनुभयो । (२)
- त्यहाँ स्ट्याण्डमा के त्यो ? (२)
- मेरो चोलोमाथि कोट उहाँले छोडेर जानुभएछ । (२)
- यो कोट मेरो चोलोमाथि, मेरो सेतो चोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्लो तैपनि उहाँ मलाई ..... बढ्ता । (२)
- मेरो ओठभरि अघि उहाँले लाइदिएर जानुभएको थूक अझै लपक्क भिजेको छ। (२)
- म यहाँ बस्न आएदेखि नै यो गुलाफको बोट यही छ । तल पार्टीकोदेखि पस्रेर आएका यसका एक दुई लहरा मेरो कोठाको झ्यालमा सधैं यसैगरी लत्रिरहन्छन् । (४)
- अहिले त धेरै नै पहेंलो कोपिलाहरू बोटमा लागेका छन् । (४)
- उहाँको उत्तरमा भिजेको चिसो बासना आउने हात, चिसो ओठ मेरो रोगको एउटै सान्त्वना । (६)
- त्यसबेला मेरा आँखामा कति सपना भरिएका थिए, उहाँलाई पाएर मलाई सर्वस्व पाएजस्तो लागेको थियो । (६)
- गुलाफको पातमा फेरि झुसिल्किरा आएछ । (६)
- डाक्टर गयो रित्तो औंस लिएर अर्को कोठामा पुगेपछि उसले फेरि त्यो औंसलाई औषधिले भर्छ, फेरि, रित्याउँछ । (६)
- त्यही प्याजी जर्मेरामा अनि, नर्क यो थूकमा ? (७)
- हिजो राती पनि त्यसबेला सम्म उहाँ पलङ्मा मेरै छेउमा पल्टिरहनुभएको थियो । (८)
- डाक्टर के कामले हो झ्वास्झ्वास्ती कोठाभित्र पस्यो, फेरि ठाडै खुट्टाले ऊ फर्कियो । (८)
- एकछिन पछि उहाँलाई डाक्टरले बोलायो, उहाँ हाँस्नै कोठाबाट निस्कनुभयो। (८)
- सानुचा आयो ऊ ढोकामा पाँच वर्षको खियाउटे केटो । (१०)

- सानुचा मेरो बिस्कुटमा पल्किएको छ, अहिले सङ्घारमा एउटा खुट्टा बाहिर एउटा खुट्टा भित्र हालेर ङिच्च हाँसिरहेछ । (१०)
- एउटा क्रिमक्र्याकर झिकेर ढोकातिर मिल्काइदिएँ, हत्तपत्त पिटेर खुर्र दौड्यो, बुद्धु केटो । (१०)
- ठूलो चट्टान उखेलिएर छातीमा झुण्डिएको छ । (२१)
- चीलले मूसालाई झुण्ड्याएझैं झुण्ड्याएर मलाई, माथि-माथि आकाश सबै घुमाउनुभयो । (१२)
- त्यहाँबाट कति तल देखिन्छ तर जति गयो उति माथि कहाली लाग्ने पो रहेछ। (१२)
- सपनामा मलाई आकाशमाथि माथि उडेर घुमेजस्तो लागेको थियो । (१३)
- पछि अकस्मात जमिनमा पछारिएँ । (१२)
- आकाश त के हुन्थ्यो र निद्रामा पलङबाट पो खसेकी रहिछु । (१३)
- डाक्टरले केही भनेन, चुपचाप त्यही नीलो फिलामा इन्जेक्सन दियो र कस्तो कस्तो आँखाले मलाई हेरेर गयो । (१३)
- हिजो आउँदा आउँदै एक गुच्छा प्याजी फूल मेरो हातमा थमाइदिनुभयो उहाँले । (१६)
- मैले त्यसै टेबुलमाथि रोखकी थिएँ, त्यो फूलको गुच्छा । (१६)
- मेरो हातमा छ्यास्स झुस लाग्यो, त्यति राम्रो फूल, त्यहाँ पनि एउटा झुसिल्कीरा रहेछ । (१६)
- त्यो प्याजी फूल पैले पर-पर मिल्काउन पठाइदिएँ नत्र त्यो झुसिल्कीरा फेरि मेरो यो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो । (१६)
- हिजोको जस्तै एक गुच्छा प्याजी फूल दिएर मेरो हातमा झन् दुख्ने थपेर जानुहुनेछ । (१७)
- झ्यालमा गुलाफको लहरा पछाडि त्यो परपरसम्म फैलेको आँखाले नभेट्टाइसक्नु हरियो फाँट सल्लाघारीस्थित टप्प मिल्न पुगेको छ । (१७)
- फाँटमा को होलान् ती एक जोडी । (१७)

- आइमाईको जुरोमा गुलाफको रातो फूल छ, त्यो लोग्नेमान्छे चाहिँ आइमाईको कुममा हात राखेर हिँडिरहेछ । (१७)
- ओह । सूर्य टुक्रिन्छ अब मेरो टाउकोमा । (१८)
- छाती फुटेपछि त रगतको मुस्लो निस्कन्छ, रगत त्यहाँबाट सल्लाघारीभित्र पसेको रातो गुलाफ जस्तै । (१८)
- म पनि बिरालो हुन्छ, खस्रो काँढा उम्रेको जिब्रोले चाट्छु उहाँको कमलो आङभरि । (१९) ।
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ, त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङमा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो । (१९)
- उहाँको फोक्सोमा पनि .... हामी ठूलो शून्य बन्छौ । (१९)
- च्च : मेरो पहेंलो गुलाफ, एउटा - एउटा पातमा एउटा-एउटा लभ्रे । (१९)

माथिका वाक्यहरूमा रेखाङ्कन गरिएका 'सेनेटोरियममा', 'खल्तीमा', 'स्ट्याण्डमा', 'घरमा', 'बीचमा', 'त्यहाँ', 'फोहोरमा', 'भाँडोमा', 'नक्सामा', 'गिलासमा', 'हातमा', 'मुखभित्र', 'चोलोमाथि', 'ओठभरि', 'यही', 'पार्टीको देखि', 'झ्यालमा', 'बोटमा', 'उत्तरमा', 'आँखामा', 'पातमा', 'कोठामा', 'जर्मेरामा', 'पलङ्मा', 'कोठाभित्र', 'कोठाबाट', 'ढोकामा', 'सँघारमा', 'ढोकातिर', 'छातीमा', 'माथि माथि', 'त्यहाँबाट', 'आकासमाथि', 'जमिनमा', 'पलङबाट', 'फिलामा', 'हातमा', 'टेबुलमाथि', 'सल्लाघारी भित्र', 'आङभरि', 'घरदेखि', 'फोक्सोमा', 'पातमा' जस्ता शब्दहरू हुन् । यी शब्दहरूले स्थान वा परिवेशलाई जनाएका छन् ।

### ४.१.३ कालिक सम्बद्धक

सङ्कथनमा कुनै पनि कार्य वा घटनाको समय बुझाउन आउने शब्दहरू कालिक सम्बद्धकहरू हुन् । समय बुझाउने नामयोगी र क्रियायोगीलाई कालिक सम्बद्धकका रूपमा लिइन्छ । यसले वाक्यमा आएर कुनै पनि घटना वा कार्यको समय बुझाउने काम गर्दछ । 'पहेंलो गुलाफ' कथामा प्रयुक्त कालिक सम्बद्धकहरू निम्न छन्:

## तालिका नं. ७

## पहेंलो गुलाफ कथामा प्रयुक्त कालिक सम्बद्धकहरू

| |
|---|
| दुई महिना देखि, आठ महिना, तबदेखि, अझसम्म, घन्टौघन्टौ, हिजै, त्यसबेला, पछि, अघि, दिउँसो, एकचोटि, साँझका, कहिलेकाहीँ, दुई महिनासम्म, आज, केही बेरसम्म, दुई घण्टासम्म, अगाडि, बिहान, अघि, दुई दिनदेखि, तिनदिन, हिजो बिहान भरि, देखेको बेला, अहिले, अहिलेसम्म, चार वर्षदेखि, दुई दिनपछि, बेला, चार वर्ष भित्रमा, त्यसै दिन, दुई महिना, छ महिना, अझ कति, हिजोको, हिजो राती, त्यसबेला सम्म, एक छिनपछि, कहिलेदेखि, हिजो, राती एक बजे, आज, अघिको, अहिले भर्खर, पछि अस्तिदेखि, पहिले, हिजो देखि, हिजो, अहिले, आज |

- दुई महिनादेखि मैले केही लेख्न सकेकी छैन । (१)
- हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु । (१)
- मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ, तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- उहाँ मलाई कति माया देखाउनुहुन्छ, कति स्याहार गर्नुहुन्छ, सधैं मेरो अगाडि आएर घन्टौघन्टौ बसिरहनु हुन्छ । (१)
- हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झदैमा मेरो मुटु अझै थर्रथर्र काम्छ। (१)
- उहाँ मेरो अगाडि हुनुहुन्थ्यो, बस्दाबस्दै एकतमासको खोकीले च्याप्यो, मुटु थर्केर बाहिर निस्कला जस्तो भएको थियो । मेरो, अनि उहाँ कति डराउनुभएको थियो त्यसबेला । (१)
- खोक्दा खोक्दै रगतको सानो ढिका थूक र ऱ्यालसँग लत्पतिएर मेरो चिउँडोभरि पोतियो, मलाई आफ्नै सूर थिएन, पछि पो थाहा पाएँ उहाँले आफ्नै रेशमी रूमालले त्यो थूक र ऱ्याल थाप्नुभएछ । (१)
- अघि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रूमाल निस्क्यो, फोहोरले कटकटिएको । (१)

- कति राम्रो थियो त्यो रूमाल, प्याजी रङ्गको प्योर सिल्कको मैले नै एकचोटि उहाँलाई किनेर दिएको, कति खुसी हुनुभएको थियो त्यो रूमाल पाएर । (१)
- घरमा मेरो ड्राइङरूम अगाडि दूबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनु भएको छ, म घण्टौँघण्टौँ ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थें । (१)
- अहिले आठ महिना भइसकेको छ । (१)
- कहिलेकाहीँ मलाई छातीभरि, मुटुभरि बतास छिरेजस्तो लाग्छ, त्यसैले म भित्र हावै हावा मात्र छ हावा भरिएको बेलुन । (१)
- दुई महिनासम्म म ज्यादै थलिएँ, अहिले अलि सञ्चो छ तर के । (१)
- सधैंको जस्तो आज पनि आफैंले अनार छोडाउनुभयो र रस निचोरेर गिलासमा खन्याउनुभयो । (२)
- केही बेरसम्म हातमा अनारको रस लिएर उहाँले मलाई फुल्याइरहनुभयो । (२)
- अहिले दुई घण्टा अगाडि मात्रै पो म बिउँझे । (२)
- यो पानी अब रातभर थामिँदैन । (२)
- ए बिहान डाक्टरले पनि यसैमा इन्सेक्सन दिएको हो क्यारे । (२)
- मेरो ओठभरि अघि उहाँले लाइदिएर जानुभएको थुक अझै लपक्क भिजेको छ। (२)
- दुई दिनदेखि केही लेख्न सकिनँ । (३)
- यी तीन दिन उहाँले एक मिनेटेको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अङ्गालो भित्र । (२)
- हिजो बिहानभरि र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)
- त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा झुसिल्कीरा पनि बस्न दिन्नँ, देखेको बेला एक दुईवटा झुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु । (४)
- अहिले त धेरै नै पहेंला कोपिलाहरू बोटमा लागेका छन् । (४)
- अहिलेसम्म उहाँ आउनु भएन । (५)
- यही यस्तै हात र ओठको सन्तोष चारवर्षदेखि उहाँले मलाई दिँदै आउनुभएको छ । (६)

- हाम्रो विवाहको चारवर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ । (६)
- त्यसबेला मेरा आँखामा कति सपना भरिएका थिए, उहाँलाई पाएर मलाई सर्वस्व पाएजस्तो लागेको थियो । (६)
- दुई दिनपछि त फक्रलान् । (६)
- मेरो औषधी खाने बेला भएछ, डाक्टर आउँछ अब । (६)
- साँच्चै यी चारवर्षभित्रमा उहाँ अलिकति पनि घाटा पर्नुभएको छैन । (६)
- त्यसैदिन ईश्वरको नाममा एउटा धूप सल्काएँ, मेरो मन ढुक्क भयो । (७)
- दुई महिना थला परेको बेला बाहेक छ महिना मैले नर्कको कीराभैंm उहाँको थूकभित्र लतपतिएर कोटेकी छु । (७)
- यो तातो भतभती पोल्ने नर्कमा अझ कति यसै गरी जीवनलाई घिच्याइरहनुपर्ने हो । (७)
- हिजोको एउटा घटना पनि लेखिहालुँ । (८)
- अहिले औषधि खुवाउन आउँदा डाक्टरलाई सोझो मुखले हेर्न पनि सकिनँ, उसलाई पनि सबै कुरा थाहाँ छ । (८)
- हिजो राती पनि त्यसबेलासम्म उहाँ पलङमा मेरै छेउमा पल्टिरहनुभएको थियो । (८)
- एकछिनपछि उहाँलाई डाक्टरले बोलायो, उहाँ हाँस्तै कोठाबाट निस्कनुभयो र फेरि हाँस्तै फर्किनुभयो । (८)
- कहिलेदेखि पर्खेको मैले यो पहेंलो गुलाफलाई अझ अरू त फुलेकै छैनन् । (१०)
- यी नफक्रेका कोपिलालाई कति आनन्द छ अहिले एउटा प्रगाढ निद्रा, आनन्द, शान्ति फक्रेका फूल कठै । (९)
- सानुचा मेरो बिस्कुटमा पल्किएको छ, अहिले सँघारमा एउटा खुट्टा बाहिर एउटा खुट्टा भित्र हालेर ङिच्च हाँसिरहेछ । (१०)
- छिः कहिले त घीन लाग्छ, त्यसको नमाझेको दाँत र नाकमा कटकटिएको सिङ्गान देख्ता वाक्क वाक्क आउँछ । (१०)

- अहिले पनि बिस्कुट लिन आएको त्यो । (१०)
- हिजो केही लेख्न सकिनँ । (११)
- राती एक बजे लेख्न बसेकी लेख्न मन लागेन । (११)
- आज पनि के लेखूँ खै । (११)
- एउटा निर्जीव शताब्दी अघिको फसिलसित जोडिन पुगेकी छु म । (११)
- हिजो उहाँले सुताउनुसम्म सुताउनु भयो मलाई । (१२)
- अहिले भर्खर फेरि डाक्टर मलाई इन्जेक्सन दिन आयो । (१२)
- पछि अकस्मात जमीनमा पछारिएँ । (१३)
- अस्तिदेखि मेरो छाती दुख्न थालेको छ । (१४)
- पहिले त अलिअलि मात्रै दुखेको थियो, मैले वास्ता पनि गरिनँ । (१४)
- हिजोदेखि त दुखेको झन् झन् बढ्न थाल्यो, मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिन पनि । (१४)
- हिजो आउँदा आउँदै एक गुच्छा प्याजी फूल मेरो हातमा थमाइदिनुभयो उहाँले । (१६)
- उहाँ पनि आउँनु हुने बेला भयो । (१७)
- उहाँ अहिले आउनुहुन्छ, ठट्टैठट्टामा एकै डल्लो पारी मलाई बेसरी निचोरेर जानुहुन्छ । (१७)
- उहाँ पनि आइपुग्नु हुने बेला भयो, आउनुहुन्छ मेरो छाती .... । (१८)
- आज त म उहाँलाई छोड्दै छोड्दिनँ, छोड्दै छोड्दिनँ । (१९)

माथि आएका रेखाङ्कित शब्दहरू 'दुई महिनादेखि', 'आठ महिना', 'तबदेखि', 'अझसम्म', 'घन्टौघन्टौ', 'हिजै', 'त्यसबेला', 'पछि', 'अघि', 'दिउँसो', 'एकचोटि', 'साँझका', 'दुई घण्टासम्म', 'अगाडि', 'बिहान', 'अघि', 'दुई दिनदेखि', 'तिनदिन', 'हिजो बिहानभरि', 'देखेको बेला', 'अहिले', 'वर्षभित्रमा', 'त्यसैदिन', 'दुई महिना', 'छ महिना', 'अझ कतिदेखि', 'हिजो राती एक बजे', 'आज', 'अघिको', 'अहिले भर्खर', 'आज' जस्ता शब्दहरू कालिक सम्बद्धकका रूपमा आएका छन् । यिनले सङ्कथनमा कुनै पनि कार्य वा घटनाको समयलाई बुझाएका छन् ।

### ४.१.४ संयोजक सम्बद्धक

सङ्कथनमा दुई वा दुई भन्दा बढी पद, पदावली, उपवाक्य र वाक्यलाई जोड्ने वा गाँस्न आउने शब्द वा रूपलाई संयोजक भनिन्छ । तर, अनि, पनि, यद्यपि, नत्र, किनभने आदिजस्ता शब्दहरू संयोजक हुन् । यसले दुई मुख्य व्याकरणिक एकाइलाई जोड्ने काम गर्दछ । सङ्कथनमा संयोजकले संयोजन मात्र नगराएर वियोजन, वैपरीत्य, अधिनस्थता आदि विभिन्न किसिमका सम्बन्ध दर्साउने गर्दछ । यो पनि सापेक्ष र निरपेक्ष गरी दुई प्रकारको हुन्छ ।

**तालिका नं. ८**

**पहेंलो गुलाफ कथामा प्रयोग भएका संयोजकहरू**

| |
|---|
| तर, र, अनि, पनि, जसमा, भने, किनभने, तैपनि, नत्र |

- हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु । (१)
- मैले, उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ तर उहाँले हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- मलाई कत्रो भयङ्कर सरूवा रोगले च्यापेको छ, यो उहाँलाई थाहा छैन र ? (१)
- उहाँ मेरो अगाडि हुनुहुन्थ्यो, बस्दाबस्दै मलाई एकतमासको खोकिले च्याप्यो, मुटु थर्केर, बाहिर निस्कला जस्तो भएको थियो । मेरो, अनि उहाँ कति डराउनु भएको थियो त्यसबेला । (१)
- खोक्दाखोक्दै रगतको सानो ढिका थूक र ऱ्यालसँग लतपतिएर मेरो चिउँडो भरि पोतियो मलाई आफ्नै सुर थिएन, पछि पो थाहा पाएँ उहाँले आफ्नै रेशमी रूमालले त्यो थूक र ऱ्याल थाप्नुभएछ । (१)
- प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ, त्यसैले उहाँ जिस्काउनु हुन्थ्यो, तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखू कि । (१)
- मलाई प्याजी रङ चौपट्टै मन पर्छ, मेरो बाकस र दराजभरिका सबै लुगा धेरैजसो प्याजी रङकै छन् । (१)
- त्यति मात्रै होइन, उहाँ मेरो प्रसन्नता र रूचिको ज्यादै कदर गर्नुहुन्छ । (१)

- म खुसी छैन अझै पनि यो कस्तो माया हो जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१)
- यतिको माया पाएर पनि म खाली खाली छु । (१)
- दुई महिनासम्म म ज्यादै थलिएँ, अहिले अलि सन्चो छ, तर के ! (१)
- सधैंको जस्तो आज पनि आफैँले अनार छोडाउनुभयो र रस निचारेर गिलासमा खन्याउनुभयो । (२)
- मुखमा लागेको अनारको रस च्यापच्याप झोल मैले राम्ररी पुछ्न पनि पाइनँ एक्कासी गोहीका तीखा दाह्राले मेरो ओठलाई कच्याम्म चपाए ओठबाट कति रगत र किराहरू निस्के मैले थाहा पाइनँ, म बेहोश भइछु । (२)
- पानी परेकोले हो कि ! ऊ अझै पानी दर्कंदैछ । (२)
- ए, बिहान डाक्टरले पनि यसैमा इन्जेक्सन दिएको हो क्यारे । (२)
- यस्तो पानीमा बर्साती पनि लाउनु भएको थिएन । (२)
- यी तीन दिन उहाँले एक मिनेटको लागि पनि मलाई कहीँ छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अँगालो भित्र । (३)
- म रोगी, त्यही पनि क्षयका कीराले ध्वस्त पारिसकेका, त्यति उम्कन सक्ने बल कहाँ पाउनु मैले । (३)
- यो गुलाफको बोट र हातहरू कति चम्केका । (४)
- हिजो बिहानभरि र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)
- त्यसैले यसको मलाई माया लाग्छ, म यसको पाटमा एउटा झुसिल्कीरा पनि बस्न दिन्नँ देखेको बेला एक दुईवटा झुसिल्कीरा सधैँ टिपेर फ्याँकिदिन्छु । (४)
- मेरो झर्को लाग्ने बानी, अलिकति अबेर भए पनि पट्याइ लाग्छ । (४५)
- यही यस्तै हात र ओठको सन्तोष चार वर्षदेखि उहाँले मलाई दिँदै आउनुभएको छ । (६)
- उहाँ भने अझै थाक्नुभएको छैन ।(६)
- उहाँभित्रको अर्को पुरूष अझ उहाँभन्दा पनि बलियो र सशक्त छ । (६)
- उहाँ मलाई माया गर्नुहुन्छ, मेरो हरेक इच्छा र चिन्ताको उहाँलाई फिक्री छ ।

- उहाँ मलाई चाट्नुहुन्छ बिरालोले बच्चालाई चाटे जतिकै, तर उहाँलाई पत्तै हुँदैन । (६)
- तर उहाँलाई के पत्तो उहाँको त्यस सुम्सुम्याइमा म कति बिथोलिएकी छु, कति नाङ्गिएकी छु । (६)
- एउटै जोशमा बग्नुभयो, मलाई पनि बगाउनुभयो । (६)
- उहाँ लोग्नेमानिस हुनुहुन्छ म स्वास्नेमान्छे, यो बाहेक अरू सबै उहाँले बिर्सनुभयो, किनभने म एउटी लोभलाग्दी सिङ्गै मासुको डल्ला त उहाँको अगाडि छँदै थिए नि । (६)
- उहाँ लोभी स्याल जत्तिकै ममाथि खनिनुभयो र मेरो आदर्शका तहलाई उत्काइदिनुभयो । (६)
- अब त के छ र म सित । (६)
- खाली चाम्रो रबड मात्रै न हो, जति चुसे पनि, टोकेर क्याच - क्याच पारे पनि एक थोपा रस निस्कने होइन ।
- जति फ्याँके पनि कता कताबाट रगरगाउन आइहाल्छ । (६)
- छि कति खानु औषधि पनि एउटा मात्रै हो र ! (६)
- साँच्चै यी चार वर्ष भित्रमा उहाँ अलिकति पनि घाटा पर्नुभएको छैन । (६)
- उहाँलाई के छ र ? (६)
- झनै नाफैनाफा छ, लोग्ने भन्दा पनि बढी उहाँ एउटा चतुर घिउपसले सावित भइसक्नुभएको छ, तैपनि उहाँलाई म माथि दया उठ्दैन । (६)
- म सित यो झीनो जीऊ र कुहिएको फोक्सो बाहेक अरू के छ र, अझै के लिन आउनुहुन्छ यहाँ ? (६)
- एउटा दुःखमा अर्को दुःखलाई बिर्सने प्रयत्न गरें तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नुपरेको छ । (७)
- त्यही प्याजी जर्मेरामा, अनि नर्क यो थूकमा ? (७)
- कहिले त लाग्छ त्यो प्याइजन लेखेको शिशी स्वात्तै घाँटीभत्र खन्याइदिऊँ तर नाइँ, म त्यसो गर्न पनि सक्दिनँ । (७)

- हिजोको एउटा घटना पनि लेखिहालुँ । (८)
- सम्भन पनि सक्दिनँ, लाज लाग्छ । (८)
- मलाई ज्यादै थकथकी लाग्यो के गर्नु सबै कुरा बुझेर पनि लाज पचाएरै बसें ।
- सेनेटोरियम जस्तो ठाउँमा लाखौं मोटर आउँछन् तैपनि आफ्ना क्याडिलकलाई म राम्ररी चिन्छु । (९)
- चम्पा यसकी आमा काली भए पनि राता-राता गाला भएकी । (१०)
- त्यसले दाँत देखायो कि म कुरा बुझिहाल्छु, बीचरो । (१०)
- छिः कहिले त घीनलाग्छ त्यसको नमाझेको दाँत र नाकमा कटकटिएको सिङ्गान देख्दा वाक्क वाक्क आउँछ ( (१०)
- अहिले पनि बिस्कुट लिन आएको त्यो । (१०)
- निद्रा पनि परेन । (११)
- आज पनि के लेखूँ खै । (११)
- यहाँबाट कति तल देखिन्छ, तर जति गयो उति माथि कहाली लाग्ने पो रहेछ । (१२)
- त्यहाँ चिमोटेका र बोक्सीले चुसेजस्ता निकै नीला-नीला डामहरू रहेछ । (१२)
- डाक्टरले केही भनेन, चूपचाप त्यही नीलो फिलामा इन्जेक्सन दियो र कस्तो-कस्तो आँखाले मलाई हेरेर गयो । (१३)
- हिजोदेखि त दुखेको झन् झन् बढ्न थाल्यो, मैले उहाँलाई हिजो पनि कति पञ्छाएँ, बोलिन पनि (१४)
- म नबोलेर हुन्छ र । (१४)
- मेरो हातमा छ्यास्स झुस लाग्यो, त्यति राम्रो फूल, त्यहाँ पनि एउटा झुसिल्कीरा रहेछ । (१६)
- हातभरि चिलाउँने डाबरहरू उठे अनि कताकता उहाँको हललल हाँसों मेरो बिरामी प्राइभेट कोठाभरि घन्क्यो । (१६)
- त्यो प्याजी फूल मैले परपर मिल्काउन पठाइदिएँ नत्र त्यो झुसिल्कीरा फेरि मेरो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो । (६)
- ल रगत पनि निक्कै पो आयो । (१७)

- तकियाले थिचे पनि दुख्न छोड्दैन । (१७)
- उहाँ पनि आउनुहुने बेला भयो । (१७)
- चस्कियोस् यो छाती पनि कति चस्किनुपर्ने हो । (१७)
- लौ त्यो गुलाफको रातो फूल र कुममाथिको हातलाई सल्लाघारीको बाक्लो छायाँले घप्लक्कै ढाक्यो । (१७)
- एकैचोटि आगो खनिन्छ, म डढ्छु, यी साना गुलाफ पनि डढ्छन् मसित । (१८)
- मरोस् यो पनि डढेर फाल्दै फाल्दिन टिपेर अब यसलाई मरोस् । (१८)
- छाती पनि फुट्छ क्या ! (१८)
- उहाँ पनि आइपुग्नु हुने बेला भयो, आउनु हुन्छ मेरो छाती .... । (१८)
- म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु उहाँलाई । (१९)
- म पनि बिरालो हुन्छु, खस्रो काँढा उम्रेको जिब्रोले चाट्छु उहाँको कमलो आङभरि । ( १९)
- उहाँको गुलाफी आङ गाडेर एक-एक चोक्टा मासु झिक्छु र मेरो फोक्सोका जम्मै कीरा त्यसमा भरिदिन्छु । (१९)
- मलाई माया गर्ने त्यो गुलाफी आङ पनि मेरो आङ जस्तै कत्ला परेको साह्रो फसिल हुनुपर्छ । (१९)
- उहाँको मायाको प्रतिदान मेरो पनि त्यस्तै माया । (१९)
- त्यसैले म पनि उहाँलाई माया गर्छु । (१९)
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ, त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङ्मा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो ! (१९)
- उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै भ्याङ्प्वाल सिङ्गै आकाश अटाउन सक्ने भ्याङ्प्वाल, हाम्रो फोक्सोको भ्याङ्प्वाल बढ्दै एकै ठाउँमा गएर मिल्छ, हामी ठूलो शून्य बन्छौं । (१९)
- अनि तिनीहरूमाथि दुईवटा कत्ला परेको साह्रा फसिलहरू समयलाई गुमाइसकेका हुनेछन् । (१९)

माथिका रेखाङ्कित वाक्यमा आएका 'तर', 'र', 'अनि', 'पनि', 'नत्र', 'कि', 'तैपनि', 'किनभने' निरपेक्ष संयोजक हुन् भने जसमा, भने, सापेक्ष संयोजकहरू हुन् । यिनले वाक्यमा आएर दुई मुख्य व्याकरणिक एकाइलाई जोड्ने काम गरेका छन् । यसका साथसाथै संयोजकले वाक्यलाई संयोजन गरी पूर्णता दिइएको छ ।

### ४.१.५ प्रतिस्थापन सम्बद्धक

एकपटक प्रयोग भइसकेको शब्द अथवा पदावलीको सट्टामा अर्को शब्द अथवा पदावलीको प्रयोग गरी पहिलेको शब्द वा पदावलीलाई प्रतिस्थापन गर्ने कार्य गरिन्छ भने त्यसलाई प्रतिस्थापन सम्बद्धक भनिन्छ । प्रतिस्थापनले अभिव्यक्तिमा विविधता ल्याउन, एउटै भाषिक एकाइको पटक-पटकको आवृत्तिबाट बचाउन लामा लामा पदावली र उपवाक्यका सट्टामा एउटै पदले काम चलाई अभिव्यक्तिलाई छिट्टो छरितो बनाउन सहयोग गर्दछ । यो पनि नामिक, वाक्य र पदावली गरी तीन प्रकारका प्रतिस्थापन हुने गर्दछ ।

#### ४.१.५.१ नामिक प्रतिस्थापन

'पहेंलो गुलाफ' कथामा प्रयोग भएका नामिक प्रतिस्थापन निम्न छन् :

- घरमा मेरो ड्राइङरूम अगाडि दुबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनुभएको छ, म घण्टौं ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थे । (१) जर्मेराहरू : प्रतिस्थापन : ती
- डाक्टर गयो रित्तो औंस लिएर अर्को कोठामा पुगेपछि उसले फेरि त्यो औंसलाई औषधिले भर्छ, फेरि, रित्याउँछ । (६) डाक्टर : प्रतिस्थापनः उसले
- झन् नाफैनाफा छ, लोग्ने भन्दा पनि बढी उहाँ एउटा चतुर घिउपसले साबित भइसक्नु भएको छ, तैपनि उहाँलाई ममाथि दया उठ्दैन । (६) लोग्ने : प्रतिस्थापन : उहाँ
- अहिले औषधि खुवाउन आउँदा डाक्टरलाई सोझो मुखले हेर्न पनि सकिनँ, उसलाई पनि सबै कुरा थाहाँ छ । (८) डाक्टरः प्रतिस्थापनः उस
- डाक्टर के कामले हो भ्वास्भ्वास्ती कोठाभित्र पस्यो, फेरि ठाडै खुट्टाले ऊ फर्कियो । (८) डाक्टरः प्रतिस्थापन : ऊ

- सानुचा आयो ऊ ढोकामा पाँच वर्षको खियाउटे केटो । (१०) सानुचाः प्रतिस्थापन : ऊ
- हेर, झुसिल्कीरा गुलाफको पातमा यति चाँडै त्यो लाभ्रे भइसकेछ । (१८) झुसिल्कीराः प्रतिस्थापनः त्यो

माथि रेखाङ्कन गरिएका जर्मेराहरूको 'प्रतिस्थापन', 'ती' शब्दले गरेका छन् । डाक्टरको प्रतिस्थापन 'उसले', 'लोग्नेको' प्रतिस्थापन 'उहाँले', 'डाक्टरको' प्रतिस्थापन 'उस', 'डाक्टरको' प्रतिस्थापन 'ऊ', 'सानुचाको' प्रतिस्थापन, 'ऊ' र 'झुसिल्कीराको' प्रतिस्थापन 'त्यो' ले गरी नामकि प्रतिस्थापनको प्रयोग भएको छ । यसले वाक्यमा एउटै भाषिक एकाइको पटक पटकको आवृत्तिलाई रोकेको छ र वाक्यलाई छरितो पारेको छ ।

### ४.१.५.२ पदावलीको प्रतिस्थापन

'पहेंलो गुलाफ' कथामा प्रयोग भएका पदावलीको प्रतिस्थापन तल निम्न छन् :

- मेरो फोक्सोको भ्याङ्प्वाल च्यातिएर ठूलो प्वाल भइसक्यो सिङ्गै आकाश अटाउन सक्छ यहाँ, एउटा रित्तो आकाश म पनि भरिदिन्छु । ती भएभरका रिक्तताहरूलाई आफूमा अटाएसम्म । (१) रित्तो आकाश : प्रतिस्थापन ती

माथिका रेखाङ्कित वाक्यमा आएको 'रित्तो आकाश' पदावलीलाई 'ती' ले प्रतिस्थापन गरी वाक्यलाई छरितो बनाउने काम गरेको छ ।

### ४.१.५.३ वाक्यको प्रतिस्थापन

'पहेंलो गुलाफ' कथामा प्रयोग भएका वाक्यको प्रतिस्थापन निम्न छन् :

- मलाई थाहा छ त्यो माया मभित्र व्याप्त छ, मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ, त्यसबाट मुक्त हुन म कहिल्यै सकुँला ? (१) पहिलो वाक्यलाई दोस्रो वाक्यमा आएका त्यसले प्रतिस्थापन गरेको छ ।
- म खुसी छैन, अझै पनि यो कस्तो माया हो । जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१) पहिलो वाक्यलाई दोस्रो वाक्यमा आएको जसमाले प्रतिस्थापन गरेको छ । (१)

- त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा भुसिल्कीरा पनि बस्न दिन्न, देखेको बेला एक दुईवटा भुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु । (४) पहिलो वाक्यलाई दोस्रो वाक्यमा आएको 'यसको' ले प्रतिस्थापन गरेको छ ।

माथि आएका रेखाङ्कित वाक्यहरूमा त्यो माया मभित्र व्याप्त छ, मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ, त्यसबाट मुक्त हुन म कहिल्यै सकुँला भन्ने वाक्यमा पहिलो वाक्यलाई दोस्रो वाक्यमा आएको त्यसले प्रतिस्थापन गरेको छ । त्यसैगरी अर्को वाक्यमा पहिलो वाक्यलाई दोस्रो वाक्यमा त्यसैगरी अर्को वाक्यमा पहिलो वाक्यलाई दोस्रो वाक्यमा आएको जसमाले र चौथो अनुच्छेद सङ्ख्यामा पहिलो वाक्यलाई दोस्रो वाक्यमा आएको यसले प्रतिस्थापन गरी वाक्यलाई छरितो बनाउने काम गरेको छ ।

### ४.१.६ लोपगत सम्बन्ध

कुनै भाषिक अंशलाई वाक्यबाट हटाउँदा पनि अर्थगत संरचनामा कुनै असर नपुग्ने स्थितिमा उक्त अंशलाई हटाइन्छ भने यसलाई लोप भनिन्छ, लोप पनि विभिन्न प्रकारका हुन्छन् 'पहेंलो गुलाफ' कथामा निम्नानुसारको लोपगत सम्बन्धहरूको प्रयोग भएको पाइन्छ ।

#### ४.१.६.१ नामिक लोप

'पहेंलो गुलाफ' कथामा प्रयोग भएका नामिकलोपगत सम्बन्धहरू निम्न छन् :

- हुन त (टी.बी.) कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु । (१)
- (कोपिला) फक्रेपछि भ्याल पहेंलै हुन्छ । (४)
- (भुसिल्कीरा) जति फ्याँके पनि कताकताबाट रगरगाउन आइहाल्छ । (६)
- (कोपिलाहरू) दुई दिनपछि त फक्रलान् । (६)
- (गुलाफ) कति राम्रो दुईवटा मात्रै फुलेछ । (९)
- (सानुचा) त्यसले दाँत देखायो कि म कुरा बुझिहाल्छु, बीचरो ! (९)
- हेर तँ, (भुसिल्कीरा) फूलसितै कसरी लपक्क टाँस्सिएको । (१५)

माथि कोष्ठकमा आएका 'टी.बी.', 'कोपिला', 'भुसिल्कीरा', 'कोपिलाहरू', 'गुलाफ', 'सानुचा', 'भुसिल्कीरा' वाक्यमा लोप भएता पनि वाक्यले पूर्ण अर्थ प्रदान गरेका छन् ।

### ४.१.६.२ क्रियाको लोप

'पहेंलो गुलाफ' कथामा प्रयोग भएका क्रियाको लोपगत सम्बन्ध निम्न छन् :

- म ज्यादै दुब्लाइसके, थूकसित कहिलेकाहीँ रगत मिसिएर आउँछ, रातो आँखै तिरमिराउने कालो रगत (आउँछ) (१)
- यो थूकसित लतपतिएको रगत (थियो) (१)
- म छक्क पर्छु उहाँको लापरवाही देखेर, कस्तो केटाकेटीजस्तो मान्छे (हुनुहुन्छ) । (१)
- अघि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रूमाल निस्क्यो, फोहोरले कट्कटिएको (थियो) । (१)
- कसरी फोहोरमा कक्रिएका (रहेछन्) (१)
- कहिलेकाहीँ मलाई छातीभरि मुटुभरि बतास छिरेजस्तो लाग्छ, त्यसैले म भित्र हावै हावा मात्र छ, हावा भरिएको बेलुन (छ) । (१)
- मेरो फोक्सोको भ्याङ्प्वाल च्यातिएर ठूलो प्वाल भइसक्यो सिङ्गै आकाश अटाउन सक्छ यहाँ, एउटा रित्तो आकाश म पनि भरिदिन्छु । ती भएभरका रिक्तताहरूलाई आफूमा अटाएसम्म (भरिदिन्छु) । (१)
- एयया ! यो मेरा पाखुरा किन यस्तरी दुखेको (हो) । (२)
- यो कोट मेरो चोलोमाथि, मेरो, सेतोचोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्ना तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ, पहिलेको जस्तै होइन, अझ बढ्ता पहिलेको भन्दा पनि बढ्ता (गर्नुहुन्छ) (२)
- यो गुलाफको बोट र हातहरू कति चम्केका (रहेछन्) । (४)
- पहेंलो हाम्रै एउटै संवेदना (हुन्) । (४)
- अब त मलाई उहाँकै प्रतीक्षा छ, खाली उहाँकै (छ) । (५)
- उहाँको अत्तरमा भिजेको चिसो बासना आउने हात, चिसो ओठ मेरो रोगको एउटै सान्त्वना (थियो) (६)

- यी सन्तोषहरूबाट (थाकिसकेकी छु) । (६)
- मेरो औषेधि खाने बेला भएछ, डाक्टर आउँछ अब (आउँछ) । (६)
- ऊ डाक्टर (आयो) । (६)
- छिः कति खानु औषधि पनि, एउटा मात्रै हो र ! तरह तरहका (छन्) । (६)
- खाली केही नभएको रित्तो (छ) । (६)
- त्यही प्याजी जर्मेरामा, अनि नर्क यो थूकमा (छ) । (७)
- कस्तो घीनलाग्दो जीवन (रहेछ) । (७)
- थाहा किन नहोस् उसलाई, म उसकै हातको प्राइभेट पेसेन्ट (हो) । (८)
- सिल्ली डाक्टर (भन्नुभयो) । (८)
- सानुचा आयो ऊ ढोकामा पाँच वर्षको खियाउटे केटो (थियो) । (१०)
- चम्पा यसकी आमा काली भए पनि राता-राता गाला भएकी (थिइन्) । (१०)
- दुबै हरिया एकाकार (छन्) । (१७)
- म सहन सक्दिनँ, मेरो मुटु किन यस्तरी हल्लन थालेको (हो) ! (१७)
- कस्तो भत भत पोल्ने डाह (भयो) । (१७)
- सूर्य टुक्रिन्छ अब मेरो टाउकोमा (खस्छ) । (१८)
- छाती फुटेपछि त रगतको मुस्लो निस्कन्छ, रगत त्यहाँबाट सल्लाघारीभित्र पसेको रातो गुलाफ जस्तै (हुन्छ) । (१८)
- उहाँ पनि आइपुग्नु हुने बेला भयो, आउनुहुन्छ मेरो छाती  (फुट्छ) । (१८)
- च्चः मेरो पहेंलो गुलाफ एउटा-एउटा पातमा एउटा-एउटा लाभ्रे (रहनेछन्) । (१९)

माथि कोष्ठकमा आएका 'आउँछ', 'थियो', 'हुनुहुन्छ', 'थियो', 'रहेछन्', 'छ', 'भरिदिन्छु', 'हो', 'गर्नुहुन्छ', 'रहेछन्', 'हुन्', 'छ', 'थियो', 'थाकिसकेकी छु', 'आउँछ', 'आयो', 'छन्', 'छ', 'छु', 'रहेछ', 'हो', 'भन्नुभयो', 'थियो', 'थिइन्', 'छन्', 'हो', 'भयो', 'खस्छ', 'हुन्छ', 'फुट्छ', 'रहनेछन्', जस्ता शब्दहरू लोप भएका छन् जुन शब्दहरू क्रियाको लोप हो । यी क्रियाहरू लोप भएता पनि वाक्यले पूर्ण अर्थ प्रदान गरेका छन् ।

### ४.१.६.३ सर्वनामको लोप

'पहेंलो गुलाफ' कथामा प्रयोग भएका सर्वनामको लोप निम्न छन् :

- हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि (म) यही सेनेटोरियममा छु । (१)
- यस्तो पानीमा (उहाँले) बर्साती पनि लाउनुभएको थिएन । (२)
- (उहाँ) एउटै जोशमा बग्नुभयो, मलाई पनि बगाउनुभयो । (६)
- मलाई ज्यादै थकथकी लाग्यो, के गर्नु सबै कुरा बुझेर पनि (म) लाज पचाएरै बसें । (८)
- सानुचा मेरो बिस्कुटमा पल्किएको छ, (ऊ) अहिले सँघारमा एउटा खुट्टा बाहिर एउटा खुट्टा भित्र हालेर ङिच्च हाँसिरहेछ । (१०)
- पछि अकस्मात (म) जमीनमा पछारिएँ । (१३)
- उहाँ हाइपुग्नुहुने बेला भयो (म) तयार भएर बस्नुपर्‍यो) । (१९)

माथि कोष्ठकमा आएका 'म', 'उहाँले', 'उहाँ', 'ऊ' सर्वनाम हुन् । ती पदहरू लोप भएका छन् जुन सर्वनाम हुन् तर ती पदहरू लोप भएता पनि वाक्यमा भने असर परेको छैन वाक्य अर्थयुक्त नै छन् ।

### ४.१.६.४ पदावलीको लोप

'पहेंलो गुलाफ' कथामा प्रयोग भएका पदावलीको लोपहरू निम्न रहेका छन् :

- कसरी फोहोरमा कक्रिएका (ती प्याजी जर्मेरा प्याजी रूमाल) (१)
- जति फ्याँके पनि (फेरि झुसिल्कीरा) कता कताबाट रगरगाउन आइहाल्छ । (६)
- (यी कोपिलाहरू) दुई दिनपछि त फक्रलान् । (६)

माथि कोष्ठकमा आएका 'ती प्याजी जर्मेरा प्याजी रूमाल', 'फेरि झुसिल्कीरा', 'यी कोपिलाहरू', पदावलीहरूको लोप भएको छ, जुन लोपगत सम्बन्धहरू हुन् ।

### ४.१.७ निपात सम्बद्धक

आफ्नै स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयोग भएपछि सार्थक अर्थ दिने शब्दलाई निपात भनिन्छ । अनुसन्धान गरिएको पाठमा प्रयोग भएका निपातहरू निम्न छन् । यिनले वाक्यमा छुट्टै अर्थ दिन नसके पनि वाक्यमा आएर चमत्कार थपी अभिव्यक्तिलाई सहज ढङ्गले प्रस्तुत गर्न सहयोग पुऱ्याउँदछन् ।

**तालिका नं. १०**

**पहेंलो गुलाफ कथामा प्रयुक्त निपात सम्बद्धकहरू**

| |
|---|
| त, रे, नै, र, के, पनि, अनि,पो, नि, नै, कि, तैपनि, मात्रै, न, नत्र, ल, खै, क्यारे |

- हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु । (१)
- धेरै भइसक्यो मेरो छातीको एक्सरे गरेको, डाक्टरले भन्थ्यो, मेरो दायाँ फोक्सो ज्यादै खराब भइसकेको छ रे । (१)
- उहाँ भन्नुहुन्छ, मलाई केही भएको छैन, चाँडै नै निको हुन्छ री ! (१)
- छकिने जति म पहिले नै छकिइसकेकी छु नि ! (१)
- मलाई कत्रो भयङ्कर सरूवा रोगले च्यापेको छ, यो उहाँलाई थाहा छैन र ? (१)
- मलाई उहाँको ज्यादै पीर लाग्छ, कति चोटि उहाँलाई मैले आफ्नो नजिकबाट हटाइसके, उहाँ मान्नुहुन्न, म के गरूँ । (१)
- हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झँदैमा मेरो मुटु अझै थर्रथर्र काम्छ । (१)
- उहाँ मेरो अगाडि हुनुहुन्थ्यो, बस्दाबस्दै मलाई एकतमासको खोकीले च्याप्यो, मुटु थर्केर बाहिर निस्कला जस्तो भएको थियो मेरो, अनि उहाँ कति डराउनुभएको थियो त्यसबेला । (१)
- खोक्दाखोक्दै रगतको सानो ढिका थूक र ऱ्यालसँग लतपतिएर मेरो चिउडोभरि पोतियो, मलाई आफ्नै सूर थिएन, पछि पो थाहा पाएँ उहाँले आफ्नै रेशमी रूमालले त्यो थूक र ऱ्याल थाप्नुभएछ । (१)

- त्यही रूमाल किन चलाउनु पर्थ्यो मेरै मुख पुछ्ने भुवादारी रूमाल पलङनिरै स्टयाण्डमा झुण्डिकै थियो नि । (१)
- कति राम्रो थियो त्यो रूमाल, प्याजी रङ्गको प्योर सिल्कको मैले नै एकचोटि उहाँलाई किनेर दिएको, कति खुसी हुनुभएको थियो त्यो रूमाल पाएर । (१)
- प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ, त्यसैले उहाँ जिस्काउनु हुन्थ्यो, तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखूँ कि । (१)
- छि धोएर पनि के गर्नु त्यो रोगी रूमाल, त्यसैले मैले फोहोर मिल्काउने भाँडामो हालिदिएँ । (१)
- म खुशी छैन, अझै पनि यो कस्तो माया हो जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१)
- यत्तिको माया पाएर पनि म खाली-खाली छु । (१)
- दुई महिनासम्म म ज्यादै थलिएँ, अहिले अलि सन्चो छ तर के । (१)
- टी.बी. का कीराले खानुसम्म मेरो फोक्सोलाई खाइसकेका छन् । त्यहाँ त खाली झ्याउङ्ग्वाल मात्रै होलान् । (१)
- मेरो फोक्सोको झ्याङ्ग्वाल च्यातिएर ठूलो प्वाल भइसक्यो सिङ्गै आकाश अटाउन सक्छ यहाँ, एउटा रित्तो आकाश म पनि भरिदिन्छु । ती भएभरका रिक्तताहरूलाई आफूमा अटाएसम्म । (१)
- के गर्नु रित्तिनु मात्र त रहेछ नि जति भयो उति रित्तियो । (१)
- सधैंको जस्तो आज पनि आफैंले अनार छोडाउनुभयो र रस निचोरेर गिलासमा खन्याउनुभयो । (२)
- मलाई खान मन थिएन, गिलासतिर मैले हेर्दै हेरिनँ, उहाँको कुरामा पनि साथ दिइनँ । (२)
- आखिर उहाँले नै जबर्जस्ती मेरो टाउको समातेर त्यो गुलाफी झोल मेरो मुखभित्र खन्यादिनुभयो । (२)
- मुखमा लागेको अनारको रस च्यापच्याप झोल मैले राम्ररी पुछ्न पनि पाइनँ एक्कासी गोहीका तीखा दाह्राले मेरो ओठलाई कच्याम्म चपाएँ म रन्थनिएँ ओठबाट कति रगत र किराहरू निस्के मैले थाहा पाइनँ, म बेहोश भइछु । (२)

- अहिले दुई घण्टा अगाडि मात्रै पो म बिउँझें । (२)
- खोइ, उहाँ त गइसक्नुभएछ । (२)
- पानी परेकोले हो कि । (२)
- ए बिहान डाक्टरले पनि यसैमा इन्जेक्सन दिएको हो क्यारे । (२)
- त्यहाँ स्ट्याण्डमा के त्यो ? (२)
- यस्तो पानीमा बर्साती पनि लाउनुभएको थिएन । (२)
- यो कोट मेरो चोलोमाथि मेरो सेतो चोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्नो, तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ, पहिलेको जस्तै होइन अझ बढ्ता पहिलेको भन्दा पनि बढ्ता । (२)
- लेख्न सकिन के भन्नु लेख्न पाइनँ फुर्सतै भएन । (३)
- यी तीन दिन उहाँले एक मिनेटको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अँगालोभित्र । (३)
- म रोगी, त्यही, पनि क्षयका कीराले ध्वस्त पारिसकेका त्यति उम्कन सक्ने बल कहाँ पाउनु मैले । (३)
- म यहाँ बस्न आएदेखि नै यो गुलाफको बोट यही छ । तल पार्टीकोदेखि पस्रेर आएका यसका एक दुई लहरा मेरो कोठाको झ्यालमा सधैं यसैगरी लत्रिरहन्छन् । (४)
- त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा झुसिल्कीरा पनि बस्न दिन्न, देखेको बेला एक दुईवटा झुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु । (४)
- अहिले त धेरै नै पहेंलो कोपिलाहरू बोटमा लागेका छन् । (४)
- मेरो झर्को लाग्ने बानी, अलिकति अबेर भए पनि पट्याइ लाग्छ । (४५)
- अब त मलाई उहाँकै प्रतीक्षा छ, खाली उहाँकै । (५)
- त्यसैबाट त उहाँ मलाई सन्तोष दिन खोज्नुहुन्छ । (६)
- उहाँभित्रको, अर्को पुरूष अझ उहाँभन्दा पनि बलियो र सशक्त छ । (६)
- तर उहाँलाई के पत्तो उहाँको त्यस सुमसुम्याइमा म कति बिथोलिएकी छु, कति नाङ्गिएकी छु । (६)

- उफ् उहाँ त बेगवान् पुरूष हुनुहुन्थ्यो । (६)
- एउटै जोशमा बग्नुभयो, मलाई पनि बगाउनुभयो । (६)
- उहाँ लोग्ने मानिस हुनुहुन्छ, म स्वास्नीमानिस, यो बाहेक अरू सबै उहाँले बिर्सनुभयो, किनभने म एउटी लोभलाग्दी सिङ्गै मासुको डल्ला त उहाँको अगाडि छँदै थिए नि ! (६)
- अब त के छ र मसित । (६)
- खाली चाम्रो रबड मात्रै न हो, जति चुसे पनि, टोकेर क्याचक्याच पारे पनि एक थोपा रस निस्कने होइन । (६)
- जति फ्याँके पनि कताकताबाट रगरगाउन आइहाल्छ । (६)
- यी कोपिलाहरू फक्रन नपाउँदै भुसिल्कीराले पातलाई चलनी पारिदिने हुन् कि ।
- दुई दिनपछि त फक्रलान् । (६)
- छिः कति खानु औषधि पनि एउटा मात्रै हो र । (६)
- म पनि त्यही रित्तो औंस हुँ । (६)
- भएको जति त उहाँले सबै सिध्याउनु भइहाल्यो । (६)
- यता उता लागेको खारखुर पनि सोहोरिइसकेको छ । (६)
- साँच्चै यी चार वर्षभित्रमा उहाँ अलिकति पनि घाटा पर्नुभएको छैन । (६)
- छाटा म पो परेकी छु, भएको जति सबै सिध्याएर आखिर क्षयका कीरालाई आफ्नो जीउभरि पालेर मृत्युलाई कुरिरहछु । (६)
- उहाँलाई के छ र !
- झन् नाफैनाफा छ, लोग्नेभन्दा पनि बढी उहाँ एउटा चतुर घिउपसले साबित भइसक्नुभएको छ, तैपनि उहाँलाई ममाथि दया उठ्दैन । (६)
- मसित त्यो झिनो जीऊ र कुहिएको फोक्सो बाहेक अरू के छ र अझै के लिन आउनुहुन्छ यहाँ ? (६)
- मैले सोचेकी थिएँ कमसेकम यो यातनाबाट छुटकारा त पाइयो । (७)
- मेरा हातखुट्टा सबै यसैमा टाँस्सिएका छन्, न आँखा उघार्न सक्छु म । (७)
- त्यही प्याजी जर्मेरामा अनि, नर्क यो थूकमा ? (७)

- कहिले त लाग्छ त्यो प्याइजन लेखेको शिशी स्वाप्तै घाँटीभित्र खन्याइदिऊँ तर नाइँ, म त्यसो गर्न पनि सक्दिनँ । (७)
- हिजोको एउटा घटना पनि लेखिहालुँ । (८)
- सम्झन पनि सक्दिनँ, लाज लाग्छ । (८)
- अहिले औषधि खुवाउन आउँदा डाक्टरलाई सोझो मुखले हेर्न पनि सकिनँ, उसलाई पनि सबै कुरा थाहा छ । (८)
- हिजो राती पनि त्यसबेलासम्म उहाँ पलङमा मेरै छेउमा पल्टिरहनु भएको थियो । (८)
- डाक्टर के कामले हो झ्वासझ्वास्ती कोठाभित्र पस्यो, फेरि ठाडै खुट्टाले ऊ फर्कियो । (८)
- मलाई ज्यादै थकथकी लाग्यो, के गर्नु सबै कुरा बुझेर पनि लाज पचाएरै बसे । (८)
- कति राम्रो दुईवटा मात्रै फुलेछ । (१०)
- कहिलेदेखि पर्खेको मैले यो 'पहेंलो गुलाफलाई', अझ अरू त फुलेकै छैनन् । (१०)
- चम्पा यसकी आमा काली भए पनि राता-राता गालाभएकी । (१०)
- त्यसले दाँत देखायो कि म कुरा बुझिहाल्छु, बीचरो ! (१०)
- छि : कहिले त घीन लाग्छ त्यसको नमाझेको दाँत र नाकमा कटकटिएको सिङ्गान देख्ता वाक्क वाक्क आउँछ । (१०)
- अहिले पनि बिस्कुट लिन आएको त्यो । (१०)
- निद्रा पनि परेन । (१०)
- आज पनि के लेखू खै । (११)
- त्यहाँबाट कति तल देखिन्छ, तर जति गयो उति माथि कहाली लाग्ने पो रहेछ । (१२)
- आकाश त के हुन्थ्यो र निद्रामा पलङबाट पो खसेकी रहिछु । (१३)
- पहिले त अलिअलि मात्रै दुखेको थियो, मैले वास्ता पनि गरिनँ । (१४)
- हिजोदेखि त दुखेको झन् झन् बढ्न थाल्यो, मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिन पनि । (१४)

- उहाँ त आफ्नै धूनमा बौलाह जत्तिकै (फतफताई) रहनुभयो, सनकी जस्तै हललल हाँसिरहनुभयो । (१०)
- हेर न फूलसितै कसरी लपक्क टाँस्सिएको । (१५)
- मेरो हातमा छ्यास्स भुस लाग्यो, त्यति राम्रो फूल, त्यहाँ पनि एउटा भुसिल्कीरा रहेछ । (१६)
- हातभरि चिलाउँने डाबरहरू उठे अनि कताकता उहाँको हललल हाँसो मेरो बिरामी प्राइभेट कोठाभरि घन्क्यो । (१६)
- त्यो प्याजी फूल मैले परपर मिल्काउन पठाइदिएँ नत्र त्यो भुसिल्कीरा फेरि मेरो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो । (६)
- ल लगत पनि निक्कै पो आयो । (१७)
- सेतो थूक त पटक्कै देखिन्न । (१७)
- तकियाले थिचे पनि दुख्न छोड्दैन । (१७)
- उहाँ पनि आउनुहुने बेला भयो । (१७)
- चस्कियोस् यो छाती पनि कति चस्किनु पर्ने हो । (१७)
- केही छैन म सकिइसकेकी छु, फेरि सकिनुमा मलाई के चिन्ता । (१७)
- अब त घीन लाग्छ ती सबदेखि मलाई थाहा छ अब म निको हुन्नँ हुँदै हुन्नँ । (१७)
- घुम्न आएका हुन् क्यारे त्यत्रो फाँट स्वातै चहारिसके । (१७)
- लौ, त्यो गुलाफको रातो फूल र कुममाथिको हातलाई सल्लाघारीको बाक्लो छायाँले घत्लक्कै ढाक्यो । (१७)
- आकाश किन हल्लिन्छ यसरी हेर आम्मै नि ! (१७)
- सूर्य पनि खस्न लागिसक्यो हल्लेको हेर । (१७)
- एकैचोटि आगो खनिन्छ, म डढ्छु, यी साना गुलाफ पनि डढ्छन् मसित । (१८)
- मरोस् यो पनि डढेर फाल्दै फाल्दिन टिपेर अब यसलाई मरोस् । (१८)
- छाती पनि फुट्छ क्या ! (१८)
- छाती फुटेपछि त रगतको मुस्लो निस्कन्छ, रगत त्यहाँबाट सल्लाघारीभित्र पसेको रातो गुलाफ जस्तै । (१८)

- फुट्न लाग्यो मेरो छाती, फुट्न लाग्यो, खै रगतको छेलो खेलो बग्छ । (१८)
- उहाँ पनि आइपुग्नुहुने बेला भयो, आउनु हुन्छ, मेरो छाती ..... (१८)
- म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु उहाँलाई । (१९)
- म पनि बिरालो हुन्छु, खस्रो काँढा उम्रेको जिब्रोले चाट्छु, उहाँको कमलो आङभरि । (१९)
- मलाई माया गर्ने त्यो आङ पनि मेरो आङ जस्तै कप्ला परेको साह्रो फसिल हुनुपर्छ । (१९)
- उहाँका ती दूध निस्कलान् जस्ता ओठ कति लोभलाग्दा छन् खै मेरो त्यस्तो । (१९)
- उहाँको मायाको प्रतिदान मेरो पनि त्यस्तै माया । (१९)
- त्यसैले म पनि उहाँलाई माया गर्छु । (१९)
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङ्मा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो । (१९)
- आज त म उहाँलाई छोड्दै छोड्दिन छोड्दै छोड्दिन । (१९)
- उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै झ्याङ्प्वाल, सिङ्गै आकाश अटाउन सक्ने झ्याङ्प्वाल, हाम्रो फोक्सोको झ्याङ्प्वाल बढ्दै एक ठाउँमा गएर मिल्छ, हामी ठूलो शुन्य बन्छौ । (१९)

माथिका वाक्यहरूमा रेखाङ्कन गरिएका 'त', 'रे', 'नै', 'र', 'के', 'पनि', 'अनि', 'पो', 'नि', 'नै', 'कि', 'तैपनि', 'मात्रै', 'न', 'नत्र', 'ल', 'खै', 'क्यारे' निपात हुन् । यिनले वाक्यमा स्वतन्त्र अर्थ बहन नगरे तापनि अर्थमा बल पुऱ्याउने अर्थको अभिव्यक्तिमा सहजता ल्याउने काम गर्दछन् ।

### ४.१.८ कोशीय अर्थ सम्बन्धगत सम्बद्धक

कोशीय अर्थ सम्बन्धतगत सम्बद्धकअन्तर्गत पनि निम्नअनुसारका सम्बद्धकहरू पर्दछन् :

### ४.१.८.१ पुनरावृत्ति सम्बद्धक

सङ्कथनमा प्रयोग भएका कुनै पनि भाषिक अंशको पटक-पटकको पुनरावृत्तिलाई पुनरावृत्ति सम्बद्धक भनिन्छ । यस्तो सम्बद्धकले अगाडिको प्रसङ्ग र पछाडिको प्रसङ्गलाई जोड्न सहयोग पुऱ्याउँदछ, त्यसकारण अर्थगत निरन्तरता कायम हुन्छ । सङ्कथनमा पदावली, उपवाक्य र सिङ्गो वाक्यको समेत पुनरावृत्ति हुन सक्छ ।

**तालिका नं. ९**

**पहेंलो गुलाफ कथामा प्रयोग भएका पुनरावृत्ति सम्बद्धकहरू**

| |
|---|
| झन् झन्, हुन्छ हुन्छ, यो, कति, घन्टौ घन्टौ, थर्रथर्र, उहाँ, भएको थियो, थूक र ऱ्याल, आफ्नै, रूमाल, त्यो रूमाल, कति, प्याजी रङ, एक, एक, पनि खाली-खाली,भरि, हावा, प्वाल, आकाश, उदास-उदास, मेरो च्याप च्याप, म, मेरो, सेतो, लेख्न, उहाँ, यसको, झुसिल्कीरा, उहाँकै, चिसो, थाकिसकेकी छु, उहाँको, क्याच-क्याच, वरह, र, के, दुःख, महिना, प्याच-प्याच, पनि, उस, हाँस्तै, कोठा कोठा, एउटा खुट्टा, वाक्क-वाक्क, लेख्न, सुताउन, छिया-छिया, नीला नीला, माथि-माथि, कस्तो-कस्तो, अलि-अलि, झन्-झन्, हिजो, कताकता, परस्पर, अब, आइमाई, को, भत्भत्, भरोस्, रगत, फुट्न, म पनि, आङ, तनतन, माया, उहाँलाई, छोड्दै, छोड्दिन, फोक्सोको भ्वाङप्वाल, एउटा-एउटा |

- डायरीका यी रित्ता पृष्ठहरू जति पल्टाउँछु उति भित्रको खाली झन्-झन् बढ्दै गए जस्तो लाग्छ । (१)
- मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेको थिएँ तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- यो थूकसित लतपतिएको रगत, यो कुहिएको फोक्सो सबै मेरा आफ्नै कमजोरीका उपलब्धी हुन, अझ कति म छकिऊँ, कति घाटा परूँ ! (१)
- उहाँ मलाई कति माया देखाउनुहुन्छ, कति स्याहार गर्नुहुन्छ, सधैँ मेरो अगाडि आएर घन्टौँ-घन्टौँ बसिरहनुहुन्छ । (१)
- हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झँदैमा मेरो मुटु अझै थर्रथर्र काम्छ । (१)

- उहाँ मेरो अगाडि हुनुहुन्थ्यो, बस्दाबस्दै मलाई एकतमासको खोकीले च्याप्यो, मुटु थर्केर बाहिर निस्कला जस्तो भएको थियो मेरो अनि उहाँ कति डराउनु भएको थियो त्यसबेला । (१)
- खोक्दाखोक्दै रगतको सानो ढिका थूक र र्‍यालसँग लतपतिएर मेरो चिउँडोभरि पोतियो मलाई आफ्नै सूर थिएन, पछि पो थाहाँ पाएँ उहाँले आफ्नै रेशमी रूमालले त्यो थूक र र्‍याल थाल्नुभएछ । (१)
- त्यही रूमाल किन चलाउनुपर्थ्यो, मेरै मुख पुछ्ने भुवादारी रूमाल पलङनिरै स्ट्याण्डमा झुण्डिएकै थियो नि । (१)
- कति राम्रो थियो त्यो रूमाल, प्याजी रङको प्योर सिल्कको, मैले नै एकचोटि उहाँलाई किनेर दिएको कति खुसी हुनुभएको थियो त्यो रूमाल पाएर । (१)
- मलाई प्याजी रङ चौपट्टै मनपर्छ, मेरो बाकस र दराजभरिका सबैलुगा धेरैजसो प्याजी रङ कै छन् । (१)
- प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ, त्यसैले उहाँ जिस्क्याउनु हुन्थ्यो - तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखुँ कि । (१)
- घरमा मेरो ड्राइङरूम अगाडि दूबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनुभएको छ, म घण्टौं घण्टौं ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थ्ये । (१)
- मलाई थाहा छ त्यो माया मभित्र व्याप्त छ, मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ, त्यसबाट मुक्त हुन म कहिल्यै सकुँला ? (१)
- म खुसी छैन, अझै पनि यो कस्तो माया हो । जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१)
- त्यतिको माया पाएर पनि म खाली-खाली छु । (१)
- कहिलेकाहीँ मलाई छातीभरि मुटुभरि बतास छिरेजस्तो लाग्छ, त्यसैले मभित्र हावै हावा मात्र छ, हावा भरिइको बेलुन । (१)
- मेरो फोक्सोको झ्याङ्प्वाल च्यातिएर ठूलो प्वाल भइसक्यो सिङ्गै आकाश अटाउन सक्छ यहाँ, एउटा रित्तो आकाश म पनि भरिदिन्छु । ती भएभरका रिक्तताहरूलाई आफूमा अटाएसम्म । (१)

- मेरो मन हिजोदेखि उदास-उदास थियो, चल्न बोल्न मन थिएन । (२)
- आखिर उहाँले नै जबर्जस्ती मेरो टाउको समातेर त्यो गुलाफी झोल मेरो मुखभित्र खन्यादिनुभयो । (२)
- मुखमा लागेको अनारको रस च्यापच्याप झोल मैले राम्ररी पुछ्न पनि पाइनँ एक्कासी गोहीका तीखा दाह्राले मेरो ओठलाई कच्याम्प चपाए म अहिले दुई घण्टा अगाडि मात्रै पो म बिउँझे । (२)
- यो कोट मेरो चोलोमाथि मेरो सेतो चोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्नो, तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ, पहिलेको जस्तै होइन अझ बढ्ता पहिलेको भन्दा पनि बढ्ता । (२)
- ओह, उहाँको सुमसुम्याइमा कति तत्परता छ, त्यो चटाइमा कति लोलुपता छ। (२)
- लेख्न सकिन के भन्नु लेख्न पाइन फुर्सतै भएन । (३)
- यी तीन दिन उहाँले एक मिनेटको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अङ्गालोभित्र । (३)
- त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा झुसिल्कीरा पनि बस्न दिन्न, देखेको बेला एक दुईवटा झुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु । (४)
- अब त मलाई उहाँकै प्रतीक्षा छ, खाली उहाँकै । (५)
- उहाँको उत्तरमा भिजेको चिसो बासना आउने हात, चिसो ओठ मेरो रोगको एउटै सान्त्वना । (६)
- म थाकिसकेकी छु, बिल्कुलै थाकिसकेकी छु । (६)
- उहाँभित्रको अर्को पुरूष अझ उहाँ भन्दा पनि बलियो र सशक्त छ । (६)
- उहाँ मलाई माया गर्नुहुन्छ, मेरो हरेक इच्छा र चिन्ताको उहाँलाई फिक्री छ। (६)
- उहाँ मलाई चाट्नुहुन्छ, बिरालोले बच्चालाई चाटे जत्तिकै, तर उहाँलाई पत्तै हुँदैन । (६)
- तर उहाँलाई के पत्तो उहाँको त्यस सुमसुम्याइमा म कति बिथोलिएकी छु, कति नाङ्गिएकी छु । (६)

- उहाँ लोग्ने मानिस हुनुहुन्छ, म स्वास्नेमानिस, यो बाहेक अरू सबै उहाँले बिर्सनुभयो, किनभने म एउटी लोभलाग्दी सिङ्गै मासुको डल्ला त उहाँको अगाडि छँदै थिए नि ! (६)
- त्यहाँदेखि म कागतीभैंं उहाँको मुट्ठीभित्र बरोबर निचोरिँदै आएकी छु, चुइङ्गम जत्तिकै उहाँको तातो थूकमा परिलएकी छु ।
- खाली चाम्रो रबड मात्रै न हो, जति चुसे पनि, टोकेर क्याचक्याच पारे पनि एक थोपा रस निस्कने होइन । (६)
- मसित त्यो भिनो जीऊ र कुहिएको फोक्सो बाहेक अरू के छ र अभै के लिन आउनुहुन्छ यहाँ ? (६)
- एउटा दु:खमा अर्को दु:खलाई विर्सने प्रयत्न गरे तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नु परेको छ । (७)
- दुई महिना थला परेको बेलाबाहेक छ महिना मैले नर्कको कीराभैंं उहाँको थूकभित्र लतपतिएर काटेकी छु । (७)
- मेरो परेला यही प्याच-प्याच परेको थूकमा जमेको छ, कहाँ छ स्वर्ग ? (७)
- अहिले औषधि खुवाउन आउँदा डाक्टरलाई सोभ्रो मुखले हेर्न पनि सकिनँ, उसलाई पनि सबै कुरा थाहा छ । (८)
- थाहा किन नहोस् उसलाई म उसकै हातको प्राइभेट पेसेन्ट । (८)
- एकछिन पछि उहाँलाई डाक्टरले बोलायो, उहाँ हाँस्तै कोठाबाट निस्कनुभो र फेरि हाँस्तै फर्किनुभयो । (८)
- चम्पा यसकी आमा काली भए पनि राता-राता गला भएकी । (१०)
- ऊ यहाँ कुचो लाउने काम गर्छे रोगीको कोठा-कोठा डुलेर फोहोर बेड प्यानहरू उठाउँछे । (१०)
- सानुचा मेरो बिस्कुटमा पल्किएको छ, अहिले सङ्घारमा एउटा खुट्टा बाहिर एउटा खुट्टा भित्र हालेर डिच्च हाँसिरहेछ । (१०)
- छि: कहिले त घीनलाग्छ, त्यसको नमाभ्रेको दाँत र नाकमा कटकटिएको सिङ्गान देख्ता वाक्क वाक्क आउँछ । (१०)

- राती एक बजे लेख्न बसेकी लेख्न मन लागेन । (११)
- हिजो उहाँले सुताउनुसम्म सुताउनुभयो मलाई । (१२)
- इन्जेक्सन दिने ठाउँ थिएन, दुबै पाखुरा सियोले छिया-छिया पारेको छ, त्यसैले निर्धक्कसँग फिला खोलिदिएँ । (१२)
- त्यहाँ चिमोटेका र बोक्सीले चुसेजस्ता निकै नीलानीला डामहरू रहेछन् । (१२)
- सपनामा मलाई आकाश माथि माथि उडेर घुमेजस्तो लागेको थियो । (१३)
- डाक्टरले केही भनेन, चूपचाप त्यही नीलो फिलामा इन्जेक्सन दियो र कस्तो-कस्तो आँखाले मलाई हेरेर गयो । (१३)
- पहिले त अलि अलि मात्रै दुखेको थियो, मैले वास्ता पनि गरिनँ । (१४)
- हिजोदेखि त दुखेको झन्झन् बढ्न थाल्यो, मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिन पनि । (१४)
- उहाँ घर जानुभएपछि त्यसलाई उठाएर हेरे प्याजी फूल धेरैपछि खेलाउन पाएकी, त्यसैले हेरिरहेँ एक-एक वटा गरी गने । (१६)
- हातभरि चिलाउने डाबरहरू उठे अनि कताकता उहाँको हललल हाँसो मेरो बिरामी प्राइभेट कोठाभरि घन्क्यो । (१६)
- त्यो प्याजी फूल मैले पर-पर मिल्काउन पठाइदिएँ नत्र त्यो झुसिल्कीरा फेरि मेरो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो । (१६)
- अब त घीन लाग्छ ती सबदेखि मलाई थाहा छ अब म निको हुन्नँ हुँदै हुन्नँ । (१७)
- आइमाईको जुरोमा गुलाफको रातो फूल छ, त्यो लोग्नेमान्छे चाहिँ आइमाईको कुममा हात राखेर हिँडिरहेछ । (१७)
- कस्तो भतभत पोल्ने डाहा । (१७)
- मरोस् यो पनि डढेर फाल्दै फाल्दिन टिपेर अब यसलाई मरोस् । (१८)
- छाती फुटेपछि त रगतको मुस्लो निस्कन्छ, रगत त्यहाँबाट सल्लाघारीभित्र पसेको रातो गुलाफ जस्तै । (१८)
- फुट्न लाग्यो मेरो छाती, फुट्न लाग्यो, खै रगतको छेलो खेलो बग्छ । (१८)
- म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु उहाँलाई । (१९)

- उहाँको गुलाफी आङ गाडेर एक-एक चोक्टा मासु झिक्छु र मेरो फोक्सोका जम्मै कीरा त्यसमा भरिदिन्छु । (१९)
- मलाई माया गर्ने त्यो गुलाफी आङ पनि मेरो आङ जस्तै कत्ला परेको साह्रो फसिल हुनुपर्छ । (१९)
- ती ओठलाई मुखभरि च्यापेर तनतन पिइदिन्छु । (१९)
- त्यसभित्रको आलो रगतमा मेरो कुहिएको रगत जति सप्पै खन्याइदिन्छु । (१९)
- उहाँको मायाको प्रतिदान मेरो पनि त्यस्तै माया । (१९)
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङ्मा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो । (१९)
- आज म उहाँलाई छोड्दै छोड्दिन छोड्दै छोड्दिन । (१९)
- उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै झ्याङ्प्वाल, सिङ्गै आकाश अटाउन सक्ने झ्याङ्प्वाल, हाम्रो फोक्सोको झ्याङ्प्वाल बढ्दै एक ठाउँमा गएर मिल्छ, हामी ठूलो शुन्य बन्छौ । (१९)
- च्चः मेरो पहेंलो गुलाफ एउटा-एउटा पातमा एउटा-एउटा लाभ्रे । (१९)
- सबै फूल खाएर सकिन लागिसके यी लाभ्रेहरू कति चाँडो चाँडो पातलाई सक्दा रहेछन् । (१९)
- पहेंलो गुलाफ एक-एक पत्र हराउँदैछ । (१९)

माथिका वाक्यहरूमा रेखाङ्कन गरिएका शब्दहरू पुनरावृत्ति सम्बद्धकहरू हुन् । यिनले वाक्यमा अगाडिको प्रसङ्ग र पछाडिको प्रसङ्गलाई जोड्न सहयोग पुऱ्याई अर्थगत निरन्तरता कायम गर्न मद्दत पुऱ्याएको छ । यस्तो पुनरावृत्ति पदावलीगत उपवाक्य र सिङ्गो वाक्यमा समेत भएको छ । यसले अभिव्यक्तिलाई प्रष्ट पार्न सघाउ पुऱ्याएको छ ।

### ४.१.८.२ पर्यायवाची सम्बद्धक

समान अथवा उही अर्थ बुझाउने भिन्नै रूप भएका शब्द समूहलाई पर्यायवाची सम्बद्धक भनिन्छ । सङ्कथनमा यिनले विचारको श्रृङ्खला निर्माण गर्न सघाउ पुऱ्याउँछन् । यस्ता पर्याय शब्द पनि पूर्ण, पर्याय र आंशिक पर्याय गरी दुई प्रकारको हुन्छ । पर्यायवाची शब्दका भाषिकागत, सन्दर्भगत, स्रोतगत, शैलीगत गरी चार भेद हुने कुरा (पोखरेल, २०५९:

१५५) बताएका छन् । यस्ता शब्दले पाठलाई अर्थपूर्ण अन्वितिपूर्ण शृङ्खलित बनाउन सहयोग पुऱ्याउँछन् । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका पर्यायवाची सम्बद्धकहरू

- यो थूकसित लतपतिएको रगत, यो कुहिएको फोक्सो सबै मेरा आफ्नै कमजोरीका उपलब्धि हुन्, अझ कति म छकिऊ कति घाटा परूँ (१)

  छकिनु : घाटा परूँ

- कहिलेकाहीँ मलाई छातीभरि मुटुभरि बतास छिरे जस्तो लाग्छ, त्यसैले मभित्र हावै हावा मात्र छ, हावा भरिएको बेलुन । (१)

  बतास : हावा

- ओह उहाँको सुमसुम्याइमा कति तत्परता छ, त्यो चटाइमा कति लोलुपता छ। (२)

  सुमसुम्याइमाः चटाइमा

- उहाँभित्रको अर्को पुरूष अझ उहाँभन्दा पनि बलियो र सशक्त छ । (६)

  बलियोः सशक्त

- एउटा दुःखमा अर्को दुःखलाई बिर्सने प्रयत्न गरे, तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नु परेको छ । (७)

  दुःखः कष्ट

- यी नफक्रेका कोपिलालाई कति आनन्द छ अहिले एउटा प्रगाढ निद्रा, आनन्द, शान्ति फक्रेका फूल कठै । (९)

  आनन्दः शान्ति

- इन्जेक्शन दिने ठाउँ थिएन, दुवै पाखुरा सियो ले छिया छिया पारेको छ, त्यसैले निर्धक्कसँग फिला खोलिदिएँ । (१२)

  इन्जेक्सन : सियो

माथिका वाक्यहरूमा रेखाङ्कन गरिएका छकिनु : छाटा परूँ, बतास : हावा, सुम्सुम्याइमा : चटाइमा, बलियोः सशक्त, दुःखः कष्ट, आनन्द : शान्ति, इन्जेक्सनः सियोजस्ता शब्दहरू पर्यायवाची सम्बद्धकहरू हुन् । यिनले वाक्यमा विचारको श्रृङ्खला निर्माण गर्न सघाउ पुऱ्याइ अभिव्यक्तिमा सहजता प्रदान गरेको पाइन्छ ।

#### ४.१.८.३ विपरीतार्थक सम्बद्धक

कुनै एउटा शब्दको ठिक उल्टो अर्थ दिने अर्को शब्दलाई विपरीतार्थी सम्बद्धक भनिन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका हुन्छन् । विपरीतार्थी शब्द पनि श्रेणीबद्ध, परिपूरक र विरूद्धार्थक गरी तीन किसिमका हुन्छन् । यस्ता शब्दले पाठमा परस्पर जोर्नीको काम गरी अर्थगत अन्विति गराउने काम पनि गर्दछन् । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका विपरीतार्थक सम्बद्धकहरू निम्न छन् :

- उहाँ लोग्नेमानिस हुनुहुन्छ म स्वास्नेमान्छे, यो बाहेक अरू सबै उहाँले बिर्सनुभयो, किनभने म एउटी लोभलाग्दी सिङ्गौ मासुको डल्ला त उहाँको अगाडि छँदै थिए नि । (६)

  लोग्ने मानिस : स्वास्नेमान्छे
- टी.बी.भएको सुनेर मलाई दुःख लागेन बरू खुसी लाग्यो । (६)

  दुःखः खुशी
- एक छिनपछि उहाँलाई डाक्टरले बोलायो उहाँ हाँस्तै कोठाबाट निस्कनुभयो र फेरि हास्तै फर्किनु भयो । (८)

  निस्कनुः फर्किनु
- यहाँबाट कति तल देखिन्छ, तर जति गयो उति माथि कहाली लाग्ने पो रहेछ। (१२)

  तलः माथि
- अब अग्लो होचो तरेली परेको रित्तो फाँट मात्रै छ । (१६)

  अग्लोः होचो
- म पनि बिरालो हुन्छ, खस्रो काँडा उम्रेको जिब्रोले चाट्छु । उहाँको कमलो आङभरि । (१९)

  खस्रो : कमलो

माथिका वाक्यहरूमा रेखाङ्कन गरिएका शब्दहरू विपरीतार्थी सम्बद्धकहरू हुन् । यी वाक्यहरूमा तीनवटै विपरीतार्थी सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ । यस्ता शब्दले पाठमा परस्पर जोर्नीको काम गरी अर्थगत अन्विति कायम गर्दछ ।

### ४.१.८.४ समावेशात्मक सम्बद्धक

विभिन्न शब्दहरूको अर्थलाई समाविष्ट गर्न सक्ने शब्दलाई समावेशक र साझा अर्थ बोकेको समावेशक शब्द भित्र समावेशित हुने शब्दलाई समावेश्य शब्द भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका समावेशक समावेश्य सम्बद्धकहरू निम्न छन् :

**तालिका नं. ११**

**'पहेंलो गुलाफ' कथामा प्रयोग भएका समावेशक समावेश्य सम्बद्धकहरू**

| समावेशक शब्द | समावेश्य शब्द |
|---|---|
| आनन्द | प्रगाढ निद्रा, आनन्द शान्ति |

- यी नफक्रेका कोपिलालाई कति आनन्द छ अहिले, एउटा प्रगाढ निन्द्रा, आनन्द शान्ति, फक्रेका फूल कठै ! (१०)

(माथिको वाक्यमा आनन्द समावेशक शब्द भित्र प्रगाढ निन्द्रा, आनन्द शान्ति, शब्द समावेश भएको छ, त्यसकारण उक्त वाक्यका बीचमा समावेशक समावेश्य सम्बन्ध रहेको छ ।

### ४.१.८.५ सन्निधान वा सहप्रयोग सम्बद्धक

कुनै पनि शब्दको अर्को खास शब्दसँगको सम्बन्ध वा सहचार्यलाई सन्निधान वा सहप्रयोग भनिन्छ । कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र आउन सक्छ तर त्यही शब्द जुन पायो सही शब्दसँग आउन नसक्ने स्थितिलाई सन्निधान भनिन्छ । त्यसैले सन्निधानले दुई शब्द निकट रहने बुझाउँछ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका सन्निधान वा सहप्रयोग सम्बन्धमूलक शब्दहरू निम्नानुसार छन् :

- साच्चै मलाई यस्तै लाग्छ, मेरो फोक्सो अब कुहिएर फतफती झर्न मात्र बाँकी छ । (१)

(कुहिएरसँग फतफतीको निकटको सम्बन्ध रहनाले)

- अधि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रूमाल निस्क्यो, फोहोरले कटकटिएको (१) ।

(फोहोरसँग कटकटिएको नजिकको सम्बन्ध रहने भएकाले)

- म यहाँ बस्न आएदेखि नै यो गुलाफको बोट यही छ । तल पार्टीकोदेखि पस्रेर आएका यसका एक दुई लहरा मेरो कोठाको झ्यालमा सधैं यसैगरी लत्रिरहन्छन् । (४)

(कोठासँग झ्यालको नजिकको सम्बन्ध रहने भएकाले)

- उहाँ त आफ्नै धूनमा बौलाह जत्तिकै फतफताई रहनुभयो, सनकी जस्तै हललल हाँसिरहनुभयो । (१४)

(हललल सँग हाँसिरहनु निकटको सम्बन्ध रहने भएकाले)

- हातभरि चिलाउँने डाबरहरू उठे अनि कताकता उहाँको हललल हाँसों मेरो बिरामी प्राइभेट कोठाभरि घन्क्यो । (१६)

(हललल सँग हाँसो निकटको सम्बन्ध रहने भएकाले)

- कालो झुसिल्कीराका टल्ल परेको आँखामा दुईवटा चम्किला आँखाले चियाए । (१६)

(चम्किला आँखासँग चियाए नजिकको सम्बन्ध रहने भएकोले)

- मैले त्यसै टेबुलमाथि राखेकी थिएँ, त्यो फूलको गुच्छा । (१६)

(फूलसँग गुच्छा नजिकको सम्बन्ध रहने भएकाले

- कस्तो भतभत पोल्ने डाह ! (१७)

(भतभत पोल्नेसँग डाहाको नजिकको सम्बन्ध रहनाले)

माथि रेखाङ्कन गरिएका शब्दहरू कुरिएरसँग फतफती, फोहोरसँग कटकटिएको, कोठासँग झ्यालको हललल सँग हाँसिरहनु, हललल सँग हाँसो, चम्किला आँखासँग चियाए, फूलसँग गुच्छा र भतभत पोल्नेसँग डाहाजस्ता शब्दहरू प्राय गरेर यही शब्दसँग मात्र आउने हुँदा यी शब्दहरू सन्निधान सहप्रयोजनको प्रयोग भएका शब्दहरू हुन् । यिनले दुई शब्दलाई निकट राख्न सहयोग पुऱ्याएको पाइन्छ ।

**अध्याय पाँच**

# पहेंलो गुलाफ कथामा वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनको व्याख्या र विश्लेषण

## ५.१ पहेंलो गुलाफ कथामा वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको अध्ययन

'पहेंलो गुलाफ' कथामा विभिन्न वाक्य र अनुच्छेदहरू रहेका छन् । ती वाक्य र अनुच्छेदको कुशल संयोजनले यसलाई एउटा पूर्ण सङ्कथनात्मक पाठ बनाएको छ । कथामा जम्मा १९ अनुच्छेदमा संरचित लामा र छोटा अनुच्छेदहरू रहेका छन् । ती १९ ओटा अनुच्छेदलाई सम्बद्धनका दृष्टिले केलाउन खोजिएको छ, जसका लागि सम्बद्धन प्रयुक्त वाक्यहरू प्रस्तुत गर्दा वाक्यको अन्त्यमा अनुच्छेद सङ्ख्या दिइएको छ । जुन सम्बद्धनहरू निम्नानुसार छन् :

### ५.१.१ सामान्य विशिष्ट र विशिष्ट सामान्यको सम्बन्ध

सङ्कथनमा पहिलो वाक्य सामान्य रूपमा र त्यसपछिका वाक्य विशिष्ट रूपले आउनुलाई सामान्य विशिष्टको सम्बन्ध भनिन्छ भने सङ्कथनमा पहिलो वाक्य विशिष्ट रूपमा र अर्को वाक्य सामान्य रूपमा आउँछ भने त्यसलाई विशिष्ट सामान्यको सम्बन्ध भनिन्छ । सामान्य विशिष्टको सम्बन्धमा अघिल्लो वाक्यले मूलभाव समेटेको हुन्छ भने पछिल्लो वाक्यले त्यसको सानो अंश भाव समेटेको हुन्छ । त्यस्तै विशिष्ट सामान्यको सम्बन्धमा यसको विपरित सम्बन्ध रहन्छ र विशिष्ट सामान्यको सम्बन्धलाई अङ्ग अङ्गीको सम्बन्ध पनि भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएको सामान्य विशिष्टको सम्बन्ध निम्न छन् :

- मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेको थिएँ तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । उहाँ भन्नुहुन्छ, मलाई केही भएको छैन, चाँडै नै निको हुन्छ रे । (१)
- मलाई कत्रो भयङ्कर सरूवा रोगले च्यापेको छ, यो उहाँलाई थाहा छैन र ? तैपनि उहाँ डराउनु हुन्न, घिनाउनु हुन्न । (१)

- अघि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रूमाल निस्क्यो । फोहोरले कटकटिएको । त्यही रूमाल किन चलाउनुपर्थ्यो । मेरै मुख पुछ्ने भुवादारी रूमाल पलङ्निरै स्ट्याण्डमा झुण्डिएकै थियो नि । (१)
- प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ, त्यसैले उहाँ जिस्क्याउनु हुन्थ्यो - तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखुँ कि । त्यति मात्रै होइन, उहाँ मेरो प्रसन्नता र रूचिको ज्यादै कदर गर्नुहुन्छ । (१)
- घरमा मेरो ड्राइङ्रूम अगाडि दूबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनु भएकोछ, म घण्टौं घण्टौं ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थे । कति आनन्द लाग्दथ्यो त्यसो गर्न मलाई । (१)
- म खुशी छैन अझै पनि यो कस्तो माया हो जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । यतिको माया पाएर पनि म खाली खाली छु । (१)
- यस्तो पानीमा बर्साती पनि लाउनुभएको थिएन । यो कोट मेरो चोलोमाथि, मेरो सेतो थाङ्ना तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ, पहिलेको जस्तै होइन, अझ बढ्ता, पहिलेको भन्दा पनि बढ्ता । (२)
- दुई दिनदेखि केही लेख्न सकिनँ । लेख्न सकिनँ के भन्नु लेख्न पाइनँ, फूर्सतै भएन । (३)
- हाम्रो विवाहको चार वर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ । तर उहाँलाई के पत्तो उहाँको त्यस सुमसुम्याइमा म कति बिथोलिएकी छु, कति नाङ्गिएकी छु । (६)
- दुई महिना थला परेको बेलाबाहेक छ महिना मैले नर्कको कीराझैं उहाँको थूकभित्र लतपतिएर काटेकी छु । त्यो थूक कहिल्यै सुक्दैन, घट्दैन । (७)
- गुलाफ फुलिसकेछ । कति राम्रो दुई वटा मात्रै फुलेछ । (१०)
- ओह ! कस्तो खोकीले च्यापेको मलाई । ल, रगत पनि निक्कै पो आयो । (१७)
- उहाँका ती दूध निस्कलान् जस्ता ओठ कति लोभलाग्दा छन् खै मेरो त्यस्तो । (१९)

माथि आएका वाक्यहरूका बीचमा पहिलो वाक्य सामान्य रूपमा आएको र दोस्रो वाक्य अर्थात् त्यसपछिको वाक्य विशिष्ट रूपले आएको हुँदा अघिल्लो वाक्यले मूलभाव

समेटेको र पछिल्लो वाक्यले त्यसको सानो अंश मात्र समेटेको पाइन्छ । त्यसकारण यी वाक्यहरका बीचमा सामान्य विशिष्ट सम्बन्ध रहेको देखिन्छ ।

### ५.१.२ विशिष्ट सामान्यको सम्बन्ध

'पहेंलो गुलाफ' कथामा विशिष्ट सामान्य सम्बन्धको प्रयोग भएको पाइँदैन ।

### ५.१.३ कार्य कारणको सम्बन्ध

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्य कार्यका रूपमा र अर्को वाक्य कार्य सम्पन्न गर्ने कारणका रूपमा आएमा त्यसलाई कार्यकारणको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा किनकी, किनभने, कि जस्ता संयोजकहरूको प्रयोग गरिएको हुन्छ । 'पहेंलो गुलाफ' कथामा रहेका वाक्यहरूका बीचमा प्रयुक्त कार्यकारणको सम्बन्ध निम्नानुसार छन् :

- प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ त्यसैले उहाँ जिस्काउनु हुन्थ्यो - तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखूँ कि । (१)
- उहाँ लोग्ने मानिस हुनुहुन्छ म स्वास्नी मान्छे, यो बोहक अरू सबै उहाँले बिर्सनुभयो, किनभने म एउटी लोभलाग्दी सिङ्गै मासुको डल्ला त उहाँको अगाडि छँदै थिएँ नि । (६)
- त्यो प्याजी फूल मैले पर-पर मिल्काउन पठाइदिए नत्र त्यो भुसिल्कीरा फेरि मेरो यो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो । (१६)

माथि आएका वाक्यहरूका बीचमा अनुच्छेद सङ्ख्या एकमा प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ भनी त्यसको कारण, त्यसैले उहाँ जिस्काउनु हुन्थ्यो, तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखूँ कि भनी कार्यकारणको सम्बन्ध रहेको देखाइएको छ । त्यस्तै अनुच्छेद सङ्ख्या छ मा उहाँ लोग्ने मानिस हुनुहुन्छ म स्वास्नी मान्छे यो बाहेक अरू सबै उहाँले बिर्सनुभयो भन्ने कार्य बताई त्यसको कारण किनभने म एउटी लोभलाग्दी सिङ्गै मासुको डल्ला त उहाँको अगाडि छँदै थिएँ नि भन्दै त्यस वाक्यका बीचमा पनि कार्यकारणको सम्बन्ध रहेको देखिन्छ । त्यसैगरी अनुच्छेद सङ्ख्या १६ प्रस्तुत गर्दै नत्र त्यो भुसिल्कीरा फेरि मेरो यो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो भनी कारणसमेत देखाइएको हुँदा माथिका वाक्यहरूका बीचमा कार्यकारणको सम्बन्ध सथापित रहेको भेटिन्छ ।

### ५.१.४ कारण कार्यको सम्बन्ध

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्यमा कारणको रूपमा प्रस्तुत भई पछिल्लो वाक्यमा कार्यको प्रस्तुति हुनुलाई कारण कार्यको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध वाक्यान्तरित वा अन्तर्वाक्यीय दुवै रूपमा देखा पर्न सक्छ । यस्तो सम्बन्धमा यसकारण, त्यसकारण, कि जस्ता संयोजकहरूको प्रयोग गरिएको हुन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयुक्त कारण कार्यको सम्बन्ध निम्नअनुसार छन् :

- छिः धोएर पनि के गर्नु त्यो रोगी रूमाल त्यसैले मैले फोहोर मिल्काउने भाँडोमा हालिदिएँ । (१)
- म जस्तै रोगी छ यो गुलाफको बोट, पहेंला फूल मात्रै फुल्छन् । त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा झुसिल्कीरा पनि बस्न दिन्न, देखेको बेला एक दुईवटा झुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु । (४)
- इन्जेक्शन दिने ठाउँ थिएन, दुवै पाखुरा सियोले छिया छिया पारेको छ, त्यसैले निर्धक्कसँग फिला खोलिदिएँ । (१२)
- प्याजी फूल धेरै पछि खेलाउन पाएकी, त्यसैले हेरिरहें एक-एक वटा गरी गने । (१६)
- उहाँ मलाई माया गर्नु हुन्छ । त्यसैले म पनि उहाँलाई माया गर्छु । (१९)

माथिका वाक्यहरूमा आएका अनुच्छेद सङ्ख्या १ मा छिः धोएर पनि के गर्नु त्यो रोगी रूमाल भन्ने कारण प्रस्तुत गर्दै त्यसलाई कार्यको रूपमा प्रस्तुत गर्न त्यसैले जोडी मैले फोहोर मिल्काउने भाडोमा हालिदिए भन्दै कारण कार्यको सम्बन्ध स्थापित गरिएको छ । अनुच्छेद सङ्ख्या ४ मा म जस्तै रोगी छ यो गुलाफको बोट, पहेंलो फूल मात्रै फुल्छन् भनी कारण प्रस्तुत गरिएको र त्यसलाई त्यसैले जोडी यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा झुसिल्कीरा पनि बस्न दिन्न देखेको बेला एक दुईवटा झुसिल्कीरा सधैं टिपेर फ्याँकिदिन्छु भन्दै कार्यकारणको सम्बन्ध रहेको देखाइएको छ । त्यस्तै गरी अनुच्छेद सङ्ख्या १६ मा प्याजी फूल धेरै पछि खेलाउन पाएकी कारण त्यसलाई एक-एक वटा गरी गने भन्ने कार्य प्रस्तुत भएको छ । अनुच्छेद सङ्ख्या १९ मा उहाँ मलाई माया गर्नु हुन्छ कारण बताउँदै । त्यसैले म पनि उहाँलाई माया गर्छु भन्ने कार्यको सम्बन्ध स्थापित भएको हुँदा माथिका वाक्यहरूका बीचमा कारण कार्यको सम्बन्ध रहेको देखिन्छ ।

### ५.१.५ प्रभाव परिणामको सम्बन्ध

अघिल्लो वाक्यको परिणाम स्वरूपमा रहेर त्यसको प्रतिफल स्वरूप पछिल्लो वाक्य प्रयोग भएमा त्यसलाई प्रभाव परिणामको सम्बन्ध भनिन्छ । यसमा फलत तसर्थ, फलस्वरूप, परिणाम स्वरूप, त्यसैले जस्ता संयोजकहरूको प्रयोग हुने सम्भावना बढी हुन्छ । 'पहेंलो गुलाफ' कथामा अनुच्छेद एक देखि उन्नाइस सम्म रहेका प्रभाव परिणामको सम्बन्धहरू निम्नअनुसार रहेका छन् :

- मलाई थाहा छ त्यो माया मभित्र व्याप्त छ, मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ, त्यसबाट मुक्त हुन म कहिल्यै सकुँला ? (१)
- कहिलेकाहीँ मलाई छातीभरि मुटुभरि बतास छिरेजस्तो लाग्छ, त्यसैले मभित्र हावै हावा मात्र छ, हावा भरिएको बेलुन । (१)
- म जस्तै रोगी छ यो गुलाफलको बोट, पहेंला फूल मात्रै फुल्छन् । त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा झुसिल्कीरा पनि बस्न दिन्न । (४)
- उहाँको मायाको प्रतिदान मेरो पनि यस्तै माया । उहाँ मलाई माया गर्नुहुन्छ । त्यसैले म पनि उहाँलाई माया गर्छु । (१९)
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङ्मा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो । (१९)

माथि आएका वाक्यहरूमा अनुच्छेद सङ्ख्या १ मा मलाई थाहा छ त्यो माया म भित्र व्याप्त छ, मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ भन्ने प्रभावको परिणाम स्वरूप म पात्र त्यसबाट मुक्त हुन म कहिल्यै सकुँला भन्दै त्यसैको परिणाम हो भन्ठान्छिन् । त्यसैगरी अनुच्छेद सङ्ख्या १ मा नै कहिलेकाहीँ मलाई छातीभरि मुटुभरि बतास छिरेजस्तो लाग्छ, भन्ने अघिल्लो वाक्यको प्रभाव देखाउँदै त्यसैले मभित्र हावैहावा मात्र छ, हावा भरिएको बेलुन भनी त्यसको परिणामबाट यस्तो भएको हो भन्ने कुरा दर्साएका छन् । अनुच्छेद सङ्ख्या ४ मा म जस्तै रोगी छ यो गुलाफको बोट, पहेंला फूल मात्र फुल्छन् । त्यसैले यसको मलाई माया लाग्छ, म यसको पातमा एउटा झुसिल्कीरा पनि बस्न दिन्न भन्दै अघिल्लो वाक्यको प्रभावमा रहेर पछिल्लो वाक्य प्रस्तुत भई प्रभाव परिणामको सम्बन्ध स्थापित भएको देखिन्छ । त्यसैगरी अनुच्छेद सङ्ख्या १९ मा पनि उहाँको मायाको प्रतिदान

मेरो पनि त्यस्तै माया हो मलाई माया गर्नुहुन्छ भन्ने अघिल्लो वाक्यको प्रभावमा रहेर म पनि उहाँलाई माया गर्छु भन्ने परिणाम दर्साइएको छ । फेरि अनुच्छेद सङ्ख्या, १९ मा नै यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ भन्ने प्रभावमा रहेर उहाँलाई पनि यही यस्तै सेतो पलङमा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो भन्दै यी वाक्यहरूमा प्रभाव परिणामको सम्बन्ध रहेको स्पष्ट देखाइएको पाइन्छ ।

### ५.१.६ परिणाम प्रभावको सम्बन्ध

पछिल्लो वाक्यको परिणाम स्वरूप अघिल्लो वाक्यको प्रयोग हुनुलाई परिणाम प्रभावको सम्बन्ध भनिन्छ । यसमा पछिल्लो वाक्यको आधारमा अघिल्लो वाक्यको प्रयोग गरिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका परिणाम प्रभावको सम्बन्ध निम्नानुसार छन् :

- म ज्यादै दुब्लाइसके, थूकसित कहिलेकाहीँ रगत मिसिएर आउँछ, रातो आँखै तिरमिराउने कालो रगत । मलाई टी.बी. भएको रहेछ । (१)
- ऐय्या : यो मेरा पाखुरा किन यस्तरी दुखेको बेसरी बटारेको जस्तो भइरहेछ । ए, बिहान डाक्टरले पनि यसैमा इन्जेक्सन दिएको हो क्यारे । (२)
- दुई दिनदेखि केही लेख्न सकिनँ । लेख्न सकिनँ के भन्नु लेख्न पाइनँ फुर्सतै भएन । यी तीन दिन उहाँले एक मिनेटको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अँगालो भित्र । (३)
- यो गुलाफको बोट र हातहरू कति चम्केका ! हिजो बिहानभरि र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)

माथि आएका वाक्यहरू अनुच्छेद सङ्ख्या १ मा म ज्यादै दुब्लाइसके, थूकसित कहिलेकाहीँ रगत मिसिएर आउँछ । रातो आँखै तिरमिराउने, कालो रगत । मलाई टि.बी. भएको रहेछ भन्ने प्रसंगमा यहाँ पछिल्लो वाक्यको परिणाम स्वरूप अघिल्लो वाक्य प्रस्तुत भएको छ । अनुच्छेद सङ्ख्या २ मा ऐय्या :यो मेरा पाखुरा किन यस्तरी दुखेको बेसरी बटारेको जस्तो भइरहेछ । ए बिहान डाक्टरले पनि यसैमा इन्जेक्सन दिएको हो क्यारे । यो पछिल्लो वाक्यको प्रभावमा रहेर मात्र अघिल्लो वाक्य आएको छ । त्यसैगरी अनुच्छेद सङ्ख्या ३ मा दुई दिनदेखि केही लेख्न सकिनँ । लेख्न सकिनँ के भन्नु लेख्न फुर्सतै भएन । यी तीन दिन उहाँले एक मिनेटको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको

जब्बर अँगालोभित्र यहाँ पनि पछिल्लो वाक्यमा म पात्रलाई उहाँ पात्रले जब्बर अँगालो भित्र बाँधेका कारण पहिलो वाक्यमा लेख्न नसकेकी कुरा प्रस्तुत भएको हुँदा पनि परिणाम प्रभावको सम्बन्ध रहेको भेटिन्छ । त्यसैगरी अनुच्छेद सङ्ख्या ४ मा पनि पछिल्लो वाक्य हिजो बिहानभरि र रातभरिको पानीले निखार ल्याइदिएछ प्रभावमा रहेर अघिल्लो वाक्य यो गुलाफको बोट र हातहरू चम्केका कुरा म पात्रले गरेकी छिन् । त्यसकारण पनि यी माथिका वाक्यहरू बीचमा यस्तो सम्बन्ध भेटिन्छ ।

### **५.१.७ परिवेश घटनाको सम्बन्ध**

सङ्कथनमा अभिव्यक्त विषयवस्तुको अघिल्लो वाक्यमा कुनै खास परिवेशको चर्चा गरी पछिल्लो वाक्यमा घटित घटना प्रस्तुत भएमा परिवेश घटनाको सम्बन्ध रहन्छ । यस्तो सम्बन्ध वाक्यात्मक स्तरमा मात्र नभई अनुच्छेद र प्रकरणका बीचमा पनि हुन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका परिवेश घटनाको सम्बन्ध निम्नअनुसार रहेका छन् :

- हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झँदैमा मेरो मुटु अझै थर्रथर्र काम्छ । (१)
- अघि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रूमाल निस्क्यो, फोहोरले कटकटिएको । (१)
- घरमा मेरो ड्राइङरूम अगाडि दुबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनुभएको छ, म घण्टौँ घण्टौँ ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थें । (१)
- दुई महिनासम्म म ज्यादै थलिएँ, अहिले अलि सञ्चो छ तर के । (१)
- मेरो मन हिजोदेखि उदास-उदास थियो, चल्न बोल्न मन थिएन । (२)
- अहिले दुईघण्टा अगाडि मात्रै पो म बिउँझे । खोइ उहाँ त गइसक्नुभएछ । (२)
- ए, बिहान डाक्टरले पनि यसैमा इन्जेक्सन दिएको हो क्यारे । (२)
- दुई दिनदेखि केही लेख्न सकिनँ । लेख्न सकिन के भन्नु लेख्न फुर्सतै भएन । (३)
- यी तीन दिन उहाँले एक मिनेटको लागि पनि मलाई कही छोड्नु भएन, म बाँधिएर बसिरहे उहाँको जब्बर अँगालो भित्र । (३)

- यही यस्तै हात र ओठको सन्तोष चारवर्ष देखि उहाँले मलाई दिँदै आउनुभएको छ । म थाकिसकेकी छु । (६)
- हाम्रो विवाहको चारवर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ । (६)
- विवाहको पहिलो रातमै मैले आफूलाई उहाँमा समर्पित गरिदिएँ । त्यस बेला मेरा आँखामा कति सपना भरिएका थिए, उहाँलाई पाएर मलाई सर्वस्व पाएजस्तो लागेको थियो । (६)
- साँच्चै यी चार वर्षभित्रमा उहाँ अलिकति पनि घाटा पर्नुभएको छैन । छाटा म पो परेकी छु । (६)
- दुई महिना थला परेको बेला बाहेक ६ महिना मैले नर्कको कीराझैं उहाँको थूकभित्र लतपतिएर कोटेकी छु । यो थूक कहिल्यै सुक्दैन घट्दैन । (७)
- हिजोको एउटा घटना पनि लेखिहालुँ । सम्झन पनि सक्दिनँ, लाज लाग्छ । (८)
- हिजो राती पनि त्यसबेलासम्म उहाँ पलङमा मेरै छेउमा पल्टिरहनुभएको थियो । डाक्टर के कामले हो भ्वासभ्वास्ती कोठाभित्र पस्यो, फेरि ठाडै खुट्टाले ऊ फर्कियो । (८)
- अहिले पनि बिस्कुट लिन आएको त्यो एउटा क्रीमक्र्याकर झिकेर ढोकातिर मिल्काइदिएँ । (१०)
- हिजो केही लेख्न सकिनँ । राती एक बजे लेख्न बसेकी लेख्न मन लागेन । (११)
- हिजो उहाँले सुताउनुसम्म सुताउनु भयो मलाई । चीलले मूसालाई झुण्ड्याएझैं झुण्ड्याएर मलाई माथि-माथि आकाश सबै घुमाउनुभयो । (१२)
- अहिले भर्खर फेरि डाक्टर मलाई इन्जेक्सन दिन आयो । इन्जेक्सन दिने ठाउँ थिएन । (१२)
- अस्तिदेखि मेरो छाती दुख्न थालेको छ । पहिले त अलिअलि मात्रै दुखेको थियो, मैले वास्ता पनि गरिनँ । (१४)
- हिजो आउँदा आउँदै एक गुच्छा प्याजी फूल मेरो हातमा थमाइदिनुभयो उहाँले । (१५)
- मैले त्यसै टेबुलमाथि राखेकी थिएँ, त्यो फूलको गुच्छा । (१६)

- आज त म उहाँलाई छोड्दै छोड्दिनँ, छोड्दै छोड्दिनँ । उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै भ्याङ्प्वाल सिङ्गै आकाश अटाउन सक्ने भ्याङ्प्वाल, हाम्रो फोक्सोको भ्याङ्प्वाल बढ्दै एकै ठाउँमा गएर मिल्छ, हामी ठूलो शून्य बन्छौं ।

माथि आएका वाक्यहरूका बीचमा पहिले परिवेशको चर्चा गरिएको र पछि त्यही पहिलो वाक्यको आधारमा सम्बन्धित रहेर घटना घटित भएको हुँदा यी माथि प्रस्तुत भएका सबै वाक्यहरूका बीचमा परिवेश घटनाको सम्बन्ध रहेको भेटिन्छ ।

### ५.१.८ घटना परिवेशको सम्बन्ध

सङ्कथनमा अघिल्लो वाक्यमा कुनै खास घटनाको चर्चा गरिसकेपछि पछिल्लो वाक्यमा परिवेशको चर्चा गर्नुलाई घटना परिवेशको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध वाक्यात्मक, अनुच्छेद र प्रकरणका बीचमा पनि हुन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका घटना परिवेशको सम्बन्ध निम्न रहेका छन् :

- मलाई टी.बी. भएको रहेछ । हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु । (१)
- कति आनन्द लाग्दथ्यो त्यसो गर्न मलाई । अहिले आठ महिना भइसकेको छ । (१)
- ऊ अझै पानी दर्कदैछ । यो पानी अब रातभर थामिँदैन । (२)
- यो गुलाफको बोट र हातहरू कति चम्केका । हिजो बिहान भरि र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)
- डाक्टर गयो रित्तो औंस लिएर अर्को कोठामा पुगेपछि उसले फेरि त्यो औंसलाई औषधिले भर्छ, फेरि, रित्याउँछ । (६)
- सम्झन पनि सक्दिनँ, लाज लाग्छ । अहिले औषधि खुवाउन आउँदा डाक्टरलाई सोझो मुखले हेर्न पनि सकिनँ, उसलाई पनि सबै कुरा थाहा छ । (८)
- उहाँ आउनुभयो, ऊ मोटरको आवाज हाम्रै क्याडिलक हो । सेनेटोरियम जस्तो ठाउँमा लाखौं मोटर आउँछन् तैपनि आफ्ना क्याडिलकलाई म राम्ररी चिन्छु । (८)
- सानुचा आयो ऊ ढोकामा पाँच वर्षको खियाउटे केटो । (१०)

- सानुचा मेरो बिस्कुटमा पल्किएको छ, अहिले सङ्घारमा एउटा खुट्टा बाहिर एउटा खुट्टाभित्र हालेर ङिच्च हाँसिरहेछ । (१०)
- निन्द्रा पनि परेन । आज पनि के लेखूँ खै । (११)
- पहिले त अलिअलि मात्रै दुखेको थियो, मैले वास्ता पनि गरिनँ । हिजोदेखि त दुखेको झन् झन् बढ्न थाल्यो, मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिन पनि । (१४)
- उहाँ पनि आउँनु हुने बेला भयो । हिजो, जस्तै एक गुच्छा प्याजी फूल दिएर मेरो छातीमा झन् दुख्ने थपेर जानु हुनेछ । (१६)

माथि आएका वाक्यहरूका बीचमा पहिलेको वाक्यमा घटना घटित भएको र त्यही पहिलो वाक्यका आधारमा नै दोस्रो वाक्यले निरन्तरता पाएको र परिवेशको चर्चा भएको हुँदा यी वाक्यहरूका बीचमा परिवेश घटनाको सम्बन्ध रहेको भेटिन्छ ।

### ५.१.९ आर्थी पर्यायको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यका बीचमा संरचनागत समानता नरहे तापनि अर्थगत एकरूपता रहेमा आर्थी पर्यायको सम्बन्ध रहन्छ । यस्तो सम्बन्धमा वाक्य वाक्यका बीच भावगत साम्य कायम हुन्छ । 'पहेंलो गुलाफ' कथामा रहेका आर्थी पर्यायको सम्बन्ध निम्नानुसार छन् :

- घरमा मेरो ड्राइङरूम अगाडि दुबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनुभएको छ, म घण्टौंघण्टौं ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थ्ये कति आनन्द लाग्दथ्यो त्यसो गर्न मलाई । (१)( रमाइलो-आनन्द) ।
- म खुशी छैन अझै पनि यो कस्तो माया हो जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१)

  (खुशी-सन्तोष)
- यतिको माया पाएर पनि म खाली खाली छु । यो खाली शायद कहिल्यै भरिँदैन । (१)

  खाली-खाली-कहिल्यै भरिँदैन

- कहिलेकाहीँ मलाई छातीभरी मुटुभरी बतास छिरेजस्तो लाग्छ, त्यसैले म भित्र हावैहावा मात्र छ, हावा भरिएको बेलुन । (१)

  (बतास-हावा)

- मुखमा लागेको अनारको च्यापच्याप झोल मैले राम्ररी पुछ्न पनि पाइनँ एक्कासी गोहीका तीखा दाह्राले मेरो ओठलाई कच्याम्प चपाए, म रन्थिनिए, ओठबाट कति रगत र किराहरू निस्के मैले थाहा पाइनँ, म बेहोश भइछु । (२)

  (मैले थाहा पाइनँ– बेहोश भइछु ।)

- ऐययाः यो मेरो पाखुरा किन यसरी दुखेको बेसरी बटारेको जस्तो भइरहेछ । (२)

  (दुखेको-बटारेको)

- ओह, उहाँको सुमसुम्याइमा कति तत्परता छ, त्यो चाटइमा कति लोलुपता छ । (२)

  (सुमसुम्याइमा-चटाइमा)

- यो गुलाफको बोट र हातहरू कति चम्केका । हिजो बिहानभरी र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)

  (चम्केका-निखार)

- हाम्रो विवाहको चार वर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ । (६)

  (माया-सुम्सुम्याइ)

- म पनि त्यही रित्तो औंस हुँ । खाली केही नभएको रित्तो । (६)

  (रित्तो-खाली)

- एउटा दुःखमा अर्को दुःखलाई बिर्सने प्रयत्न गरे तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नु परेको छ ।

  (दुःख - कष्ट)

- यी नफक्रेका कोपिलालाई कति आनन्द शान्ति, फक्रेका फूल कठै ।

  (आनन्द-प्रगाढ निन्द्रा)

- छाती झन् चस्किन थाल्यो । तकियाले थिचे पनि दुख्न छोड्दैन । (१०)

  (चस्किन-दुख्न)

माथिका वाक्यहरूमा खुशीको सट्टामा सन्तोष, खाली-खालीको पर्यायका रूपमा कहिल्यै भरिँदैन, बतासको पर्यायका रूपमा हावा, मैले थाहा पाइनका रूपमा म बेहोश भइछु, दुखेको पर्यायका रूपमा बटारेको, सुमसुम्याइका पर्यायको रूपमा चटाइ, चम्केकाको पर्यायका रूपमा निखार,मायाका रूपमा सुमसुम्याइ, रित्तोको पर्यायका रूपमा खाली, दुःखका पर्यायका रूपमा खष्ट, आनन्दको पर्यायका रूपमा प्रगाढ निन्द्रा र चस्किनको ठाउँमा दुख्नजस्ता आर्थी पर्यायको प्रयोग भएको देखिन्छ ।

### ५.१.१० आर्थी विपर्यायको सम्बन्ध

आर्थी विपर्यायलाई विपरित बोधक सम्बन्ध पनि भनिन्छ । सङ्कथनमा रहेका वाक्यका बीच परस्पर विपरित अर्थ आउँछ भने ती वाक्यका बीचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका आर्थी विपर्यायको सम्बन्धहरू निम्न छन्:

- मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ, तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- यतिको माया पाएर पनि म खाली खाली छु । यो खाली शायद कहिल्यै भरिँदैन । (१)
- दुई महिनासम्म म ज्यादै थलिएँ, अहिले अलि सन्चो छ । (१)
- यो कोट मेरो चोलोमाथि, मेरो सेतोचोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्ना तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ । पहिलेको जस्तै होइन, अझ बढ्ता, पहिलेको भन्दा पनि बढ्ता । (२)
- उहाँ मलाई चाट्नुहुन्छ बिरालोले बच्चालाई चाटे जतिकै, तर उहाँलाई पत्तै हुँदैन । उहाँ भित्रको सशक्त पुरूष ढाडे बिरालो जत्तिकै निर्दयी भएर मलाई लछार्छ, पछार्छ, भुत्ल्याउँछ । (६)
- हाम्रो विवाहको चार वर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ । तर उहाँलाई के पत्तो उहाँको त्यस सुमसुम्याइमा म कति बिथोलिएकी छु, कति नाड्गिएकी छु । (६)
- टी.बी.भएको सुनेर मलाई दुःख लागेन बरू खुसी लाग्यो । (६)

- यहाँबाट कति तल देखिन्छ, तर जति गयो उति माथि कहाली लाग्ने पो रहेछ। (१२)

माथिका वाक्यहरूमा उहाँ पात्रसँग उहाँकी श्रीमतीले आफ्नो एक्सरे फोटो हेर्न मागेकी तर उहाँ पात्रले अहिलेसम्म नदेखाउनु, धेरै माया पाएरपनि खाली-खाली जस्तो लाग्दै त्यो खाली कहिल्यै नभरिने व्यक्त गर्नु, उहाँ पात्रकी श्रीमती दुई महिनासम्म थलिनु तर अहिले अलि सन्चो हुनु, आफू ज्यादै थलिएर घीन लाग्दो भए पनि उत्तिकै अझ बढ्ता माया पाउनु, विभिन्न तरिकाको मायामा आफू बिथोलिनु, टी.बी. भएको सुनेर म पात्रलाई दुःख नलागी खुशी लाग्नु, म पात्र जति तल गयो उति माथि कहाली लाग्ने हुनुजस्ता आर्थी विपर्यायको प्रयोग 'पहेंलो गुलाफ' कथामा भएको छ ।

### ५.१.११ तुलनात्मक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यहरूका बीचमा रहेका समानता, असमानता, उपयोगिता, अनुपयोगिता आदिको चर्चा तुलनात्मक सम्बन्धमा रहने हुँदा 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका तुलनात्मक सम्बन्धको पनि यसैगरी खोजी गरिएको छ । जुन सम्बन्ध निम्न छन् :

- म थाकिसकेकी छु, बिल्कुलै थासिकेकी छु । यी सन्तोषहरूबाट उहाँ भने अझै थाक्नुभएको छैन । (६)

माथिको वाक्यमा म पात्र आफ्नो श्रीमान्को मायाबाट थाकिसकेको तर श्रीमान् भने अझै नथाकेको भन्दै तुलना गरिएको छ । जुन सम्बन्ध तुलनात्मक सम्बन्ध हुन् ।

### ५.१.१२ प्रयोजनको सम्बन्ध

प्रयोजनको सम्बन्धलाई उद्देश्यको सम्बन्ध पनि भनिन्छ । सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यमा घटना देखाएपछि अर्को वाक्यमा त्यसो हुनुको कारण वा प्रयोजन बताएमा ती वाक्यहरू बीचको सम्बन्धलाई प्रयोजनको सम्बन्ध भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका प्रयोजनको सम्बन्ध निम्न छन् :

- ऐय्या यो मेरो पाखुरा किन यसरी दुखेको बेसरी बटारेको जस्तो भइरहेछ । ए बिहान डाक्टरले पनि यसैमा इन्जेक्सन दिएको हो क्यारे । (२)

- दुई दिनदेखि केही लेख्न सकिनँ । लेख्न सकिनँ के भन्नु लेख्न पाइन, फुर्सतै भएन । (३)
- यो गुलाफको बोट र हातहरू कति चम्केका ! हिजो बिहानभरि र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)

माथि प्रयुक्त वाक्यहरूमा म पात्रको पाखुरा दुख्नुको प्रयोजन बिहान डाक्टरले इन्जेक्शन दिनु, दुई दिन देखि लेख्न नसक्नुको प्रयोजन म पात्रलाई फुर्सतै नहुनु र गुलाफको बोट र हातहरू चम्किनुको प्रयोजन हिजो बिहानभरि र रातभरिको पानीले निखार ल्याउनु रहेको छ, त्यसकारण यी माथिका वाक्यहरूका बीचमा प्रयोजनको सम्बन्ध रहेको भेटिन्छ ।

### ५.१.१३ स्पष्टोक्ति सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुई वाक्यमध्ये अघिल्लो वाक्यका विषयको स्पष्टीकरणमा पछिल्लो वाक्य आएमा ती वाक्यका बीचको सम्बन्धलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धलाई आख्यानात्मक वा परिचय र पुष्टिको सम्बन्ध पनि भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका स्पष्टोक्ति सम्बन्धहरू निम्नलिखित छन्:

- म ज्यादै दुब्लाइसके, थूकसित कहिलेकाहीँ रगत मिसिएर आउँछ, रातो आँखै तिरमिराउने कालो रगत । मलाई टी.बी. भएको रहेछ । (१)
- इन्जेक्सन दिने ठाउँ थिएन, दुबै पाखुरा सियोले छिया-छिया पारेको छ, त्यसैले निर्धक्कसँग फिला खोलिदिएँ । (१२)

माथिका वाक्यहरूमा म पात्र ज्यादै दुब्लाउँदै गएको र कहिलेकाहीँ थूकसित रातो आँखै तिरमिराउने कालो रगत मिसिएर आउनुको परिचय टी.बी. भएर भन्ने प्रष्ट छ, त्यस्तै म पात्रको दुवै पाखुरा सियोले छिया-छिया पारी इन्जेक्सन दिने ठाउँ नभएको पुष्टि गर्न निर्धक्कसँग फिला खोलिदिएको परिचय दिएको छ । यसप्रकार यी वाक्यहरूका बीचमा स्पष्टोक्ति सम्बन्ध रहेको भेटिन्छ ।

### ५.१.१४ अप्रत्यक्ष सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुई वाक्यका बीचमा प्रत्यक्ष सम्बन्ध नदेखिएर परोक्ष रूपमा सम्बन्ध रहनुलाई अप्रत्यक्ष सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध अदृश्य खालको हुन्छ । यस किसिमको सम्बन्धलाई शीर्ष प्रत्यक्ष पूरक सम्बन्ध पनि भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका अप्रत्यक्षको सम्बन्धहरू निम्नलिखित छन् :

- म यहाँ छु, ती फूलहरूको स्याहार कसले गरिदिदो हो । ती प्याजी जर्मेरा ! प्याजी रूमाल ! ओह ! कसरी फोहोरमा कक्रिएका । (१)
- हिजो केही लेख्न सकिनँ । राती एक बजे लेख्न बसेकी लेख्न मन लागेन । निन्द्रा पनि परेन । आज पनि के लेखूँ खै । ठूलो चट्टान उखेलिएर छातीमा झुण्डिएको छ । (११)
- ओह ! कस्तो खोकीले च्यापेको मलाई । ल, रगत पनि निक्कै पो आयो । सेतो थूक त पटक्कै देखिन्न । (१७)

माथि आएका वाक्यहरूका बीचमा अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ । माथि आएका म यहाँ छु, ती फूलहरूको स्याहार कसले गरिदिँदो हो र दोस्रो वाक्य ती प्याजी जर्मेया प्याजी रूमाल । ओह ! कसरी फोहोरमा कक्रिएका यी दुई वाक्यका बीचमा प्रत्यक्ष सम्बन्ध नरहेको जस्तो देखिन्छ तर केलाएर हेर्दा पहिलो वाक्यको आधारमा नै दोस्रो वाक्य आएको र बुझ्न सकिने देखिन्छ । त्यसैगरी अनुच्छेद सङ्ख्या ११ र १७ मा पनि यस्तै अदृश्य खालको सम्बन्ध देखिन्छ । सरसर्ती हेर्दा खासै सम्बन्ध देखिँदैन तर दुवै वाक्य पढेपछि यसमा सम्बन्ध छ भन्ने बुझिन्छ । त्यसकारण माथिका वाक्यहरूका बीचमा पनि यस्तो अप्रत्यक्ष सम्बन्ध भेटिन्छ ।

### ५.१.१५ अनुमानित सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यमा अनुमान प्रकट गरियो भने ती वाक्यका बीचको सम्बन्धलाई अनुमानको सम्बन्ध भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका अनुमानित सम्बन्धहरू निम्न छन् :

- मेरो फोक्सोका कीराहरू सबै उहाँको कोटभरि सलबलाइरहेका होलान् । (१)

- टी.बी. का कीराले खानुसम्म मेरो फोक्सोलाई खाइसकेका छन् । त्यहाँ त खाली झ्याङ्‌ग्वाल मात्रै होलान् । (१)
- यी कोपिलाहरू फँक्रन नपाउँदै झुसिल्कीराले पातलाई चलनी पारिदिने हुन् कि । दुई दिनपछि त फक्रलान् । (६)

माथिका वाक्यहरूमा आएका होलान् र फक्रलान् शब्दहरू अनुमान गरिएका हुन् । यी वाक्यहरूका बीचमा अनुमानित सम्बन्ध रहेका छन् ।

### ५.१.१६ परिचयात्मक सम्बन्ध

सङ्कथनमा प्रयोग भएका वाक्यमध्ये अघिल्लो वाक्यमा कुनै परिचय र पछिल्लो वाक्यमा त्यसको विशेषता वर्णन गरिएमा ती वाक्यका बीचमा परिचयात्मक सम्बन्ध रहन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका परिचयात्मक सम्बन्धहरू निम्नअनुसार छन् :

- सानुचा आयो ऊ ढोकामा पाँच वर्षको खियाउटे केटो । चम्पा यसकी आमा काली भए पनि राता-राता गाला भएकी । (१०)

माथिको वाक्यमा सानुचाकी आमा चम्पाको परिचय दिई उसको आमा काली भए पनि राता गाला भएकी भनी उसको विशेषताको चर्चा गरिएको हुँदा यी वाक्यका बीचमा परिचयात्मक सम्बन्ध रहेको देखिन्छ ।

### ५.१.१७ इन्द्रिय मस्तिष्कको सम्बन्ध

सङ्कथनमा प्रयुक्त भएका वाक्यमध्ये पहिलो वाक्यमा इन्द्रियजन्य ज्ञान र दोस्रो वाक्यमा त्यसबाट उत्पन्न हुने मानसिक प्रभावको प्रयोग भएमा ती वाक्यका बीचमा इन्द्रिय र मस्तिष्कको सम्बन्ध स्थापित भएको पाइन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका इन्द्रिय मस्तिष्कको सम्बन्ध तल निम्नअनुसार छन् :

- उहाँ मलाई कति माया देखाउनुहुन्छ, कति स्याहार गर्नुहुन्छ, सधैं मेरो अगाडि आएर घन्टौं-घन्टौं बसिरहनुहुन्छ । (१)
- प्याजी रङ देख्यो कि मलाई असाध्यै प्रसन्नता लाग्छ, त्यसैले उहाँ जिस्क्याउनु हुन्थ्यो - तिमीलाई त प्याजी रङको टबभित्रै पो डुबाइराखुँ कि । (१)

- घरमा मेरो ड्राइङरूम अगाडि दुबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनुभएको छ, म घण्टौँघण्टौँ ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थ्ये । कति आनन्द लाग्दथ्यो त्यसो गर्न मलाई । (१)
- मेरो फोक्सोका कीराहरू सबै उहाँको कोटभरि सलबलाइरहेका होलान् । छि : धोएर पनि के गर्नु त्यो रोगी रूमाल त्यसैले मैले फोहोर मिल्काउने भाँडोमा हालिदिएँ । (१)
- उहाँ मलाई कति माया गर्नुहुन्छ म परी लाउन सक्तिनँ । मलाई थाहा छ त्यो माया म भित्र व्याप्त छ मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ। (१)
- म खुसी छैन, अझै पनि यो कस्तो माया हो । जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । यत्तिको माया पाएर पनि म खाली-खाली छु । (१)
- मलाई खान मन थिएन, गिलासतिर मैले हेर्दै हेरिनँ, उहाँको कुरामा पनि साथ दिइनँ । मेरो मन हिजोदेखि उदास-उदास थियो, चल्न बोल्न मन थिएन । (२)
- यस्तो पानीमा बर्साती पनि लाउनुभएको थिएन । यो कोट मेरो चोलोमाथि, मेरो सेतो चोलो मेरै रगत हराएको मुख जस्तो सेतो थाङ्ना, तैपनि उहाँ मलाई उत्तिकै माया गर्नुहुन्छ ।
- म जस्तै रोगी छ यो गुलाफको बोट, पहेंला फूल मात्रै फुल्छन् । त्यसैले यसको मलाई माया लाग्छ । (४)
- उहाँ मलाई माया गर्नुहुन्छ, मेरो हरेक इच्छा र चिन्ताको उहाँलाई फिक्री छ। (६)
- उहाँ भित्रको सशक्त पुरूष ढाडे बिरालो जतिकै निर्दयी भएर मलाई लछार्छ, पछार्छ भुत्ल्याउँछ । हाम्रो विवाहको चार वर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ । (६)
- त्यसबेला मेरा आँखामा कति सपना भरिएका थिए, उहाँलाई पाएर मलाई सर्वस्व पाए जस्तो लागेको थियो । उहाँको त्यस निलिप्त मायामा मैले बाँध भएर फुट्न होइन बरू पोखरीझैं आफूभित्रै जमेर बस्न खोजेकी थिएँ । (६)
- मेरो औषधि खाने बेला भएछ डाक्टर आउँछ अब ऊ डाक्टर । छि : कति खानु औषधि पनि, एउटा मात्रै हो र । (६)

- उहाँलाई के छ र ! झन् नाफै नाफा छ, लोग्नेभन्दा पनि बढी उहाँ एउटा चतुर घिउपसले साबित भइसक्नुभएको छ, तैपनि उहाँलाई ममाथि दया उठ्दैन । (६)
- टी.बी. भएको सुनेर मलाई दुःख लागेन बरू खुसी लाग्यो । (७)
- एउटा दुःखमा अर्को दुःखलाई विर्सने प्रयत्न गरे तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नु परेको छ ।
- कस्तो घीनलाग्दो जीवन ! कहिले त लाग्छ त्यो प्वाइजन लेखेको सिसी स्वातै घाँटीभित्र खन्याइदिऊँ । (७)
- हिजोको एउटा घटना पनि लेखिहालुँ । सम्झन पनि सक्दिन लाज लाग्छ । (८)
- मलाई ज्यादै थकथकी लाग्यो के गर्नु सबै कुरा बुझेर पनि लाज पचाएरै बसें । (८)
- त्यसले दाँत देखायो कि म कुरा बुझिहाल्छु, बीचरो । छिः कहिले त घिन लाग्छ त्यसको नमाझेको दाँत र नाकमा कटकटिएको सिङ्गान देख्वा वाक्क वाक्क आउँछ । (१०)
- म सम्पूर्णता चाहन्न, सबै पाइसकेकी छु । अब त घीन लाग्छ ती सबदेखि मलाई थाहा छ अब म निको हुन्नँ हुँदै हुन्नँ । (१७)
- म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु उहाँलाई । (१९)
- मलाई माया गर्ने त्यो गुलाफी आङ पनि मेरो आङ जस्तै कत्ला परेको साह्रो फसिल हुनुपर्छ । (१९)
- उहाँको मायाको प्रतिदान मेरो पनि त्यस्तै माया । उहाँ मलाई माया गर्नुहुन्छ । त्यसैले म पनि उहाँलाई माया गर्छु । (१९)

माथि आएका वाक्यहरूमा पहिलो वाक्यको इन्द्रियजन्य ज्ञानका आधारमा दोस्रो वाक्य आएको हुँदा यी वाक्यहरूका बीचमा इन्द्रियजन्य सम्बन्ध रहेको देखिन्छ ।

### ५.१.१८ अनुक्रमबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त भएका वाक्यहरूका बीचमा कुनै घटना वा कार्यको क्रमबद्ध सम्बन्ध रहनुलाई अनुक्रमबोधक सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध जनाउन र, अनि त्यसपछि

जस्ता संयोजकहरूको प्रयोग बढी हुन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका अनुक्रम बोधक सम्बन्ध निम्नअनुसार छन् :

- सधैंको जस्तो आज पनि आफैंले अनार छोडाउनुभयो र रस निचोरेर गिलासमा खन्याउनुभयो । (२)
- ओठबाट कति रगत र किराहरू निस्के मैले थाहा पाइनँ, म बेहोश भइछु । (२)
- यो गुलाफको बोट र हातहरू कति चम्केका । हिजो बिहानभरी र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)
- यही यस्तै हात र ओठको सन्तोष चार वर्षदेखि उहाँले मलाई दिँदै आउनुभएको छ । (६)
- उहाँ लोभी स्याल जत्तिकै ममाथि खनिनुभयो र मेरो आदर्शका तहलाई उप्काइदिनुभयो । (६)
- मसित यो झिनो जीऊ र कुहिएको फोक्सो बाहेक अरू के छ र अझै के लिन आउनुहुन्छ उहाँ ? (६)
- एक छिनपछि उहाँलाई डाक्टरले बोलायो उहाँ हाँस्तै कोठाबाट निस्कनुभयो र फेरि हास्तै फर्किनुभयो । (८)
- मलाई ज्यादै थकथकी लाग्यो के गर्नु सबै कुरा बुझेर पनि लाज पचाएरै बसें । (८)
- छिः कहिले त घीनलाग्छ त्यसको नमाझेको दाँत र नाकमा कटकटिएको सिङ्गान देख्दा वाक्क वाक्क आउँछ । त्यहाँ चिमोटेका र बोक्सीले चुसेजस्ता निकै नीला-नीला डामहरू रहेछन् । (१३)
- डाक्टरले केही भनेन, चूपचाप त्यही नीलो फिलामा इन्जेक्सन दियो र कस्तो-कस्तो आँखाले मलाई हेरेर गयो । (१४)
- हातभरि चिलाउँने डाबरहरू उठे अनि कताकता उहाँको हललल हाँसों मेरो बिरामी प्राइभेट कोठाभरि घन्क्यो । (१५)
- उहाँको गुलाफी आङ गाडेर एक-एक चोक्टा मासु झिक्छु र मेरो फोक्सोका जम्मै कीरा त्यसमा भरिदिन्छु । (१९)

- हामी ठूलो शून्य बन्छौं । अनि तिनीहरूमाथि दुईवटा कत्ला परेका साह्रा फसिलहरू समयलाई गुमाइसकेका हुनेछन् । (१९)

माथि आएका सबै वाक्यहरूका बीचमा अनुक्रम बोधक सम्बन्ध रहेको छ किनभने यी वाक्यहरूमा वाक्यलाई नटुङ्ग्याइ र अनि त्यस्ता संयोजकहरूले जोडी वाक्यलाई क्रमबद्ध बनाएको हुँदा यस्तो सम्बन्ध भेटिन्छ ।

### ५.१.१९ समुच्चय बोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुई वाक्यहरूमध्ये एउटा वाक्यले अर्को वाक्यको अर्थ स्पष्ट पार्न मद्दत गर्ने वाक्यहरूका बीचको सम्बन्धलाई समुच्चय बोधक सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा र, अनिजस्ता संयोजकहरूको प्रयोग बढी हुन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका समुच्चयबोधक सम्बन्धहरू निम्नलिखित छन् :

- खोक्दाखोक्दै रगतको सानो ढिका थूक र न्यालसँग लतपतिएर मेरो चिउडोभरि पोतियो, मलाई आफ्नै सूर थिएन, पछि पो थाहा पाएँ उहाँले आफ्नै रेशमी रूमालले त्यो थूक र न्याल थाप्नुभएछ । (१)
- मलाई प्याजी रङ चौपट्टै मन पर्छ, मेरो बाकस र दराजभरिका सबै लुगा धेरैजसो प्याजी रङकै छन् । (१)
- त्यति मात्रै होइन, उहाँ मेरो प्रसन्नता र रूचिको ज्यादै कदर गर्नुहुन्छ । (१)
- अब त के छ र म सित । खाली चाम्रो रबड मात्रै न हो, जति चुसे पनि, टोकेर क्याच - क्याच पारे पनि एक थोपा रस निस्कने होइन । (६)
- उहाँलाई के छ ? झन् नाफैनाफा छ, लोग्ने भन्दा पनि बढी उहाँ एउटा चतुर घिउपसले सावित भइसक्नुभएको छ, तैपनि उहाँलाई म माथि दया उठ्दैन । (६)
- हिजोको एउटा घटना पनि लेखिहालुँ । सम्झन पनि सक्दिनँ, लाज लाग्छ । (८)
- अहिले औषधि खुवाउन आउँदा डाक्टरलाई सोझो मुखले हेर्न पनि सकिनँ, उसलाई पनि सबै कुरा थाहा छ । (८)
- निन्द्रा पनि परेन । आज पनि के लेखूँ खै । (११)

- हिजोदेखि त दुखेको झन् झन् बढ्न थाल्यो, मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिन पनि । (१४)
- मेरो हातमा छ्यास्स झुस लाग्यो, त्यति राम्रो फूल, त्यहाँ पनि एउटा झुसिल्कीरा रहेछ । (१६)
- ल रगत पनि निक्कै पो आयो । तकियाले थिचे पनि दुख्न छोड्दैन । उहाँ पनि आउनु हुने बेला भयो । (१६)
- चस्कियोस् यो छाती पनि, कति चस्किनु पर्ने हो । (१६)
- सूर्य पनि खस्न लागिसक्यो, हल्लेको हेर । (१७
- एकैचोटि आगो खनिन्छ, म डढ्छु, यी साना गुलाफ पनि डढ्छन् मसित ! (१८)
- हेर, झुसिल्कीरा गुलाफको पातमा यति चाँडै त्यो लाभ्रे भइसकेछ । मरोस् यो पनि डढेर फाल्दै फाल्दिन टिपेर अब यसलाई मरोस् । (१८)
- मेरो छाती चस्क्यो मुटु हल्लेको कसरी भित्रभित्रै भूइँचालो छुटेजस्तो छ । छाती पनि फुट्छ क्या ! (१८)
- म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु, उहाँलाई, म पनि बिरालो हुन्छु । (१९)
- यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुश्किल पर्छ त्यसैले उहाँलाई पनि यही यस्तै सेतो पलङ्मा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो । (१९)
- आज म उहाँलाई छोड्दै छोड्दिन । उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै भ्याङ्प्वाल, सिङ्गै आकाश अटाउन सक्ने भ्याङ्प्वाल, हाम्रो फोक्सोको भ्याङ्प्वाल बढ्दै एक ठाउँमा गएर मिल्छ, हामी ठूलो शुन्य बन्छौ । (१९)

माथि आएका वाक्यहरूमा एउटा वाक्य अथवा पहिलो वाक्यले दोस्रो वाक्यको अर्थ स्पष्ट पारेको हुँदा यी वाक्यहरूको बीचमा समुच्चय बोधक सम्बन्ध रहेको देखिन्छ ।

### ५.१.२० रीतिबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यमा अभिव्यक्त घटना, कार्य वा विचार र अर्को वाक्य त्यसको शैली वा तरिका बुझाउन प्रयोग भएमा ती वाक्य बीचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धअन्तर्गत कसरी भने, यसरी कि,

यतिकि, मानौ कि आदिजस्ता शैलीसूचक कोहेजनहरूको प्रयोग भएको हुन्छ । ‘पहेंलो गुलाफ’ कथामा प्रयोग भएका रीतिबोधक सम्बन्धकहरू निम्न छन् :

- डायरीका यी रित्ता पृष्ठहरू जति पल्टाउँछु, उक्ति म भित्रको खाली झन्-झन् बढ्दै गए जस्तो लाग्छ । (१)
- मैले उहाँलाई मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ, तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- मलाई थाहा छ त्यो माया म भित्र व्याप्त छ, मेरो एक-एक नसामा त्यसले जरा गाडिसकेको छ । (१)
- खाली चाम्रो रबड मात्रै न हो, जति चुसे पनि, टोकेर क्याचक्याच पारे पनि एक थोपा रस निस्कने होइन । (६)
- मेरो परेला यही प्याच-प्याच परेको थूकमा जमेको छ, कहाँ छ स्वर्ग ? (७)
- इन्जेक्सन दिने ठाउँ थिएन, दुबै पाखुरा सियोले छिया-छिया पारेको छ, त्यसैले निर्धक्कसँग फिला खोलिदिएँ । (१२)
- पहिले त अलि अलि मात्रै दुःखेको थियो, मैले वास्ता पनि गरिनँ । हिजोदेखि त दुखेको झन्झन् बढ्न थाल्यो, मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिन पनि । (१४)
- उहाँ त आफ्नै धूनमा बौलाह जत्तिकै फतफताई रहनुभयो, सनकी जस्तै हललल हाँसिरहनुभयो । (१४)
- उहाँ घर जानुभएपछि त्यसलाई उठाएर हेरेः प्याजी फूल धेरैपछि खेलाउन पाएकी, त्यसैले हेरिरहें एक-एक वटा गरी गने । (१६)
- हातभरि चिलाउँने डाबरहरू उठे अनि कताकता उहाँको हललल हाँसों मेरो बिरामी प्राइभेट कोठाभरि घन्क्यो । (१६)
- त्यो प्याजी फूल मैले पर-पर मिल्काउन पठाइदिएँ नत्र त्यो झुसिल्कीरा फेरि मेरो पहेंलो गुलाफको बोटमा उक्लन्थ्यो । (१६)
- उहाँको गुलाफी आङ गाडेर एक-एक चोक्टा मासु झिक्छु र मेरो फोक्सोका जम्मै कीरा त्यसमा भरिदिन्छु । (१९)

माथि आएका सबै वाक्यहरूमा रीति बोधक सम्बन्ध स्थापित भएको छ । यी वाक्यहरूमा पहिले कुनै घटना विचार अथवा कार्य प्रस्तुत भई पछि त्यसको शैली प्रस्तुत भएको हुँदा यस्तो सम्बन्ध रहेको भेटिन्छ

### ५.१.२१ निहितार्थ सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये पहिलो वाक्यको अर्थ पछिल्लो वाक्यमा र पछिल्लो वाक्यको अर्थ अघिल्लो वाक्यमा निहित हुने स्थितिलाई निहितार्थ सम्बन्ध भनिन्छ । यसमा एउटा वाक्यमा अर्थको समग्रता र अर्को वाक्यमा त्यसको विशिष्टता रहन्छ । 'पहेंलो. गुलाफ' कथामा प्रयोग भएका निहितार्थ सम्बन्धहरू निम्न छन् :

- घरमा मेरो ड्राइङ्रूम अगाडि दुबोको चउरभरि उहाँले प्याजी रङका जर्मेराहरू लगाइदिनुभएको छ, म घण्टौँ घण्टौँ ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थें । कति आनन्द लाग्दथ्यो त्यसो गर्न मलाई । (१)
- म खुशी छैन अझै पनि यो कस्तो माया हो, जसमा सन्तोषको सानो लेश पनि म भेट्न सक्तिनँ । (१)
- कहिलेकाहीँ मलाई छातीभरी मुटुभरी बतास छिरेजस्तो लाग्छ, त्यसैले म भित्र हावैहावा मात्र छ, हावा भरिएको बेलुन । (१)
- ओह, उहाँको सुमसुम्याइमा कति तत्परता छ, त्यो चाटाइमा कति लोलुपता छ। (२)
- यो गुलाफको बोट र हातहरू कति चम्केका । हिजो बिहानभरी र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)
- उहाँको अत्तरमा भिजेको चिसो बासना आउने हात, चिसो ओठ मेरो रोगको एउटै सान्त्वना । त्यसैबाट त उहाँ मलाई सन्तोष दिन खोज्नुहुन्छ । (६)
- म पनि त्यही रित्तो औंस हुँ । खाली केही नभएको रित्तो । (६)
- हिजोको जस्तै एक गुच्छा प्याजी फूल दिएर मेरो छातीमा झन् दुख्ने थपेर जानुहुनेछ चस्कियोस् यो छाती पनि, कति चस्किनु पर्ने हो । (१७)

माथि आएका वाक्यहरूमा रमाइलाको ठाउँमा आनन्द, खुशीले सन्तोष, हावासँग बतास, सुमसुम्याइसँग चटाइ, चम्केकासँग निखार, सान्त्वनासँग सन्तोष, रित्तोसँग खाली र दुख्नेसँग चस्किनुजस्ता शब्दहरू दुई वाक्यहरूका बीचमा निहित भएको छ । यी शब्दहरू

निहितार्थ सम्बन्ध सम्बद्धनहरू हुन् । त्यसकारण माथि आएका सबै वाक्यहरूमा निहितार्थ सम्बन्ध स्थापित भएको भेटिन्छ ।

### ५.१.२२ शीघ्रताबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुई वाक्यका बीचमा घटित घटना वा कार्य सँगसँगै सम्पन्न भएमा ती वाक्यका बीचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका शीघ्रताबोधक सम्बन्धहरू निम्नअनुसार छन् :

- उहाँ आउनुभयो । सधैंको जस्तो आज पनि आफैंले अनार छोडाउनुभयो र रस निचोरेर गिलासमा खन्याउनुभयो । (२)
- आखिर उहाँले नै जब्बर्जस्ती मेरो टाउको समातेर त्यो गुलाफी झोल मेरो मुखभित्र खन्यादिनुभयो । मुखमा लागेको अनारको रस च्यापच्याप झोल मैले राम्ररी पुछ्न पनि पाइनँ एक्कासी गोहीका तीखा दाह्राले मेरो ओठलाई कच्याम्म चपाए म रन्थनिए ओठबाट कति रगत र किराहरू निस्के मैले थाहा पाइनँ, म बेहोश भइछु । (२)
- उहाँ लोभी स्याल जत्तिकै ममाथि खनिनुभयो र मेरो अर्दशका तहलाई उत्काइदिनुभयो । (६)
- डाक्टर के कामले हो झ्वासझ्वास्ती कोठाभित्र पस्यो, फेरि ठाडै खुट्टाले ऊ फर्कियो । (८)
- एकछिन पछि उहाँलाई डाक्टरले बोलायो, उहाँ हाँस्तै कोठाबाट निस्कनुभो र फेरि हाँस्तै फर्किनुभयो । (८)
- डाक्टरले केही भनेन, चूपचाप त्यही नीलो फिलामा इन्जेक्सन दियो र कस्तो-कस्तो आँखाले मलाई हेरेर गयो । (१३)
- ओह ! कस्तो खोकीले च्यापेको मलाई । ल, रगत पनि निक्कै पो आयो । (१७)

माथि आएका दुई वाक्यहरूका बीचमा घटित घटना वा कार्य सँगसँगै सम्पन्न भएको देखिन्छ, त्यसकारण ती वाक्यहरूका बीचमा शीघ्रताबोधक सम्बन्ध रहेको देखिन्छ । यहाँ पहिलो वाक्यमा घटित घटना वा कार्य र दोस्रो वाक्यमा घटित घटना वा कार्य एकैचोटी अथवा सँगसँगै सम्पन्न भएको देखिन्छ ।

### ५.१.२३ आज्ञार्थ सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अघिल्लो वाक्यमा आधारित भई पछिल्लो वाक्यले आज्ञा, परामर्श वा अनुरोध बुझाएमा ती वाक्यका बीचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध भनिन्छ । त्यस्ता वाक्यमा आज्ञा वा आदेश दिइएको हुन्छ । 'पहेंलो गुलाफ' कथामा आज्ञार्थ सम्बन्धको प्रयोग भएको पाइँदैन ।

### ५.१.२४ स्मरणको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटामा वर्तमान सन्दर्भको चर्चा गरेर अर्कामा विगतको चर्चा भएमा ती वाक्यका बीचको सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका स्मरणको सम्बन्धहरू निम्न छन् :

- मलाई टी.बी. भएको रहेछ । हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु । (१)
- मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ, तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनु भएको छैन । (१)
- हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झँदैमा मेरो मुटु अझै थर्रथर्र काम्छ । (१)
- मेरो ड्राइङरूम अगाडि दूबोको चउरभरि प्याजी रङका जर्मेराहरू लगाइदिनु भएकोछ, म घण्टौं घण्टौं ती प्याजी फूलहरूको बीचमा बसेर साँझका रमाइला बादललाई हेरिरहन्थ्ये । (१)
- यो गुलाफको बोट र हातहरू कति चम्केका । हिजो बिहानभरी र रातभरिको पानीले निखार ल्याइदिएछ । (४)
- एउटा दुःखमा अर्को दुःखलाई विर्सने प्रयत्न गरे तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नु परेको छ । (७)
- हिजो केही लेख्न सकिनँ । राती एक बजे लेख्न बसेकी लेख्न मन लागेन । आज पनि के लेखूँ खै । (११)

- उहाँ पनि आउँनु हुने बेला भयो । हिजोको जस्तै एक गुच्छा प्याजी फूल दिएर मेरो छातीमा झन् दुख्ने थपेर जानुहुनेछ । (१७)

माथि आएका वाक्यहरूमा अनुच्छेद सङ्ख्या १ मा मलाई टी.बी. भएको रहेछ भनी विगतको चर्चा गर्दै अर्को वाक्यमा हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही सेनेटोरियममा छु भनी वर्तमान सन्दर्भको चर्चा गरिएको हुँदा यी वाक्यहरूका बीचमा स्मरणको सम्बन्ध भेटिन्छ । त्यस्तै गरी यी माथि आएका अरु वाक्यका बीचमा पनि एउटा वाक्यमा वर्तमानको सन्दर्भ र अर्कामा विगतको सन्दर्भलाई प्रस्तुत गरिएको हुँदा यस्तो सम्बन्ध रहेको देखिन्छ ।

### ५.१.२५ प्रश्नोत्तर सम्बन्ध

सङ्कथन वा पाठमा प्रयुक्त वाक्यहरूका बीचमा प्रश्न र उत्तरको तार्किक शृङ्खला रहनुलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा प्रश्न र उत्तरको क्रम रहन्छ । ‘पहेंलो गुलाफ’ कथामा प्रयोग भएका प्रश्नोत्तर सम्बन्धहरू निम्न छन् :

- त्यहाँ स्टयाण्डमा के त्यो ? मेरो चोलोमाथि कोट उहाँले छोडेर जानुभएछ । (२)

यहाँ एउटा मात्र प्रश्नोत्तर सम्बन्ध रहेको पाइएको छ । म पात्रले आफैं माथि प्रश्न त्यहाँ स्ट्याण्डमा के त्यो ? भनी उत्तर मेरो चोलोमाथि कोट उहाँले छोडेर जानुभएछ भनी आफैंले उत्तर दिएको हुँदा यी वाक्यका बीचमा प्रश्नोत्तर सम्बन्ध रहेका छन् ।

### ५.१.२६ प्रश्नार्थक सम्बन्ध

सङ्कथनमा प्रयुक्त दुई वाक्यहरूमध्ये पहिलो वाक्य प्रश्नार्थक र दोस्रो वाक्य पनि त्यससँग सम्बन्धित भएर प्रश्नार्थक रूपमा नै आउनुलाई प्रश्नार्थक सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा वाक्ताले श्रोतालाई एकपटक वा एकभन्दा बढी पटक प्रश्न वा जिज्ञासा राखेको हुन्छ । ‘पहेंलो गुलाफ’ कथामा प्रयोग भएका प्रश्नार्थक सम्बन्धहरू निम्न छन् :

- मेरो परेला यही प्याच-प्याच परेको थूकमा जमेको छ, कहाँ छ स्वर्ग ? त्यही प्याजी जर्मेरामा अनि, नर्क यो थूकमा ? (७)

माथि आएको वाक्यमा म पात्रको परेला प्याच-प्याच परेको थूकमा जमेको छ भन्दै आफैँ माथि कहाँ छ स्वर्ग ? भन्दै प्रश्न गरी अनि फेरि त्यही प्याजी जर्मेरामा, अनि, नर्क यो थूकमा हो भनी आफैँले आफैँलाई प्रश्न गरेको हुँदा यी वाक्यमा प्रश्नार्थक सम्बन्ध रहेको भेटिन्छ ।

## ५.२ सम्बद्धक र सम्बद्धनका दृष्टिले पहेंलो गुलाफ कथाको विश्लेषण

प्रस्तुत अध्ययन 'पहेंलो गुलाफ' कथाको सङ्कथन विश्लेषणसँग सम्बन्धित रहेको छ । सङ्कथनका दुई युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा प्रस्तुत कथाको सूक्ष्म अध्ययन गरिएको छ । उक्त कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनको प्रयोगको अवस्था तथा उपयुक्ततालाई अध्ययन विश्लेषणको आधार बनाइएको छ । 'पहेंलो गुलाफ' कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनलाई अनुच्छेद सङ्ख्याका आधारमा छुट्याई व्याख्या विश्लेषण गरिएको छ ।

यस कथामा प्रथम पुरूष वाचक, द्वितीय पुरूष वाचक, तृतीय पुरूषवाचक, आत्म वाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक, स्थानिक, कालिक, संयोजक, पुनरावृत्ति, प्रतिस्थापन, लोप कोशीय अर्थ सम्बन्ध समावेशक र समावेश्य सबै सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ । प्रस्तुत 'पहेंलो गुलाफ' कथामा सम्बद्धक प्रयोगका हिसाबले एकरूपता रहेको पाइँदैन । प्रसङ्ग र परिवेश तथा अभिव्यक्तिका आधारमा कुनै सम्बद्धकको प्रयोग बढी भएको पाइन्छ । प्रस्तुत 'पहेंलो गुलाफ' कथामा सबैभन्दा बढी सार्वनामिक सम्बद्धकअन्तर्गत प्रथम पुरूषवाचक सार्वनामकि सम्बद्धकको प्रयोग १७५ पटक भएको पाइन्छ भने सबैभन्दा कम सार्वनामिक सम्बद्धकअन्तर्गत द्वितीय पुरूषवाचक सार्वनामिक सम्बद्धकको प्रयोग १ चोटी, नामिक प्रतिस्थापनअन्तर्गत पर्ने पदावलीको प्रतिस्थापन १ चोटी र कोशीय अर्थ सम्बन्धगतअन्तर्गत पर्ने समावेशक समावेश्यको प्रयोग पनि १ चोटी नै भएको छ । अतः प्रस्तुत पाठमा व्याकरणीक सम्बद्धक ९१४ पटक र कोशीय सम्बद्धक २३ पटक मात्र प्रयोग भएको भेटिन्छ । यस किसिमका भाषिक जोर्नीहरूले प्रस्तुत कथालाई संरचनात्मक, सिलसिलाबद्ध, सम्प्रेष्य सार्थकता र प्रभावकारीपूर्ण बनाएको छ । त्यसैगरी प्रस्तुत कथालाई आन्तरिक रूपमा सुसम्बद्ध तथा अर्थपूर्ण बनाउन सम्बद्धनले भूमिका निर्वाह गरेको छ । यसरी अनुच्छेद परिच्छेद र पुरै पाठलाई अर्थतात्त्विक हिसाबले जोडी पाठलाई अर्थपूर्ण बनाउने कार्यमा विभिन्न सम्बद्धनहरूले विशेष भूमिका निर्वाह गरेको पाइन्छ ।

सम्बद्धनअन्तर्गत पनि यस 'पहेंलो गुलाफ' कथामा धेरै र थोरै मात्रामा आवश्यकताअनुसार सबै सम्बद्धनहरूको प्रयोग भएर पाठलाई अगाडि बढाउने कार्य भएको देखिन्छ । कथाकारले कथा लेख्ने क्रममा विभिन्न घटना परिवेशको परिस्थिति सिर्जना गरेर सम्बद्धक र सम्बद्धनको समुचित प्रयोग गरी कथा वस्तुलाई गति प्रदान गरेका छन् । वाक्यका बीचमा, शब्दशब्दका बीचमा, अनुच्छेदका बीचमा वैचारिक अन्तसूत्रको उपयुक्त प्रयोग गरी कथालाई श्रृङ्खलित, सु-सङ्गठित, व्यवस्थित, जटिल तर अर्थपूर्ण बनाउन सम्बद्धक र सम्बद्धनको अहम् भूमिका रहेको छ ।

समष्टिगत रूपमा भन्नुपर्दा प्रेमा शाहद्वारा लिखित कथा सङ्कथनका दुई युक्तिहरू सम्बद्धक र सम्बद्धनका दृष्टिले विश्लेषण गर्दा उक्त कथा व्यवस्थित स्पष्ट वाक्यान्तरिक र वाक्यीय दृष्टिले सु-सम्बद्ध र अर्थ सम्प्रेषणीय बन्नुमा यिनै दुई युक्तिको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ ।

# अध्याय छ
# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

प्रायोगिक भाषा विज्ञानको नवीनतम शाखाका रूपमा चिनिने सङ्कथन विश्लेषण सन् १९५० को दशकमा सुरू भई सन् १९६० को दशकपछि मात्र तिब्र विकास हुँदै गएको शाखाको रूपमा चिनिन्छ । कुनै पनि कृतिको विश्लेषण गर्ने क्रममा यसका सैद्धान्तिक मान्यतासँग परिचित हुनु आवश्यक छ । विभिन्न विज्ञहरूले यस सम्बन्धमा खोज अनुसन्धान गरी यसका सिद्धान्तहरू प्रतिपादन गरेका छन् । प्रस्तुत शोधपत्रमा प्रेमा शाहको 'पहेंलो गुलाफ' कथाको सङ्कथन विश्लेषण गर्ने क्रममा सम्बद्धक र सम्बद्धनको पहिचान र विश्लेषणलाई मुख्य रूपमा लिइएको छ । जम्मा छ अध्यायमा विभाजित यस शोधको सारांशलाई निम्नअनुसार तल प्रस्तुत गरिएको छः

प्रेमा शाहद्वारा लिखित 'पहेंलो गुलाफ' कथाको सङ्कथन विश्लेषण गर्ने क्रममा प्रस्तुत शोधको पहिलो अध्यायमा शोधको परिचयअन्तर्गत त्यसको पृष्ठभूमिको पहिचान गरिएको छ । त्यसैगरी समस्याकथनअन्तर्गत 'पहेंलो गुलाफ' कथामा के कस्ता सम्बद्धक र सम्बद्धनहरूको प्रयोग भएको छ भने समस्या राखिएको छ । अध्ययनको उद्देश्यलाई पनि यसै परिच्छेदमा समावेश गर्दै सम्बद्धक र सम्बद्धनहरूको पहिचाान गर्नुजस्ता प्रयोजन पनि राखिएको छ । त्यसैगरी यस परिच्छेदमा नै अध्ययनको सान्दर्भिकता र उपादेयताका साथै अध्ययनको सीमाङ्कनसमेतलाई यसै अध्यायमा समावेश गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

प्रस्तुत शोधको दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाअन्तर्गत पूर्वकार्यको समीक्षा गर्दै उक्त समीक्षालाई पुस्तक समीक्षा र शोध समीक्षा गरी दुई आधारमा वर्गीकरण गरिएको छ । त्यस्तै गरी अध्याय दुईमा नै सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा, सङ्कथनको परचय, परिभाषा, प्रकारअन्तर्गत पनि कथ्य सङ्कथन र लेख्य सङ्कथन गरी दुई आधारमा छुट्याई अध्ययन गरिएको छ । अध्याय दुईमा नै सङ्कथन विश्लेषणको परिचय सङ्कथनका तत्त्वहरू (प्रस्तोता, श्रोता, माध्यम मार्ग, सूचनाको स्वरूप, विषय/शीर्षक, कोड, परिवेश) जस्ता तत्त्वहरूको अध्ययन गरिएको छ । त्यसैगरी सङ्कथन

विश्लेषणका पद्धतिहरू (ऊर्ध्व गमन पद्धति, अधो गमन पद्धति र अन्तर्क्रियात्मक पद्धति), सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनको अध्ययन गरिएको छ । सम्बद्धकअन्तर्गत पनि उक्त सम्बद्धकलाई व्याकरणिक र कोशीय गरी दुई भागमा विभाजन गरी उक्त अध्यायमा नै अध्ययन गरिएको छ । व्याकरणिक सम्बद्धकअन्तर्गत पनि सार्वनामिक, स्थानिक, कालिक, संयोजक, प्रतिस्थापन, लोप र निपातजस्ता सम्बद्धकका बारेमा चर्चा गरिएको छ । सार्वनामिक सम्बद्धकहरू पनि पुरूषवाचक (प्रथम, द्वितीय र तृतीय) आत्मवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र पारस्परिक सार्वनामिक सम्बद्धकहरूको परिचय दिइएको छ । त्यस्तै गरी लोप, सम्बद्धकअन्तर्गत पनि नामिक लोप, पदावलीको लोप सार्वनामिक लोप र क्रियाको लोप हुने भनी यसलाई परिभाषित गरिएको छ । कोशीय सम्बद्धकअन्तर्गत पनि पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशात्मक र सन्निधान र सहप्रयोग सम्बद्धकहरूको वर्गीकरण गरी चर्चा गरिएको छ । परिच्छेद दुईमा नै सङ्कथन विश्लेषणको मूल आधार सम्बद्धन र यसका प्रकारहरू सामान्य विशिष्ट, विशिष्ट सामान्य, कार्यकारण र कारण, कार्य, प्रभाव, परिणाम र परिणाम प्रभावको सम्बन्ध, परिवेश घटना र घटना परिवेशको सम्बन्ध, आर्थी पर्याय र आर्थी विपर्यायको सम्बन्ध, तुलनात्मक सम्बन्ध, प्रयोजनको सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध, अनुमानित सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, परिचयात्मक, इन्द्रिय मस्तिष्क, अनुक्रमबोधक, समुच्चयबोधक, रीतिबोधक, निहितार्थ, शीघ्रताबोधक, आज्ञार्थबोधक, स्मरण, प्रश्नार्थक र प्रश्नोत्तर सम्बन्धहरूको परिचय दिइएको पाइन्छ । त्यसैगरी सङ्कथन विश्लेषणको महत्त्वको अध्ययन गरी अध्याय दुईलाई समापन गरिएको छ :

प्रस्तुत अध्ययनको परिच्छेद तीनमा अध्ययन विधि, प्रक्रिया र रूपरेखालाई समेटिएको छ । अध्ययन विधिअन्तर्गत तथ्याङ्क सङ्कलन विधि अपनाउँदै तथ्याङ्क सङ्कलन गर्ने कार्य दुई चरण प्राथमिक स्रोत र द्वितीयक स्रोतलाई लिइएको छ । यसै परिच्छेदमा नै तथ्याङ्कको व्याख्या र विश्लेषण गरी शोधपत्रको रूपरेखा अध्याय एकदेखि अध्याय छसम्म अध्ययन गरिएको कुरालाई समेटिएको छ र यस अध्यायलाई समाप्त गरिएको छ ।

अध्याय चारअन्तर्गत 'पहेंलो गुलाफ' कथालाई सम्बद्धकका दृष्टिले विभिन्न भागमा वर्गीकरण गरी सूक्ष्म रूपमा केलाई छुट्टयाइएको छ । सम्बद्धकअन्तर्गत व्याकरणिक र

कोशीय दुई आधारमा र तिनीहरूका शाखा उपशाखा सबैको सूक्ष्म रूपमा पाठको आधारमा केलाएर अनुच्छेद सङ्ख्यासमेत बताइएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय पाँचअन्तर्गत 'पहेंलो गुलाफ' कथालाई सम्बद्धनका दृष्टिले विभिन्न प्रकारहरूमा वर्गीकरण गरी सूक्ष्म रूपमा केलाउँदै छुट्टयाएर अनुच्छेद सङ्ख्यासमेत छुट्टयाइएको छ । यसै परिच्छेदमा सम्बद्धक र सम्बद्धनका दृष्टिले 'पहेलो गुलाफ' कथाको विश्लेषण गर्दै उक्त अध्यायको समापन गरिएको छ ।

प्रस्तुत शोधको अध्याय छअन्तर्गत अध्ययनको सारांश (अध्याय १ देखि ६ सम्म अध्ययनका लागि समेटिएका कुरा) अध्ययनको निष्कर्ष (यस अध्ययनले कस्तो चिनोड) निकाल्यो र उपयोगिता (क-कसका लागि महत्त्वपूर्ण हुने) भन्ने विषयवस्तुलाई समेटिएको छ । यसका साथसाथै उपयोगिताअन्तर्गत पनि नीतिगत र प्रयोगगत उपयोगितालाई समेटिएको छ । अन्तिममा सन्दर्भ सामग्री सूची र व्यक्तिवृत्त विवरण प्रस्तुत गर्दै उक्त शोधकार्यलाई समाप्त गरिएको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत शोधकार्यको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

- प्रस्तुत शोधमा शिक्षाशास्त्र सङ्कायको तीन वर्षे स्नातक दोस्रो वर्षमा निर्धारित कथा र उपन्यासअन्तर्गत रहेको 'पहेंलो गुलाफ' कथालाई लिइएर सङ्कथन विश्लेषण गरिएको छ ।
- यस अध्ययनलाई छ अध्यायमा विभाजन गरिएको छ ।
- पहिलो अध्यायमा शोधको परिचय, दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा, तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया, चौथो र पाँचौ अध्यायमा व्याख्या तथा विश्लेषण र छैटौं अध्यायमा सारांश, निष्कर्ष र उपयोगिताको अध्ययन गरिएको छ ।
- सङ्कथन अभिव्यक्तिगत माध्यमका दृष्टिले कथ्य र लेख्य गरी दुई प्रकारका हुन्छन् भनी अध्ययन गरिएको छ ।

- सङ्कथनका ऊर्ध्व गमन पद्धति, अधो गमन पद्धति र अन्तर्क्रियात्मक पद्धतिको परिचय दिइएको छ ।
- सङ्कथनका तत्त्वहरू प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, कोड र परिवेश आदि तत्त्वहरू रहेका छन् । यी तत्त्वहरूको भाषापरक र अर्थपरक दृष्टिले परिभाषित गरिएको छ ।
- सङ्कथन विश्लेषणका सम्बद्धक र सम्बद्धन गरी दुई युक्तिहरू रहने छन् भनी अध्ययन गरिएको छ ।
- व्याकरणिक सम्बद्धकका दृष्टिले 'पहेंलो गुलाफ' कथाको विश्लेषण गर्दा उक्त कथामा पुरूषवाचक, आत्मवाचक, सम्बन्धवाचक, प्रश्नवाचक, कालिक, संयोजक, प्रतिस्थापन, लोप, निपात सबै सम्बद्धकहरूको प्रयोग भएको पाइएको छ ।
- कोशीय सम्बद्धकका दृष्टिले 'पहेंलो गुलाफ' कथाको विश्लेषण गर्दा उक्त कथामा पनि पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेश्य र समावेशक, सन्निधान र सहप्रयोगको प्रयोग भएको भेटिन्छ ।
- कोशीय अर्थ सम्बन्धअन्तर्गत पुनरावृत्ति पर्यायवाची, विपरीतार्थी र सन्निधान वा सहप्रयोगको प्रयोग धेरै पटक भएको छ तर समावेशक समावेश्य भने एकटपक मात्र प्रयोग भएको भेटिएको छ ।
- 'पहेंलो गुलाफ' कथामा जम्मा १९ अनुच्छेद रहेका छन् । ती अनुच्छेदहरूलाई सम्बद्धनका दृष्टिले एक-एक केलाएर अनुच्छेद सङ्ख्यासमेत बताइएको छ ।
- सम्बद्धनअन्तर्गत सामान्य विशिष्ट, विशिष्ट सामान्य, कार्यकारण, कारण कार्य, प्रभाव परिणाम, परिणाम प्रभाव, परिवेश घटना, घटना परिवेश, आर्थी पर्याय, आर्थी विपर्याय, तुलनात्मक, प्रयोजन, स्पष्टोक्ति, अप्रत्यक्ष अनुमानित, परिचयात्मक, इन्द्रिय मस्तिष्क अनुक्रमबोधक, समुच्चय बोधक, रीति बोधक, निहितार्थ, शीघ्रताबोधक, आज्ञार्थ स्मरणको सम्बन्ध, प्रश्नार्थक र प्रश्नोत्तर सम्बन्धसमेतको सङ्कथन विश्लेषण सम्बद्धनका आधारमा पाठको विश्लेषण गरिएको छ ।

## ६.३ उपयोगिता

प्रायोगिक भाषा विज्ञानको एउटा नवीनतम् शाखाका रूपमा स्थापित सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धान कर्ताका लागि यो शोध सामग्री उपयोगी रहने छ । यस शोधकार्यका शैक्षणिक उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- यस शोधले सङ्कथन विश्लेषणको क्षेत्रमा अनुसन्धान गर्न चाहने अनुसन्धाताका लागि आधार प्रदान गर्नेछ ।
- भाषा शिक्षण भनेकै सङ्कथनको शिक्षण हो । त्यसैले यस शोधले भाषा शिक्षणका क्षेत्रमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ ।
- सङ्कथन, अर्थपूर्ण, एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याउन यसले सहयोग गर्नेछ ।
- सङ्कथनमा के कस्ता आन्तरिक र बाह्य जोर्नीहरूको प्रयोग भएको छ भन्ने कुराको जानकारी प्राप्त गर्न ।
- कुन अनुच्छेदको कुन वाक्यमा कुन प्रकारको सम्बद्धक र सम्बद्धनको प्रयोग भएको छ भनी अध्ययन गर्न ।
- पछिल्ला अनुसन्धानकर्ताहरूलाई यस अध्ययनले थप सहयोग पुऱ्याउन ।
- पाठ्यक्रम निर्माण पाठ्यपुस्तक निर्माण गर्न तथा शैक्षिक सामग्रीको निर्माण गर्न यो शोधले सम्बन्धित पक्षलाई आधार प्रदान गर्नेछ ।

### ६.३.१ नीतिगत उपयोगिता

प्रस्तुत अध्ययनबाट प्राप्त नीतिगत उपयोगिताहरूलाई निम्नानुसार बुँदामा प्रस्तुत गरिएको छ :

- वर्तमान परिस्थितिमा भाषा शिक्षणमा महत्त्वपूर्ण मानिएका प्रकार्यात्मक सम्प्रेषणात्मक तथा चक्रिय पाठ्यक्रम निर्माण र प्रयोगमा प्रस्तुत शोध उपयोगी बन्न सक्छ ।

- लेखक, शिक्षक, विद्यार्थी शोधकर्ता, आलोचक, समालोचक, विश्लेषक सबैलाई सङ्कथन विश्लेषणका क्षेत्रमा सैद्धान्तिक धारणा हासिल गर्न यो शोध उपयोगी बन्न सक्छ ।
- साहित्यिक र साहित्येत्तर तथा लिखित र अलिखित दुवै किसिमका पाठ्यसामग्री निर्माण र विकासमा यो अध्ययन उपयोगी र प्रभावकारी बन्न सक्छ ।

**६.३.२ प्रयोगगत उपयोगिता**

- सङ्कथन विश्लेषणले वक्ता, श्रोता र विषयका वैयक्तिक र वैचारिक मिश्रणलाई नियाल्ने आधार प्रदान गर्ने हुँदा प्रस्तुत शोध महत्त्वपूर्ण छ ।
- सङ्कथन विश्लेषणले विषयवस्तुको बोध र अभिव्यक्ति क्षमतालाई उजागर गराउन ध्यान राख्ने भएकाले यो महत्त्वपूर्ण छ ।
- सङ्कथन अर्थपूर्ण एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याउन यसले सहयोग गर्नेछ ।
- सङ्कथन विश्लेषणका बारेमा अध्ययन गर्ने अनुसन्धान कर्तालाई यसले थप सहयोग पुऱ्याउने छ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

आचार्य, तारादेवी (२०६५), 'कक्षा १० को नेपाली किताबमा रहेका कथाको सङ्कथन विश्लेषण', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

गौतम, देवीप्रसाद (२०६८), *सामान्य भाषाविज्ञान,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

गौतम, रामचन्द्र (२०६४), 'चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथन विश्लेषण', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ढकाल, उर्मिला (२०६७), 'मधेशतिर कथाको सङ्कथन विश्लेषण', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ढकाल, शान्तिप्रसाद (२०६७/०६८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : शुभकामना प्रकाशन ।

पौडेल, दीपेन्द्र (२०७०), 'एकरात कथाको सङ्कथन विश्लेषण', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, माधवप्रसाद (२०६९/०७०), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

पौडेल, माधवप्रसाद र पोखरेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बस्नेत, सुरेशकुमार (२०६७), 'कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको सङ्कथन विश्लेषण', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, कृष्णप्रसाद (२०६८), 'परालको आगो कथाको सङ्कथन विश्लेषण', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, गोविन्दराज (२०६२), 'सङ्कथन विश्लेषण : एक प्रारम्भिक परिचय', *सम्प्रेषण,* अङ्क–२, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.,कीर्तिपुर ।

भण्डारी, पदम (२०६८), 'केही राष्ट्रिय रोग एक अनुसन्धान निबन्धको सङ्कथन विश्लेषण', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

रिचार्डस, जे.सी. र अन्य (सन् १९९९), *लङम्यान डिक्सनरी अफ ल्याङ्ग्वेज टिचिङ एण्ड एप्लाइड लिङ्ग्विस्टिक्स,* लन्डन, लङ्म्यान ।

शर्मा, ढाकादेवी (२०७०), 'मधुमालतीको कथा कथाको सङ्कथन विश्लेषण', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ह्यारिस, जेलिङ (१९५२), *विस्तारित पाठहरूको विश्लेषणमा भाषातत्त्वहरूको वितरणबारे चर्चा, प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| **नाम** | : | देउती खनाल |
| **जन्म मिति** | : | २०४६/१०/२६ |
| **पिताको नाम** | : | एकनाथ खनाल |
| **आमाको नाम** | : | दुर्गा खनाल |
| **जन्मस्थान** | : | पञ्चकन्या-६, नुवाकोट |
| **हालको ठेगाना** | : | बालाजु नेपालटार, काठमाडौं |
| **स्थायी ठेगाना** | : | पञ्चकन्या-६, नुवाकोट |
| **लिङ्ग** | : | महिला |
| **नागरिकता** | : | नेपाली |
| **पेसा** | : | शिक्षण, अध्ययन |
| **राष्ट्रियता** | : | नेपाली |
| **धर्म** | : | हिन्दू |
| **सम्पर्क नं.** | : | ९८४९३१००३७ |

**शिक्षा :**

| **तह** | **शिक्षण संस्था** | **उत्तीर्ण वर्ष** |
|---|---|---|
| एस.एल.सी. | राष्ट्रिय मा.वि., ठाटिभञ्ज्याङ, नुवाकोट | २०६२ |
| प्रमाणपत्र तह | ग्रामीण आदर्श बहुमुखी क्याम्पस, नेपालटार, काठमाडौं | २०६४ |
| स्नातक तह | ग्रामीण आदर्श बहुमुखी क्याम्पस , नेपालटार, काठमाडौं | २०६७ |
| स्नातकोत्तर तह | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं | २०... |